# ताप्लेजुङ जिल्लामा प्रचलित नेपाली लोककथाको अध्ययन

त्रिभुवन विश्वविद्यालय, मानविकी तथा सामाजिकशास्त्र
सङ्कायअन्तर्गत नेपाली केन्द्रीय विभागको
स्नातकोत्तरतह द्वितीय वर्षको दसौं पत्रको
प्रयोजनको लागि
प्रस्तुत

**शोधपत्र**

**शोधार्थी**
**बुद्धिविक्रम थलङ**
नेपाली केन्द्रीय विभाग
त्रिभुवन विश्वविद्यालय
कीर्तिपुर काठमाडौं
२०६९

# शोधनिर्देशकको मन्तव्य

त्रिभुवन विश्वविद्यालय मानविकी तथा सामाजिकशास्त्र सङ्कायअन्तर्गत नेपाली कन्द्रीय विभागको एम. ए. दोस्रो वर्षका विद्यार्थी श्री **बुद्धिविक्रम थलङले** **ताप्लेजुङ जिल्लामा प्रचलित नेपाली लोककथा** शीर्षकको शोधपत्र मेरो निर्देशनमा तयार पार्नु भएको हो । यसको आवश्यक मूल्याङ्कनका लागि सिफारिस गर्दछु ।

मिति : २०६९।४।२०

....................................

**(प्रा. डा. मोतीलाल पराजुली)**

त्रिभुवन विश्वविद्यालय

नेपाली केन्द्रीय विभाग

कीर्तिपुर काठमाडौँ

# स्वीकृतिपत्र

१. प्रा. डा. देवीप्रसाद गौतम ............................

(विभागीय प्रमुख)

२. प्रा. डा. मोतीलाल पराजुली ............................

(शोधनिर्देशक)

३. यामलाल अधिकारी

बाह्य निरीक्षक)

२०६९/०४/२४

शोधपत्र मूल्याङ्कन समिति

# कृतज्ञताज्ञापन

**ताप्लेजुङ जिल्लामा प्रचलित नेपाली लोककथा** शीर्षकको प्रस्तुत शोधपत्र मैले त्रिभुवन विश्वविद्यालय, मानविकी तथा सामाजिकशास्त्र सङ्कायअन्तर्गत स्नातकोत्तर तह दोस्रो वर्ष दसौँ पत्रको प्रयोजनका लागि आदरणीय गुरु प्रा. डा. मोतीलाल पराजुलीको प्राज्ञिक निर्देशनमा तयार गरेको हुँ । शोधशीर्षकको चयनदेखि शोधपत्रको अन्तिम स्वरुप तयार पार्दासम्म आइपरेका विभिन्न समस्याहरूको हल गर्न र विभिन्न चुनौतिहरूसँग जुध्ने प्रेरणा दिनु भएको छ । मलाई सही मार्ग निर्देशन गराएर अघि बढ्न प्रेरित गरी आफ्ना व्यवहारिक कार्यव्यस्ततामा पनि यो शोधपत्र तयारी गर्न आवश्यक सामग्री तथा सल्लाह र निर्देशन दिनु हुने श्रद्धेय गुरुप्रति म सदा ऋणी हुनेछु ।

प्रस्तुत शोधपत्रको तयारीका लागि आवश्यक पर्ने सामाग्रीका साथै महत्त्वपूर्ण जानकारी जुटाइ दिनु हुने केन्द्र विक्रम थलङ, तेजप्रताप पतङ्वा, रोहीत थलङ, भीमकला थलङ, लक्ष्मी निरौला, उदय भट्टराई, रमेश निरौला, नवीन राई, जस्मीन राई,  लगायतका मेरा साथीभाइहरू प्रति म सदा कृतज्ञ रहने छु ।

आर्थिक तथा व्यवहारिक समस्याहरूसँग सङ्घर्ष गरी आफ्नो पूरा जीवन नै मेरो अध्ययन कार्यको सहयोगमा बिताई मलाई यो ठाउँसम्म ल्याउने मेरा पूजनीय पिता वीदुरविक्रम थलङ तथा माता भीमकला थलङ प्रति म आजीवन ऋणी रहने छु । त्यसैगरी मलाई हरपल सल्लाह र सुझाव दिनुहुने मेरा दाजुहरू सूयविक्रम थलङ, पूण्यविक्रम थलङ र बहिनी कान्ति लक्ष्मी थलङका साथै पूजनीय काका सुमन थलङ  प्रति पनि म कृतज्ञ छु ।

प्रस्तुत शोधपत्रको तयारीका क्रममा मलाई विभिन्न क्षेत्रबाट सहयोग गर्नुहुने मेरा सहयोगी मित्रहरू सोमनाथ पौडेल, उदयप्रकाश फुरुम्बु, नविन घले, भिष्मराज बराल, उदय भट्टराई, विश्वमित्र राई, इन्द्रप्रसाद पौडेल, सुरेश आले, सन्दिप पालुङवा अनि प्रत्यक्ष तथा परोक्ष रुपमा सहयोग गर्नुहुने सम्पूर्ण शुभचिन्तकहरूप्रति धन्यवाद टक्र्याउन चाहन्छु ।

यो शोधपत्रको आवश्यक मूल्याङ्कनका लागि त्रि. वि. नेपाली केन्द्रीय विभागसमक्ष प्रस्तुत गर्दछु ।

शैक्षिक सत्र : २०६६/०६७

मिति : २०६९/०४/१८

शोधार्थी

......................

**बुद्धिविक्रम थलङ**

# विषयसूची

पहिलो परिच्छेद


| | | |
|---|---|---|
| १. | विषय परिचय | १ |
| २. | समस्याकथन | २ |
| ३. | शोधकार्यको उद्देश्य | २ |
| ४. | पूर्वकार्यको समीक्षा | २ |
| ५. | शोधकार्यको औचित्य, महत्त्व तथा उपयोगिता | ३ |
| ६. | शोधकार्यको सीमाङ्कन | ३ |
| ७. | सामग्री सङ्कलन तथा शोधविधि | ४ |
| ८. | शोधपत्रको रूपरेखा | ४ |


दोस्रो परिच्छेद


२.१ परिचय ५
२.२ ऐतिहासिक पृष्ठभूमि ५
२.३ नामकरण ५
२.४ भौगोलिक परिचय ६
  २.४.१ क्षेत्रफल र सीमाना ६
  २.४.२ वनजङल तथा जडीबुटी ६
  २.४.३ नदी र ताल ६
  २.४.४ तापक्रम र वर्षा ७
२.५ राजनैतिक तथा प्रशासनिक विभाजन ८
२.६ सामाजिक संरचना ८
  २.६.१ जनसङ्ख्या ८
    २.६.२ धर्म - संस्कृति ८
    ३.६.३ भाषा ९
२.७ स्वास्थ्य तथा शिक्षा ९
२.८. सडक र विद्युतीकरण १०
२.९ ताप्लेजुङ जिल्लाका प्रमुख स्थलहरू ११
  २.९.१ ऐतिहासिक धार्मिक स्थलहरू ११
  २.९.२ थप अन्य केही महत्वपूर्ण स्थलहरू १२
२.१० निष्कर्ष १३


तेस्रो परिच्छेद


३.१ परिचय १४
३.२ लोककथाको परिभाषा १५
३.३ लोककथाको उत्पति १६

३.३.१ प्रकृतिरूपकवाद १६
३.३.२ प्रसारवादी दृष्टिकोण १७
३.३.३ विकासवाद १७
३.३.४ यर्थाथवाद १७
३.३.५ मनोविश्लेषणवाद १७
३.३.६ समन्वयवादी दृष्टिकोण १८
३.४ लोककथाको वर्गीकरण १८
३.५ लोककथाका विशेषताहरू २१
३.५.१ श्रुतिस्मृति परम्परा २१
३.५.२ मङ्गल कामनाको भावना २१
३.५.३ मनोरञ्जनात्मकता २१
३.५.४ सरल, सहज र स्वतः स्फूर्त भाषाको प्रयोग २२
३.५.५ गद्यको प्रधानता २२
३.५.६ आख्यानको प्रधानता २२
३.५.७. वर्णनात्मक शैली २२
३.५.८ कल्पनाको प्रबलता २२
३.५.९ सुखद समापन २३
३.६ लोककथाको संरचक तत्त्वहरू २३
३.६.१ कथानक २३
३.६.२ अभिप्राय २३
३.६.३ पात्र (चरित्र) २४
३.६.४ कथोपकथन २४
३.६.५ परिवेश २५
३.६.६ उद्देश्य २५
३.६.७ शैली २५
३.६.८ भाषा २६
३.७ लोककथासँग नजिकको सम्बन्ध राख्ने अन्य विधाहरू २६
३.७.१ लोककथा र लोकगाथाको सम्बन्ध २६
३.७.२ लोककथा र आधुनिक कथाको सम्बन्ध २७
३.८ नेपाली लोककथाको सङ्कलन र अध्ययनपरम्परा २७
३.८.१. पृष्ठभूमि काल (आरम्भदेखि वि.स. १८३२सम्म) २८
३.८.२. अनुवाद रूपान्तरण परम्परा (वि.स. १८३३-१९९६ सम्म ) २९
क. संस्कृत स्रोतबाट अनुवाद गरिएका लोककथाहरू २९
ख. हिन्दी, उर्दू, फारसी, बङ्गाली आदि भाषाबाट
अनुवाद गरिएका लोककथात्मक कृतिहरू ३०
ग. नेपाली लोककथाको विशुद्ध सङ्कलन तथा प्रकाशन परम्परा ३०

घ. नेपाली लोककथाको अध्यय-अनुसन्धान र विश्लेषण परम्परा ३०
३.९ निष्कर्ष ३२

## चौथो परिच्छेद

४. पौराणिक, साँस्कृतिक एवम् ऐतिहासिक लोककथाको विश्लेषण ३४
४.१ परिचय ३४
४.२ लोककथाको वर्गीकरण ३४
(क) सामाजिक-लोककथाहरू ३५
(ख) पौराणिक-सांस्कृतिक लोककथाहरू ३५
(ग) ऐतिहासक लोककथाहरू ३६
(घ) अलौकिक काल्पनिक लोककथाहरू ३६
४.३ आख्यानतत्त्वका आधारमा ताप्लेजुङ जिल्लामा प्रचलित पौराणिक सांस्कृतिक लोककथा र ऐतिहासिक लोककथाको विश्लेषण ३७
४.३.१ पाथिभराको कथा ३७
४.३.१.१ 'पाथिभराको कथा' को विश्लेषण ३८
४.३.२ लिम्बूनी माछाको कथा ३९
४.३.२.१ 'लिम्बूनी माछा' कथाको विश्लेषण ४०
४.३.३ यलम्बर हाङ्को कथा ४२
४.३.३.१ 'यलम्बर हाङको कथा' को विश्लेषण ४३
४.३.४ सिलीनाचको कथा ४५
४.३.४.१ 'सिलीनाचाको कथा' को विश्लेषण ४६
४.३. ५ चाम्लिङको जोखाना ४८
४.३.५.१ 'चाम्लिङको जोखाना' कथाको विश्लेषण ५०
४.३.६ सोक्पाको कथा ५१
४.३.६.१ 'सोक्पाको कथा' को विश्लेषण' ५२

## पाँचौं परिच्छेद

५. आख्यानतत्त्वका आधारमा ताप्लेजुङ जिल्लामा प्रचलित सामाजिक लोककथा र अलौकिक काल्पनिक लोककथाको विश्लेषण ५४
५.१ कुर्ले ढुकुरको कथा ५४
५.१.१ 'कुर्ले ढुकुरको कथा' कथाको विष्लेषण ५५
५.२ सबभन्दा ठूलो शत्रु ५६
५.२.१ 'सबैभन्दा ठूलो शत्रु कथा' को विश्लेषण ५९
५.३ नौसिङगे राँगाको कथा ६१

५.३.१ ‘नौसिङगे रागाको कथा’ को विश्लेषण ६२
५.४ राक्षसनी बुढीको कथा ६४
५.४.१ ‘राक्षेसनी वुढीको कथा’ को विश्लेषण ६५
५.५ कोइली चरीको कथा ६७
५.५. १ ‘कोइली चरीको कथा’ को विश्लेषण ६८
५.६ उत्तिस र बाँसको कथा ७०
५.६.१ ‘उत्तिस र बाँसको कथा’ को विश्लेषण ७१
५.७ बाँदर बाघको कथा ७२
५.७.१ ‘बाँदर र बाघको कथा’ को विश्लेषण ७५
५.८ चिन्द्रुक्पा चराको कथा ७७
५.८.१ ‘चिन्द्रुक्पा चराको कथा’ को विश्लेषण ८०

छैटौं परिच्छेद

उपसंहार ८३
६.१ साराशं ८३
६.२ निष्कर्ष ८४
सन्दर्भ सामग्री सूची ८६

## तालिका सूची

तालिका नं. - १ वार्षिक तापक्रम

तालिका नं. - २ भाषिक तथ्याङ्क

तालिका नं. - ३ विद्यार्थी सङ्ख्या

तालिका नं. - ४ सडक

# पहिलो परिच्छेद

## शोधपरिचय

### १. विषय परिचय

लोककथा लोक साहित्यको आख्यानयुक्त गद्य विद्या हो । प्राचीन कालदेखि नै लोकमानस वा लोक समुदायको अनुभव तथा ज्ञानका माध्यमबाट रचना गरिएको अद्‌भुत रोमाञ्चक एवंम् व्यावहारिक घटनाहरूका तारतम्यपूर्ण घटनाहरूको प्रस्तुतिलाई नै लोककथा मानिन्छ । लोककथामा लोक समाजका आस्था, विश्वास र प्रतिभाहरू प्रतिविम्वित भएर आएका हुन्छन् । लोककथाका माध्यमबाट लोक जीवनमा रहेको सुःख, दुःख, ज्ञान, सीप र अनुभवहरू मौखिक रूपमा एक पुस्ताबाट अर्को पुस्तामा हस्तान्तरण हुँदै आएको हुन्छ । त्यसैले लोककथा पुस्तौ पुस्तासम्म पनि जीवित रहन्छ । लोककथा लोकजीवन र लोकसमाजको अभिन्न अङ हो । राष्ट्र र राष्ट्रियताको गौरव र पहिचान हुन् । लोककथामा लोकजीवनका कला, सस्कृति, साहित्य र परम्परा विद्यमान रहेका हुन्छन् । संसारका हरेक प्राणीमा आत्मातत्त्व प्रबल रहन्छ भन्ने भावना लोककथामा पाइन्छ । कुनै पनि लौकिक वा अलौकिक परिवेशमा मानवीय वा मानवेतर पात्रको निर्माण गरी आख्यानात्मक घटनाहरूलाई अत्यन्तै रोचक मनोरञ्जक, कौतूहल र आकर्षक रूपमा लोककथामा प्रस्तुत गरिन्छ । लोककथामा लोक जीवनका लोक भावनामा लोकविश्वास, लोकसंस्कृति, परम्परा र सामाजिक रीतिरिवाजहरू प्रतिविम्वित भएका हुन्छन् । आधुनिक सभ्यताको प्रभावबाट टाढा आफ्नो असहजावस्थामा रहेका लोकजीवनका आशा- निराशा, हर्ष-बिस्मात, जीवन-मरण, सुःख दुस्खका अनुभूतिहरू पनि लोककथामा उद्‌घाटन गरिएका हेन्छ । जादु टुनामुना र धार्मिक दृष्टिबाट संसार निर्देशित छ भन्ने आनुष्ठानिक धारण बोकेको सामूहिक अवचेतनाकोशव्दरूप लोककथा हो । लोककथामा मानिसको विश्वास रीतिरिवाज र सस्कृतिको प्रत्यक्ष प्रभाव रहेको हुन्छ । लोककथामा अतिरञ्जनात्मक रोमाञ्चक तत्वहरू विद्यमान रहने हुँदा यस्ता तत्त्वहरूले लोककथालाई आकर्षक बनाई सामूहिक मनोरञ्जन दिनाका अतिरिक्त प्रत्यक्ष वा अप्रत्यक्ष रूपमा शिक्षा प्रदान गरेका हुन्छन् । त्यसैले लोक मानसको मनोरञ्जन र शिक्षाको मुल माध्यम लोककथा हो ।

लोककथा लोक मानसको ज्ञान अनुभव र संस्कृति प्रभावकारी रूपमा अभिव्यक्त गर्ने एउटा सशक्त लोक साहित्यिक विधा हो । लोककथामा यथार्थिक विषयवस्तुदेखि अतिरञ्जनात्मक काल्पनिक धरातलतर्फ उन्मुख रहने हुँदा यसले मानव जातिलाई मनोरञ्जनका साथै कौतुहलता पैदा गराइ दिन्छ । लोककथामा विभिन्न धार्मिक आर्थिक राजनीतिक, सामाजिक, सांस्कृतिक र ऐतिहासिक मध्ये कुनै पनि किसिमको पहिचान वा छाप रहेको हुन्छ । लोककथाले हाम्रो सामूहिकता र परम्परालाई कायम राख्ने कार्य गर्दछ । दिउँसो भरिको कामको थकान पछि बेलुका अँघेनाको डिलमा बसेर कथा भन्ने र सुन्ने प्रचलनले एकातर्फ थकान मेट्छ भने अर्कोतर्फ एक अर्कामा रहेका रिसराग सबै समाप्त हुन्छन् । मानिसहरू यसबाट भरपुर मनोरञ्जन प्राप्त गर्दछन् । लोककथामा विषयवस्तु इतिहास, पुराण, धर्म, संस्कृति, समाज, साहसिकता, प्रेमका साथै अलौकिक विविध विषयहरूले स्थान पाएको हुन्छ । लोकजीवनका आस्था, विश्वास, अनुभवका संवाहक मानिने लोककथाहरूले तत्कालीन लोक समाजको जीवन्त चित्रण गरेका हुन्छन् । त्यसैले लोककथाको संरक्षण र खोजको आवश्यकता रहेका देखिन्छ । विभिन्न क्षेत्र जिल्ला आदिबाट लोककथाको अध्ययन विश्लेषण भइरहेको यस स्थितिमा प्रस्तुत शीर्षक नेपाली लोककथाको सैद्वान्तिक अध्ययन विश्लेषण नभएकोले ताप्लेजुङ जिल्लामा प्रचलित नेपाली लोककथा अध्ययन नामक शीर्षक चयन गरेको हो ।

### २. समस्याकथन

नेपाल अधिराज्यका विभिन्न जिल्ला तथा क्षेत्रबाट लोककथाको सङ्कलन, वर्गीकरण र विश्लेषण हुँदा पनि पूर्वी नेपालको मेची अञ्चल अन्तर्गत ताप्लेजुङ जिल्लामा प्रचलित लोककथाको सङ्कलन अध्ययन र विश्लेषण नभएको, ताप्लेजुङ जिल्लामा प्रचलित लोककथाको सङ्कलन अध्ययन र विश्लेषण गर्नु यस शोधपत्रको मुख्य समस्या रहेको छ । यसका साथै यस शोधपत्रको निम्न लिखित समस्या रहेका छन् ।

क. ताप्लेजुङ जिल्लामा के कस्ता लोककथा प्रचलनमा छन् ?

ख. ताप्लेजुङ जिल्लामा प्रचलित लोककथालाई के कति वर्गमा वर्गीकरण गर्न सकिन्छ ?

ग. के त्यहाँका लोककथालाई आख्यान तत्त्वको आधारमा विश्लेषण गर्न सकिन्छ ?

प्रस्तुत शोधपत्रबाट यी समस्याहरू समाधान भएका छन् ।

## ३. शोधकार्यको उद्देश्य

प्रस्तुत शोधकार्यका उद्देश्य ताप्लेजुङ जिल्लामा प्रचलित नेपाली लोककथाको सङकलन, वर्गीकरण र विश्लेषण गर्नु रहेको छ । यस क्रममा ती सङ्कलित लोककथालाई वर्गीकरण गरी लोककथाका आधुनिक सिद्धान्तका आधारमा विश्लेषण गरिएको छ ।

क. ताप्लेजुङ जिल्लामा प्रचलित  लोककथाको सङ्कलन गर्ने ।

ख. सङकलित लोकथाको वर्गीकरण गर्ने ।

ग. ताप्लेजुङ जिल्लामा प्रचलित नेपाली लोककथाकोआख्यान तत्त्वका आधारमा विश्लेषण गर्ने ।

यी उद्देश्यहरू यस शोधकार्यद्वारा पूरा गरिएको छ ।

## ४. पूर्वकार्यको समीक्षा

लोककथा लोक साहित्यको रोमाञ्चक एवम् मनोरञ्जनात्मक आख्यानयुक्त गद्य विधा हो । लोककथाका बारेमा जनमानसमा मतैक्यता पाइँदैन । यही समय विन्दुबाट लोककथाको प्रारम्भ भयो भनेर समयको किटान गर्न सकिँदैन । तर लोककथा मानव सृष्टिको विकाससँग लोककथाको सम्बन्ध जोडिएको छ । जनसमाजमा लोककथाको वेग्लै पहिचान र महत्त्व रहेका छन् । लोककथाका बारेमा खोजी र विश्लेषण गर्ने परम्परा धेरै पुरानो भएको छैन । लोककथालाई सिद्धान्तको साँचोमा ढालेर अध्ययन विश्लेषण गर्ने परिपाटी भर्खरै मात्र प्रारम्भ भएको छ । नेपालमा विभिन्न जाति, सम्प्रादाय क्षेत्रका कारण लोककथा प्रशस्त मात्रामा रहेको छ । लोककथाको अध्ययन र विश्लेषण सवै क्षेत्र स्थानबाट हुन जरूरी रहेको छ । तर अझै पनि यसको विभिन्न स्थान र क्षेत्रबाट अध्ययन र विश्लेषण हुन बाँकी छ ।

हाल सम्म ताप्लेजुङ जिल्लामा प्रचलित नेपाली लोककथाको अध्ययन अनुसन्धान तथा सङ्कलन गरेर लोककथाको सैद्धान्तिक आधारमा वर्गीकरण तथा विश्लेषण गर्ने कार्य भएको छैन । तापनि छिटपुट रूपमा गरिएको अध्ययनका प्रयासहरू यस प्रकार छन्:

चन्दकुमार सेर्मा लिम्बूले **किरातका गाथा**( २०६३), कथा र लोककथाहरूमा ताप्लेजुङ जिल्लामा प्रचलित लोककथाहरूको पनि उल्लेख गरेका छन्:

रविमान लम्जेलले **हाम्रो कथाहरू** (२०६८) मा ताप्लेजुङ जिल्लामा प्रचलित रहेका पचास वटा लामा छोटा लोककथाहरू प्रकाशित गरेका छन् ।

जग मोहन शाक्यले ताप्लेजुङ साप्ताहिक बर्ष २ अंक ५ मा **बाह्र मसला** लोककाथा प्रकाशन गरेका छन् ।

मोती पालुङवा र लेख बहादुर पालुङवाले लिम्बू भाषामा प्रचलित रहेको लोककथा लिम्बू भाषामा लिपि वद्ध गरी **तरेवा** (२०५५) प्रकाशन गरेका छन् ।

उपयुक्त पूर्वकार्यको समीक्षा ताप्लेजुङ जिल्लाका लोककथाहरूको अध्ययनमा मात्र आधारित रहेको छ ।

## ५. शोधकार्यको औचित्य, महत्त्व तथा उपयोगिता

लोककथा लोक साहित्यका विभिन्न विधाहरूमध्ये आकर्षक तथा मनोरञ्जनात्मक आख्यानयुक्त गद्यविधा हो । लोककथा लोकजीवनको दर्पण हो ।  यसमा लोकसमाजको भाषा, संस्कृति र परम्पराको चित्रण गरिएको हुन्छ । लोककथाको सङ्कलन तथा अध्ययनबाट तत्कालीन लोकसमाजका प्रतिमानहरूको पहिचान हुन्छ । लोककथाको सङक्लन तथा अध्ययनबाट तत्कालीन सामाजिक सांस्कृतिक मूल्य र मान्यतालाई बुझ्न सजिलो हुन्छ । लोककथाको अध्ययनबाट लोककथाको संरक्षण हुनाका साथै लोककथाका अध्येताहरूलाई पनि केही हदसम्म सहयोग पुग्दछ । तत्कालीन समाजमा प्रचलित कला, भाषा, संस्कृति, साहित्यको पहिचान गर्नु पनि लोककथाको अध्ययनले सहयोग पुऱ्याएको हुन्छ । यसको अध्ययनले त्यहाँका समाजको सामाजिक, धार्मिक, राजनीतिक, परम्परा, रीतिरिवाज तथा लोकविश्वास सम्बन्धी अवधारणाहरू बुझ्न सहज हुन्छ । त्यसैले यस शोधपत्रको औचित्य अर्थपूर्ण रहेको छ । यस शोधपत्रले ताप्लेजुङ जिल्लामा प्रचलित नेपाली लोककथाको संरक्षणमा केही महत्वपूर्ण भूमिका खेलेको छ भने समग्र नेपाली लोककथाका अध्येतालाई पनि आंशिक सहयोग पुऱ्याउँछ । यस शोधकार्यले जिल्लामा तथा यस क्षेत्रको सामाजिक, आर्थिक, धार्मिक, सांस्कृतिक रीतिरिवाज, परम्परा र लोकविश्वास जस्ता कुराहरू थाहा पाउन पनि सहयोग गर्छ । यो शोधपत्र ताप्लेजुङ विभिन्न क्षेत्रका भाषिकाको अध्ययन गर्ने अध्यताका लागि पनि उपयोगी हुन्छ । त्यसैले यो शोधपत्रको औचित्य, महत्त्व र उपयोगिता अर्थपूर्ण रहेको छ ।

## ६. शोधकार्यको सीमाङ्कन

नेपाल अधिराज्यको विकासक्षेत्र अन्तर्गत मेची अञ्चलमा पर्ने ताप्लेजुङ जिल्लाको दक्षिणी भेग यस शोधपत्रको मुख्य क्षेत्र हो । यस शोधकार्यमा ताप्लेजुङ जिल्लाका जम्मा ५० गाउँ विकास समिति मध्ये ६ वटा गाउँ विकास समितिलाई मुख्य अध्ययन क्षेत्रमा सीमाङकित गरिएको छ किनभने जिल्लाका सम्पूर्ण गाउँ विकास समितिलाई समेटेर अध्ययन गर्दा अध्ययन व्यापक भई शोधार्थीको पहुँचभन्दा बाहिर जाने र शोधकार्य फितलो हुन सक्ने भएकाले यसो गरिएको हो । सीमाङ्कित गाउँ विकास समितिहरू दोखू फुङलिङ, हाङदेवा, नाङखोल्याङ, थेचम्बु फूलबारी आदिबाट लोककथाको सङ्कलन गरिएको छ । यसरी सङ्कलित लोककथालाई लोक साहित्यका आधुनिक सिद्धान्त बमोजिम विश्लेषण गरिएको छ । यो नै यस शोधपत्रको सीमाङ्कन हो ।

## ७. सामग्री सङ्कलन तथा शोधविधि

प्रस्तुत शोधपत्र तयार गर्दा मुख्य रूपमा निम्न लिखित विधिहरूको अवलम्वन गरिएको छ ।

क. क्षेत्रीय अध्ययन विधि

ख. प्रश्नोत्तर तथा सङ्कलन विधि

ग. पुस्तकालय अध्ययन विधि

प्रस्तुत विधि मध्ये सर्वप्रथम क्षत्रीय अध्ययन विधिको अवलम्वन गरी ताप्लेजुङ जिल्लाका दोखू, फुङलिङ, हाङदेवा र नाङखोल्याङ गरी ४ वटा गाउँ विकास समितिमा गई त्यहाँका प्रख्यात लोककथाका वाचकसँग भेटघाट गरी कथा सङ्कलन गर्ने काम गरिएको छ । सर्वप्रथम नाङ्खोल्याङ केन्द्रविक्रम थलङको घरमा गएर २०६९ वैशाख ३ गते साँझ ९:३० बजे लोककथाका बारेमा छलफल गर्न थालियो । र त्यसपछि उहाँले लोककथाको वाचन गर्न थाल्नु भयो । मैले कथालाई टेपरेकर्डमा रेकर्ड गर्न थालेँ । उहाँले ताप्लेजुङमा प्रचलित लोककथाहरुमध्ये पाथिभराको कथा, कुर्लेढुकुरको कथा, नौसिङे राँगाको कथा र कोइली चरीको कथाहरु सुनाउनु भयो । त्यस्तै २०६९ वैशाख ११ का दिन हाङदेवा गा.वि.स.मा पर्ने तेजप्रताप पतङवाको घरमा गएर उहाँका छिमेकी नवीन राई, लक्ष्मी निरौला, रमेश निरौला आदिसँग लोककथाको बारेमा छलफल गरी उनीहरुबाट लोककथा वाचन गर्न लगाएर टेपटेकर्डमा रेकर्ड गर्ने काम गरियो । उनीहरुले वाचन गरेका लोककथाहरु क्रमशः यलम्बर हाङको कथा, सोक्पाको कथा, सबैभन्दा ठूलो शत्रु, र बाँदर र बाघको कथा आदि रहेका छन् । त्यस्तै २०६९ वैशाख २० का दिन दोखु गा.वि.स. वाडा नं. ९ मा लोककथाहरुको संकलन गर्ने मनसायले प्रख्यात लोककथाहरु वाचकहरु रोहित थलङ र भीमकला थलङसँग लोककथाका बारेमा छलफल गरियो । अन्त्यमा उहाँहरुले लोककथा भन्न थाल्नु भयो मैले उहाँहरुले भनेका लोककथाहरु रेकर्ड गर्न थालेँ । उहाँहरुले भनेका लोककथाहरु क्रमशः लिम्बुनी माछाको कथा, चाम्लिङको जोखाना, राक्षसनी बूढीको कथा र उत्तिस र बाँसको कथाहरु रहेका छन् । प्रायः सवै कथाहरू कथनकालमा हुबहु टिप्ने काम गरिएको छ । तत्पश्चात प्रश्नोत्तर तथा छलफल विधिको प्रयोग गरिएको र प्राप्त सामग्रीलाई प्रमाणिक तुल्याउन लोककथा वाचकसँग प्रश्नोत्तर तथा छलफल गरिएको छ । कथामा भएका कौतुहल र शङ्काहरूलाई मेटाउन कथा वाचक र लोककथामा भएका  अस्पष्ट र शङ्का मेटिएको छ । त्यसपछि प्राप्त सामग्रीलाई लिपिबद्ध गर्ने कार्य गरिएको छ । लोककथाको उल्लेख गर्दा उच्चारणका आधारमा र लेख्य नेपाली दुवै आधारमा गरिएको छ भने लोककथाको तत्त्वको आधारमा विश्लेषण गरिएको छ ।

## ६. शोधपत्रको रूपरेखा

प्रस्तुत शोधपत्रको संरचनालाई सुगठित तथा सुव्यवस्थित बनाउन निम्नलिखित परिच्छेद तथा शीर्षकमा विभाजन गरिएको छ ।

| | |
|---|---|
| पहिलो परिच्छेद : | शोधपत्रको परिचय |
| दोस्रो परिच्छेद : | ताप्लेजुङ जिल्लाको सङ्क्षिप्त परिचय |
| तेस्रो परिच्छेद : | लोककथाको सैद्धान्तिक परिचय |
| चौथो परिच्छेद : | ताप्लेजुङ जिल्लामा प्रचलित नेपाली लोककथाको वर्गीकरण तथा विश्लेषण |
| पाँचौ परिच्छेद : | उपसंहार तथा निष्कर्ष |

## दोस्रो परिच्छेद

## ताप्लेजुङ जिल्लाको सङ्क्षिप्त परिचय

### २.१ परिचय

नेपालको पूर्वाञ्चल विकास क्षेत्र अर्न्तगत पर्ने मेची अञ्चलका विभिन्न जिल्लाहरू मध्ये ताप्लेजुङ जिल्ला पनि एक हो । अन्य जिल्लाहरू झैं यस जिल्लाको पनि आफ्नै इतिहास छ । प्राकृतिक दृश्यले भरिपूर्ण रहेको यो जिल्ला भौगोलिक विविधता भएको एउटा पहाडी जिल्ला हो । यस जिल्लामा प्राचीन पौराणिक तथा किवदन्तीमूलक विभिन्न धार्मिक तीर्थहरू एवम् पर्यटकीय क्षेत्रहरू अवस्थित छन् । यस जिल्लामा ऐतिहासिक, भौगोलिक, सामाजिक, सांस्कृतिक र प्राकृतिक विभिन्न क्षेत्रका संक्षिप्त परिचय यसरी दिन सकिन्छ ।

### २.२ ऐतिहासिक पृष्ठभूमि

नेपालको इतिहासमा पल्लो किराँत भनेर चिनिने ताप्लेजङ जिल्लामा लिम्बू जातिको बाहुल्यता रहेको पाइन्छ । यस जिल्लामा ताप्ले नाम गरेको भोटे राजाको जाङकिल्ला रहेको पुरानो कथन पाइन्छ, साथै यस जिल्लामा विभिन्न राजाहरूले राज्य गरेको किम्वदन्तीहरू पनि पाइन्छ । वि. स २०१८ सालमा नेपाललाई १४ अञ्चल ७५ जिल्लामा विभाजन गर्नु भन्दा पहिले यो जिल्ला धनकुटा गौंडा अन्तर्गत पर्दथ्यो । यस जिल्लाको इतिहास किराँत प्रदेशको इतिहाससँग जोडिएको छ । राणा शासन कालमा समेत अड्डा अडालत रहेको यस ठाउँलाई वुढापाकाहरू अमिनी नामले समेत चिन्ने गर्दछन् ।[1]

### २.३ नाम करण

नेपाल अधिराज्यलाई चौध अञ्चल पचहत्तर जिल्लामा विभाजन गर्दा त्यहाँका प्रसिद्ध ऐतिहासिक, धार्मिक, पौराणिक मान्यता तथा कुनै निश्चित जातीय विशेषता आदिका आधारमा गरिएको छ । त्यस अनुरूप ताप्लेजुङ जिल्लाका नामकरण पनि ऐतिहासिक विषयसँग जोडिएको छ ।

क. लिम्वू भाषामा ताप् भनेको फैलिएको , ली भनेको गुलेली र चुङ् भनेको टुपो भन्ने अर्थ अनुसार प्रारम्भमा यस जिल्लाको आकार गुलेलीको टुपोतिर फैलिएको जस्तो देखिएकोले ताप्लेचुङ भनियो । त्यही ताप्लेचुङबाट कालन्तरमा ताप्लेजुङ हुन गएको हो ।

ख. ताप्ले नाम गरेको भोटे राजाको जोङ किल्ला भएको पूरानो कथनबाट ताप्लेजुङ नाम रहेको हो ।

माथि उल्लेखित कथनबाट नै ताप्लेजुङ जिल्लाको नाम करण हुन गएको हो ।[2]

[1] ताप्लेजुङ जिल्लाको वस्तुगत विवरण, जिल्ला विकास समिति ताप्लेजुङ पृ.२

[2] ऐजन

## २.४ भौगोलिक परिचय

### २.४.१ क्षेत्रफल र सीमाना

नेपाल अधिराज्यको पूर्वाञ्चल विकासक्षेत्र अन्तर्गत मेची अञ्चलको उत्तरी भागमा पर्ने ताप्लेजुङ जिल्लाको कुलक्षेत्रफल ३,६४६ वर्ग किलामिटर रहेको छ । विश्व मानचित्रमा २७ डिग्री १५ मिनेटदेखि २७ डिग्री ५३ मिनेट उत्तरी अक्षांश र ८७ डिग्री ३२ मिनेटदेखि ८८ डिग्री १५ मिनेट पूर्वी देशान्तरमा पर्ने यो जिल्ला चिनको स्वशासित क्षेत्र तिब्वतका राजधानी ल्हासाबाट सवैभन्दा नजिकमा पर्ने नेपालको भू-भागमा पर्दछ । यो जिल्लाको उत्तरमा चीनको स्वशासित क्षेत्र तिब्वतको सरतिक जोङ प्रान्त पूर्वमा भारतको सिक्किम प्रान्तको गजिङ जिल्लाहरू, दक्षिणमा कोशी अञ्चलको तेह्रथुम जिल्लाको दक्षिण पूर्वी भाग र मेची अञ्चलको पाँचथर जिल्ला तथा पश्चिममा तेह्रथुम जिल्लाकै उत्तर पूर्वी भाग र कोशी अञ्चलको संखुवासभा जिल्ला पर्दछ । नेपालको दोस्रो र विश्वको तेस्रो उच्च हिमाल कञ्चनजंघा (८५८६ मिटर ) यही जिल्लामा पर्दछ । विश्वभरमा सवैभन्दा सुन्दर कहलिएको सिङलिला शृङ्खलाले यस जिल्लाको पूर्वी भागलाई बेरेको छ । समुद्र सतहदेखि ७७७ मिटर सवैभन्दा होचो भाग कावेली तथा अग्लो भाग ८५८६ मिटर कञ्चनजङ्गासम्म रहेको छ । ताप्लेजुङ जिल्लाका तापक्रम अधिकतम ३० डिग्री सेल्सियस र न्यनतम ० भन्दा मुनि हुने गर्दछ । यहाँ औसत वर्स १३७२ मिलिमिटर रहेको छ ।[३]

### २.४.२ वन जङल तथा जडीबुटी

ताप्लेजुङ करिव ४० प्रतिशत भूमि वनजङल तथा बुट्यानले ढाकेको छ । ४० प्रतिशत वनजंङल सरकारी रहेको छ, भने २० प्रतिशत सामुदायिक वन पर्दछ । यहाँ पाइने वनस्पतिहरूमा बाँस, चिलाउने,कटुस, पैयुँ, सल्लो, चिउरी, कुटुमेरो, फलेदो, वरपीपल, वैस, काफल, ज्यामिर, भोगटे, कागती, नासपाती, लिची आदि पर्दछन् ।[४]

ताप्लेजुङ जिल्लामा विभिन्न किसिमका हावापानी र वनजंङलको कारण यस जिल्लामा विविध किसिमका पशुपंक्षीहरू पाइन्छन् । जिल्लाको उत्तरी भेगको वनजङ्गलमा कस्तुरी, मृग, हाब्रे, चितुवा, भालु, स्याल आदि पाइन्छ । पंक्षीहरूमा काग, ढुकुर, कोइली, गिद्ध, जुरेली, फिस्टो, कालिज, चिल, न्याउली आदि पाइन्छन् । त्यस्तै घस्रने जीवहरूमा सर्प, गोहारो, मौसुली, छेपारो, चिप्लेकीरा, जुका, गँडयौला आदि पाइन्छ ।

ताप्लेजुङ जिल्लालाई जडीबुट्टीको खानी पनि भन्ने गरिन्छ । यहाँ विभिन्न औषधी उपचारमा प्रयोग गरिने जडिबुटीहरू प्रशस्त मात्रमा पाइन्छन् । यहाँ पाइने प्रमुख जडिबुट्टीहरूमा टिमुर, सिउटी, हर्रो, बर्रो, खयर, पाँचऔले, धतुरो, असुरो, पुदीना, पाती, टोप्रेझार आदि पाइन्छ ।

### २.४.३ नदी र ताल

ताप्लेजुङ जिल्लामा ठूला साना गरी थुप्रै नदी नाला र ताल रहेका छन् । जिल्लाको सवैभन्दा ठूलो ताल ओलाङचुङ गा.वि.स.का सिंजेमा ताल हो । धार्मिक दृष्टिकोणबाट पनि ज्यादै महत्त्वपूर्ण यस काललाई लिम्बू जातिहरू ' मानस ओरक' पनि भन्दछन् । यस वाहेक ओलाङचुङ गा.वि.स. मा नेप, नुराक र लामपोखरी नाम गरेका पाँच वटा पोखरीहरू रहेका छन् । त्यस्तै नाल्बु गा.वि.स. मा तीनपोखरी र खेवाङ गा.वि.स. मा इवापोखरी र सिवापोखरी रहेका छन् । यस जिल्लामा हिमालबाट उत्पति भएर आएका धेरै

---

३. ऐजन

४. ऐजन ।

हिमनदीहरू छन् । त्यसमध्ये यालुङ, यामातारी, जानु, रामतान, कञ्चनजंघा, नपर्थे आदि हिमनदीहरू प्रख्यात छन् । यस जिल्लाका प्रख्यात नदीहरू मध्ये तमोर नदी सबैभन्दा महत्त्वपूर्ण र ठूलो नदी हो । यस वाहेक यस जिल्लाका अन्य प्रमुख नदीहरूमा मेवा खोला, घुम्साखोला, कावेली खोला, याङमा खोला र मैवा खोला रहेको छन् ।[५]

### २.४.४ तापक्रम र वर्षा

यस जिल्लाको ३२०० मिटर भन्दा उच्च हिमाली भू–भाग वर्षा याममा बादलले ढाकी राख्ने र हिउँ पर्ने हुँदा यस क्षेत्रमा निकै जाडो हुन्छ । तापनि यस जिल्लाको औसत तापक्रम ५.० डिग्रीदेखि लिएर अधिकतम २६.२ डिग्री सेल्सियस सम्म पुग्ने गर्दछ । औसत तापक्रम ११.३० डिग्री सेल्सियस रहने ताप्लेजुङ जिल्लामा सदरमुकाम फुङलिङमा न्यूनतम ० देखि अधिकतम ३० डिग्री सेल्सियस सम्म तापक्रम पुग्दछ । यस्तै जिल्लामा वार्षिक औषत १३७२ मि.लि. वर्षा हुने गरेको छ ।[६]

ताप्लेजुङ जिल्लाको वाह्र महिनामा हुने वर्षा र तापक्रको विवरण निम्न बमोजिम तालिकामा प्रस्तुत गर्न सकिन्छ ।

तालिका नं. १ वार्षिक तापक्रम

| महिना | न्यूनतम तापक्रम(डि.से.) | न्यूनतम तापक्रम (डि.से.) | वर्षा मि.मि |
|---|---|---|---|
| कार्तिक | २५.६° | १८.१° | ३०७.६ |
| मंसिर | २६.३° | १८.३° | ३३३.६ |
| पुष | २६.२° | १७.३° | २०६.८ |
| माघ | २२.९° | १२.८° | ३७.८ |
| फाल्गुण | १९.९° | ५.१° | ०.४ |
| चैत्र | १६.८° | ५.०° | ०.० |
| बैशाख | १६.७° | ५.०° | ०.० |
| जेष्ठ | १९.५° | ९.६° | ७.५ |
| असाढ | २१.०° | ९.३° | ३५.० |
| श्रावन | २३.३° | १२.०° | ११८.० |
| भदौ | २४.९° | १५.६° | १२३.० |
| असोज | २५.०° | १७.६° | २४०.१ |

### २.५ राजनैतिक तथा प्रशासनिक विभाजन

---

[५] ऐजन ।

[६] जल तथा मौसम विज्ञान विभाग, कोशी वेसीन कार्यालय ताप्लेजुङ पृ. १०

ताप्लेजुङ जिल्ला ३,६४६ वर्ग मिटर क्षेत्रफलमा फैलिएको छ । यो जिल्ला नेपाल अधिराज्यका पूर्वाञ्चल विकास क्षेत्र अन्तर्गत मेची अञ्चलमा पर्दछ । यस जिल्लाका सदरमुकाम फुङलिङ हो । यस जिल्ला ५० गा.वि.स. र ११ इलाकामा विभाजन गरिएको छ । यस जिल्लालाई राजनीतिक आधार २ निर्वाचन क्षेत्रमा विभाजित गरिएको छ । निर्वाचन क्षेत्र नं. १ मा २७ गा.वि.स. र निर्वाचन क्षेत्र नं. २ मा २३ गा.वि.स. रहेको छन् ।[७]

क्षेत्र नं. १ मा पर्ने गा.वि.स. हरूमा सरूमुखिम, खेवाङ, याम्फदिन, मामाङ्खे, आँखोप सादेवा, कालीखोला, साब्लाखु, लिम्बूदिन, सिनामतिरिङे चाक्सीबोटे, डुम्रिसे, थेचुम्बु, नाङ्खोल्याङ, थुम्बेदिन, पेदाङ, मेहेले, आम्वेगुदिन, तेल्लोक, सिकैचा, फावाखोला, लिमखिम, फुरूम्बु, हाङदेवा, फुङलिङ दोखु हुन् । क्षेत्र नं. २ मा पर्ने गा.वि.स. हरू इखावु साँवा, पापुङ, नाल्बु, थुकिम्बा, लिङतेप, खाम्लुङसान्थाका, थिङलाबु, फाकुम्बा, खेजेनिम, लिवाङ सावादिन, खोक्लीङ, ओलाङचुङ्गोला, लेलेप, तोपथोक, दुङेसाँघु, साँघु, फूबारी निघरादिन हाङपाङ चाँगे हुन् ।

## २.६ सामाजिक संरचना

### २.६.१ जनसङ्ख्या

राष्ट्रिय जनगणना २०५८ का अनुसार जिल्लाको कुल जनसङ्ख्या  १३४,६९८ र रहेको छ । ४४,७६४ घरधुरी रहेको यस जिल्लाको जनधनत्व ३७ प्रति वर्ग किलोमिटर रहेको छ । जसमा पुरूष ६६, २०५ (४९.१५ प्रतिशत) र महिला ६८४९३ (५०.८५ प्रतिशत) छन् । नेपालको कुल जनसङ्ख्याको ०.५८ प्रतिशत जनसङ्ख्या रहेको छन् । महिला र पुरूषको जनसङ्ख्याको अनुपातलाई हेर्दा १.०० छ ।[८]

### २.६.२ धर्म - संस्कृति

ताप्लेजुङ जिल्लामा किराँत, हिन्दु, बौद्ध ईस्लाम, इसाई आदि धर्मालम्वीहरू बसोबास गर्दछन् । यस जिल्लामा किराँत ४३.४७, हिन्दु ३६.५२ बौद्ध १८.६८, ईसाई ०.५४, ईस्लाम ०.०२ अन्य ०.७७ प्रतिशत धर्मालम्वीहरू रहेका छन् । यहाँका प्रमुख जातिहरूमा लिम्बू, वाहुन, क्षत्री, गुरुङ, राई, शेर्पा, तामाङ आदि छन् भने अरू जातिहरूमा कामी, दमाई, सार्की, नेवार, मगर आदि पर्दछन् ।[९]

लिम्बूहरूमा वनेम, तुम्वाहाम्फे, पालुङवा थलङ, लिमखिम, सेन्दाङ, लिवाङ, साँवा, सेनेहाङ, मेन्याङवो, खिमदीङ, आङवुहाङ, पोमु आदि प्रमुख छन् । ब्राह्मणहरूमा पौडेल, निरौला, अधिकारी, तिवारी, गौतम, भण्डारी, भट्टराई आदि छन् । त्यसैगरी क्षत्रीहरूमा कार्की, भण्डारी आदि रहेका छन् । मगरहरूमा ओलेपुन, धर्ती आदि छन् भने शूद्रहरूमा कामी दमाई, सार्की आदि छन् ।

यहाँको प्रमुख चाड विजया दशमी हो । दोस्रो प्रमुख चाड दीपावली हो । साथै आफ्नै धर्म संस्कृति अनुसार विभिन्न चाडपर्वहरू मनाइन्छ । लिम्बूहरूले चासोक तङनाम, राईहरूको उँभौली, उँधौली आदि पनि धुमधामसँग मनाइन्छ । यहाका अन्य चाडहरूमा चैते दशै, माघे सङ्क्रान्ति, एकादशी, हरिबोधिनी एकादशी, कोजाग्रत पूर्णिमा, रक्षाबन्धन (ऋषि तर्पणी) फागुपूर्णिमा, नागपञ्चमी, हरितालिका (तीज) कृष्णाष्टमी, शिवरात्रि, साउने सङ्क्रान्ति आदि रहेको छन् ।

---

[७] पूर्ववत् पृ.३ ।

[८] ऐजन पृ.४ ।

[९] केन्द्रीय तथ्याङ्क विभाग २०५८ पृ.१२ ।

यसका अतिरिक्त यस जिल्लामा किरात, हिन्दु, बौद्ध धर्मावलम्वीहरूले आफ्ना संस्कारहरू पनि पालन गर्दछन् । किरातहरू छोरा जन्मदा चार दिनमा र छोरी जन्मिदा तिन दिनमा न्वारन गर्ने गर्दछन् भने मृत्यु हदा छोराको चार दिन नुन बार्ने र छोरीको मृत्यु हुँदा तिन दिन नुन बार्ने प्रचलन रहेको छ । हिन्दुले जन्मदा सूतक वार्ने व्रतबन्ध, विवाहमा भोज भतेर गर्ने, मृत्युमा शोक मनाउने, १३ दिन क्रिया बस्ने र एक वर्ष सम्म दुःख बोक्ने गर्दछन् । यसका अतिरिक्त अन्य जातजातिले आफ्नो परम्परा संस्कृति अनुरूप छुट्टै परम्परा र संस्कृति मनाउने पनि गर्दछन् ।

**३.६.३ भाषा**

ताप्लेजुङ जिल्लाका प्राय : सम्पूर्ण जनताले नेपाली भाषा बोल्न सक्दछन् । यहाँ विभिन्न जातजातिहरूको समिश्रण भएको हुनाले आ-आफ्नो मातृ भाषा पनि बोल्ने गर्दछन् ।

यसरी समग्रमा ताप्लेजुङ जिल्लाको २०५८ सालको जनगणना अनुसार हेर्दा जिल्ला भित्र बोल्ने भाषागत विवरणहरू यस्तो देखिन्छ ।[10]

तालिका नं.-२, भाषिक तथ्याङ्क

| नेपाली | वान्तावा | लिम्बू | तामाङ | नेवार | मगर | गुरुङ |
|---|---|---|---|---|---|---|
| ४९,१३४ | ५,३१२ | ५,३६५७ | ५,४५४ | १,०१७ | ५,१४ | ४,२३२ |

यस जिल्लामा सबैभन्दा ठूलो बसोबास लिम्बूको छ भने त्यसपछि ब्राह्मण र शेर्पा रहेका छन् ।

**२.७ स्वास्थ्य तथा शिक्षा**

ताप्लेजुङ जिल्लामा एउटा जिल्ला अस्पताल छ । यस जिल्लामा प्राथमिक स्वास्थ्य केन्द्र दुई वटा छन् भने उपस्वास्थ्य चौकी ४३ रहेका छन् । आयुर्वेदिक स्वास्थ्य केन्द्र एक र आयुर्वेदिक औषधालय एक रहेका छन् ।[11]

शैक्षिक विकासका दृष्टिले हेर्दा ताप्लेजुङ जिल्लामा एक मात्र पाथिभरा बहुमुखी क्याम्पस रहेका छ । उच्च माध्यमिक विद्यालय १ छ भने माध्यमिक विद्यालय ४१, निम्न माध्यमिक विद्यालय ५१ प्राथमिक विद्यालय २१३ वाल विकास केन्द्र, १५८ रहेका छन् ।[12]

ताप्लेजुङ जिल्लामा अध्ययनरत विभिन्न तहका विद्यार्थीहरू निम्न बमोजिम छन् ।[13]

१०. ऐजन पृ. १७ ।
११. ऐजन पृ.६१ ।
१२. ऐजन पृ. ३१ ।
१३. ऐजन पृ. ३४ ।

तालिका नं.-३, विद्यार्थी सङ्ख्या

| विद्यार्थी | वाल विकास केन्द्र | प्राथमिक तह | निम्न माध्यमिक तह | माध्यमिक तह | उच्च माध्यमिक तह | जम्मा |
|---|---|---|---|---|---|---|
| छात्रा | १,६१९ | २२,०६६ | ५,५२६ | २,१११ | ३७१ | ३१,६९३ |
| छात्र | १,७५६ | २१,७४५ | ५,३६९ | २,०९६ | ४०३ | ३१,३६९ |
| जम्मा | ३,३५७ | ४३,८१ | १०,९८५ | ४,२०७ | ७७४ | ६३,०६२ |

यसरी स्वास्थ्य तथा शैक्षिक दृष्टिले हेर्दा ताप्लेजुङ जिल्लामा समुचित व्यस्था छैन । एउटा मात्र अस्पताल भएकोले टाढा-टाढाबाट उपचार गर्न आउनु पर्छ । जनसङ्ख्याको दृष्टिले क्याम्पस र विद्यालयहरू पनि न्यून रहेका छन् ।

## २.८. सडक र विद्युतीकरण

ताप्लेजुङ जिल्लामा यातायात र बत्तीका समुचित व्यवस्था हुन सकेको छैन । यस जिल्लामा अवस्थित प्रमुख सडकहरू प्रकार छन् ।

तालिका नं.-४, सडक

| क्र.सं | सडकको नाम | किलोमिटर | अवस्था |
|---|---|---|---|
| १. | फिदीम-ताप्लेजुङ | ८६ | कालोपत्रे |
| २. | कावेली-तेल्लोक | २३ | कच्ची |
| ३. | गुफा-साँघु-दोभान | ४२.५ | कच्ची |
| ४. | देउराली-पाथिमरा | ५ | कच्ची |
| ५. | सदरमुकाम-दोभान | ११ | कच्ची |
| ६. | कावेली-पूर्णडाँडा | १ | कच्ची |
| ७. | सदमुकाम-सिकैचा-तेल्लोक | ४० | कच्ची |
| ८. | जरबुटे-तिरिङे | १० | कच्ची |

ताप्लेजुङ जिल्लामा जम्मा ५० गा.वि.स. मध्ये विद्युतीकरण भएका गा.वि.स. २५ रहेका छन् । २५ गा.वि.स. मा अझै पनि विद्युत उपलब्ध हुन सकेको छैन । यस जिल्लामा लघु जल विद्युत आयोजना १५, किलोबाट क्षमता ४७३.५ र लाभान्वित घरधुरी सङ्ख्या ३७१६ रहेका छन् ।[१४]

[१४]. ऐजन पृ १२ ।

## २.९ ताप्लेजुङ जिल्लाका प्रमुख स्थलहरू

ताप्लेजुङ जिल्लामा विभिन्न ऐतिहासिक पौराणिक, सामाजिक तथा प्रसिद्ध धार्मिक एवम् पर्यटकीय स्थलहरू अवस्थित छन् । ती स्थलहरूको सङ्क्षिप्त चिनारी यस प्रकार छ ।

### २.९.१ ऐतिहासिक धार्मिक स्थलहरू

ताप्लेजुङ जिल्लामा विभिन्न ऐतिहासिक र धार्मिक तीर्थ स्थलका रूपमा चर्चित स्थानहरू छन् । तिनीहरू मध्ये पाथिभरा र तिम्बू पोखरी प्रमुख छन् ।

नेपालको पूर्वी भेगमा अवस्थित विभिन्न मठ मन्दिर मध्ये एक चर्चित मठमन्दिर पाथिमरा मन्दिर पनि हो । टाढाबाट हेर्दा अन्न भर्ने पाथी जस्तो चुचुरो देखिने भएकोले पाथिमरा देवी नामकरण भएको भन्ने स्थानीय जनविश्वास रहेको पाइन्छ । ताप्लेजुङ सदरमुकामबाट १० कोस वा १९.४०० मिटर टाढा लिङ्खिम गा.वि.स र फावाखोला गा.वि.स को माथिल्लो भागमा अवस्थिति यो धार्मिक तीर्थ स्थलको उचाइ समुद्र सतहदेखि ३, ७९१४ मिटर रहेको छ । यो सदरमुकामको उत्तर पूर्वमा कञ्चनजङ र कुम्भकर्णको काँखमा रहेको र झण्डै ४ हजार मिटर उचाइ भएकोकारणले मंसिर महिनादेखि चैत्र महिना सम्म यस चुचुरोलाई प्रायः हिउँले ढाकिरहन्छ । फल्गुण महिनादेखि श्रावण महिना सम्म भक्तजनहरूले घुइचो लाग्ने गर्दछ । यस मन्दिर जान बढी उकालो भएकोले बढी कठिन हुन्छ तापनि यहाँको हरियाली वन जङ्गल, पहाडपर्वतको मनोरम दृश्य र स्वच्छ हावापानीको कारण यी अप्ठ्यारा उकाली-ओरालीहरू सहजै हिड्न सकिन्छ । यस मन्दिर जाने क्रममा बाटामा विभिन्न पाटी, पौँवाका साथै अन्य सा-साना मन्दिरहरू पनि प्रशस्त मात्रामा पाइन्छ । पाथिमरा मन्दिरको मूल थाम चाहि अहिलेको मन्दिर भन्दा केही मुनी रहेको छ र त्यहाँ जान एकदमै अप्ठ्यारो भएकोले हालको ठाउँमा सम्पूर्ण पूजा, अर्चना गरिन्छ । यस मन्दिरमा बोका, हाँस, कुखुरो र भेडाको बली दिने चलन रहेको छ । यस मन्दिर गई पूजा आराधना गर्नाले मनले चिताएको इच्छा आकांक्षा पूरा हुने विश्वास गरिन्छ ।[15]

ताप्लेजुङ जिल्लाको अर्को महत्वपूर्ण स्थलका रूपमा तिम्बू पोखरी हो । यो पोखरी पूर्वको गोसाइ कुण्डका नामले परिचित रहेको छ । ताप्लेजुङ जिल्लाको कालिखोला गा.वि.स. को अति नै विकट भौगोलिक स्थानमा रहेको तिम्बू पोखरी समुद्र सतहदेखि ४,२३८ मिटरको उचाइमा रहेको छ । यसको लम्बाई ४ सय मिटर रहेको छ भने चौडाई २ सय मिटर रहेको छ । वर्षभरिमा आठ महिना हिउँले ढाक्ने र जेष्ठदेखि भाद्र महिना सम्म मात्र हिउँ पग्लने गर्छ । यस पोखरीको आसपासमा शिव पोखरी, सूर्य कुण्ड, दुध कुण्ड, हाँस पोखरी, मयुर पोखरी, नीर पोखरी लगायतका आठओटा पोखरी छन् यसै क्षेत्रमा कुम्भकर्ण हिमालको वरिपरि १७८ कुण्डहरू माला जस्तै आकारमा रहेकोले यस थानलाई पूर्वका गोसाई कुण्ड भनिन्छ । यहाँको प्राकृतिक सुन्दरता र दृश्य पशुपक्षी रङगीचङगी फूलहरू अनि अनेकौ जडीबुटी देख्दा यहाँ पुग्ने जो कोहीलाई पनि स्वर्गमा पुगेको आभास हुन्छ ।[16]

तिम्बू पोखरीबाट इवा नदीको उत्पति भएको छ । यहाँको पानी अति नै सफा र पारदर्शी छ । त्यसैले त्यति गहिरो पोखरीमा तीर्थ यात्रीले चढाएको पैसा र अन्य वस्तुहरू पोखरीमा पींधमा विस्कुन सुकाएझैँ स्पष्ट देखिन्छन् । यो पोखरीको पानी विरामीलाई खुवाएमा बिरामी निको हुन्छ भन्ने जन विश्वास रहेकाले र यहाँ

---

१५. ऐजन पृ १२ ।

१६. ऐजन पृ १०० ।

आउने यात्रीहरूले सो पोखरीमा पानी वोत्तलमा लिएर जाने गरेको पाइन्छ । यस पोखरीको वरिपरी विभिन्न प्रजातिको लालीगुराँस, चिमल, क्यान्जो, माइकोपिला, सुनाखरी तथा विभिन्न जडिबुटी रंगी विरंगी फुलहरू फूल्ने गर्दछ । यहाँ भालु, कस्तुरी, वनभेडा, बँदेल, रातोपाण्डा, हिउँ चितुवा जस्ता वन्यजन्तुहरू पाइन्छन् ।

भविष्यमा नेपालको तिब्वतसँगको एक नाकाको रूपमा उदाउने स्थलहरू मध्ये ओलाङचुङगोला पनि एक हो । समुद्र सतहदेखि ३४०० मिटरको उचाइमा रहेको ओलाङचुङगोला तमोर नदीको बाँया पट्टि किनारामा ३ हेक्टर क्षेत्र क्षेत्रफलमा रहेको छ । ६०.६५ घरहरू भएको गोलामा सवै शेर्पा जातिहरू वौद्धधर्मवलम्वी मात्र छन् । यहाँका मानिसहरूको मुख्य आर्थिक क्रियाकलापमा चौरी पाल्नु भेडा पाल्नु, छुर्पी बनाउनु, गलैचा बन्नु आदि रहेको पाइन्छ । ओलाङचुङगोलामा एउटा बौद्ध गुम्बा छ । यस जिल्लको प्रायः बुद्धधर्मालम्वीहरू दर्शन गर्न जाने गर्छन् भने विदेशी पर्यटकलाई यस क्षेत्रमा प्रवेश निषेध गरिएको छ ।

### २.९.२ थप अन्य केही महत्वपूर्ण स्थलहरू

ताप्लेजुङ जिल्लामा रहेका अन्य महत्त्वपूर्ण स्थलहरूमा कञ्चनजङ्घा हिमाल, कुम्भकर्ण हिमाल, मानाभरा, सुकेटार आदि रहेका छन् । कञ्चनङ्घा हिमाल ताप्लेजुङ जिल्लाको पूर्वी उत्तर भेगमा अवस्थित रहेको छ । यो हिमाल तेस्रो अग्लो हिमाल हो । यसको उचाइ ८,५६८ मिटर रहेको छ । यस हिमालको आरोहण गर्न वर्षेनि आन्तरिक र बाह्य पर्यटकहरू सयौको सङ्ख्यामा आउने गर्दछन् ।

ताप्लेजुङ जिल्लामा पर्यटकीय तथा धार्मिक रूपले महत्त्वपूर्ण रूपमा रहेको कुम्भकर्ण हिमाल पनि एक हो । यस हिमालको फेदीमा वर्षेनि किराँतीहरू पूजा गर्न सयौँको सङ्ख्यामा जाने गर्दछ । यस हिमाललाई किराँतीहरू फक्ताङलुङ भन्ने गर्दछन् ।

मानाभरा चुली मानाको जस्तो आकारमा अवस्थित रहेको हुनाले यसको नामकरण मानाभरा रहन गएको हो । यो पाथिभराको ठिक सामुन्ने रहेको छ । यो चुली चढ्नलाई एकदमै कठिन छ ।

ताप्लेजुङ, जिल्लाको सबैभन्दा ठूलो चउरका रूपमा सुकेटार रहेको छ । यस चउरले दोखू, फुङलिङ, हाङदेवा, नाङ्खोल्याङ र तिरिङे गरी पाँचवटा गा.वि.स.लाई छोएको छ । यस चउरमा ताप्लेजुङ जिल्लाको एक मात्र विमानस्थल अवस्थित छ । यस ठाउँमा सितल र स्वच्छ हावा बहनुका साथै कञ्चनजङघा र कुम्भकर्ण हिमालको मनोरम दृश्यहरू देख्न पाइन्छ ।

## २.१० निष्कर्ष

ताप्लेजुङ जिल्लाको ऐतिहासिक पृष्ठभूमि हेर्दा लिम्बू भाषामा 'ताप' भनेको फैलिएको र 'ली' भनेको गुलेली र चुङ भनेको टुप्पो भन्ने अर्थ अनुसार प्रारम्भमा यस जिल्लाको आधार गुलेलीको टुप्पोतिर फैलिएको जस्तो देखिएकाले ताप्लेजुङ भनियो । त्यही ताप्लेचुङ कालान्तरमा ताप्लेजुङ हुन गएको हो । ३६४६ वर्ग किलोमिटर क्षेत्रफलमा फैलिएको यो जिल्ला भौगोलिक दृष्टिले पहाडी, हिमाली र प्राकृतिक सम्पदाले सम्पन्न जिल्ला हो । उत्तरी भागको तुलनामा दक्षिणी भागमा घनावस्ती रहेको यस जिल्लालाई दुई संसदीय क्षेत्र, एघार इलाका र ५० गा.वि.स. मा विभाजन गरिएको छ । लिम्बूहरूको अत्याधिक बसोबास रहेको यस जिल्लामा किराँत धर्मालम्बीहरूको वाहुलता छ । एक क्याम्पस, ११ उच्च माध्यमिक विद्यालय, ४१ माध्यमिक विद्यालय, ५१ निम्न माध्यमिक विद्यालय, २१३ प्राथमिक विद्यालय रहेको छन् । साना कच्ची सडक लगायत झण्डै १० वटा सडकहरू पनि जिल्लामा छन् भन्ने २५ गा.वि.स. मा विद्युतकरण भई सकेको छ । यस जिल्लाको महत्वपूर्ण धार्मिक तथा पर्यटकीय स्थलहरूमा पाथिभरा, मानाभरा कुम्भकर्ण, कञ्चनजङ्घा हिमाल, तिम्बु पोखरी आदि रहेका छन् । यसरी ताप्लेजुङ जिल्ला गरिमामय अस्तित्व बोकेको महत्त्वपूर्ण जिल्ला हो ।

### तेस्रो परिच्छेद

## लोककथाको सैद्धान्तिक परिचय

### ३.१ परिचय

लोककथा लोक साहित्यको आख्यायुक्त गद्य विधा हो । प्राचीन समयदेखि लोकसमुदायको अनुभव तथा ज्ञानका माध्यमबाट रचना गरेको अद्भुत, रोमाञ्चक एवम् व्यावहारिक घटना संयोजन भएको पूराकथाहरू नै लोककथाका रूपमा प्रचलित हुँदै आएका छन् ।[१७] लोक साहित्यको महत्वपूर्ण विधाका रूपमा पनि लोककथालाई लिइन्छ । लोकसमाजको श्रुतिस्मृतिपरम्परामा जीवन्त रहने हुँदा लोककथामा सदा नित्यनवीन पक्ष रहन्छ । कुनै पनि लौकिक वा अलौकिक परिवेशमा मानवीय वा मानवेतर पात्रको निर्माण गरी आख्यानात्मक घटनाहरूलाई अत्यन्त मनोरञ्जक, कौतुहल र आर्कषक रूपमा लोककथामा प्रस्तुत गरिन्छ । लोककथामा लोकजीवनका, लोकभावना, लोकस्मृति, परम्परा र सामाजिक रीतिरिवाजहरू प्रतिविम्बित भएका हुन्छन् । आधुनिक सभ्यताको प्रभावबाट टाढा आफ्ना सहजावस्थामा रहेको लोकजीवनका, लोकभावना, लोकस्मृति, परम्परा र सामाजिक रीतिरिवाजहरू प्रतिविम्वित भएका हुन्छन् । आधुनिक सभ्यताको प्रभावबाट टाढा आफ्ना सहज अवस्थामा रहेको लोकजीवनमा आशा निराशा, हर्ष विस्मात जीवन मरण, सुख दुःखका अनुभूतिहरू पनि लोककथामा उद्घाटन गरिएका हुन्छन् । लोक जीवनमा मौखिक परम्परामा हस्तान्तरित हुँदै आएका कथाहरू नै लोककथा हुन् ।[१८] लोककथामा आदिम मानसका भावना र कल्पनाहरू सङ्गृहीत भएका हुन्छन् ।

लोककथा 'लोक' र 'कथा' दुई शब्दको समासद्वारा निर्माण भएको हो । संस्कृत व्याकरण अनुसार 'लोकृ दर्शने' धातुमा 'घञ्' प्रत्यय लागेर लोक शब्द निर्माण हुन्छ ।[१९] यसको अर्थ देख्नेवाला, जनता संसार, प्राणी लोक आदि हुन्छ । लोक साहित्यमा यसले संसार तथा जनताको अर्थ ग्रहण गर्दछ ।[२०] कथ् धातुमा आङ र टाप प्रत्यय लागेर कथा शब्दको निर्माण हुन्छ । यसको अर्थ हुन्छ कथा, कहानी, कल्पित कथा, आख्यानात्मक गद्य रचना आदि । यसरी निर्माण हुने लोक र कथाको उचित संयोजन गर्दा तत्पुरूष समासद्वारा जोडेपछि 'लोककथा' भन्ने सिङो शब्दको निर्माण हुन्छ । नेपाली लोक साहित्यमा लोककथालाई शब्द दन्त्यकथाको पर्यायवाची शब्दका रूपमा लिने गरिन्छ ।

लोककथा अङ्ग्रेजी फोक्टेल्सको पर्यायवाची शब्द हो । लोककथाले एउटा पुस्ताको अनुभव र कल्पनालाई अर्को पुस्तामा हस्तान्तरण गर्दछ । लोककथा लोकजीवनका समग्र अनुभव र ज्ञानलाई प्रभावकारी रूपमा अभिव्यक्त गर्ने एउटा सशक्त लोक साहित्यिक विधा हो । लोककथाका विषयवस्तुहरू यथार्थको धरातलदेखि अतिरञ्जनका काल्पनिक धरातलतर्फ उन्मुख रहने हुँदा यसले मानव हृदयलाई मनोरञ्जनात्मक साथै कौतूहलता पैदा गराइ दिन्छ । यो लोक साहित्यको आख्यानयुक्त गद्य विधा भएकोले आफ्नै खालको अभिप्राय बोकेको हुन्छ । धार्मिक, आर्थिक, राजनीतिक, सामाजिक, सांस्कृतिक र ऐतिहासिक कुनै पनि

---

[१७] मोतीलाल पराजुली, "नेपाली लोककथाका अभिप्रायहरूको अध्ययन", (अप्रकाशित त्रि.वि. विद्यावरिधि शोधप्रबन्ध, २०५४) पृ.१३ ।

[१८] चूडामणि वन्धु, नेपाली लोकसाहित्य (काठमाडौंः एकता बुक्स डिप्ट्रिव्यूटर्स प्रा.लि. २०५८) पृ २८४ ।

[१९] वामन शिवराम आप्टे संस्कृत हिन्दी शब्दकोश (वाराणासीः मोतीलाल वनारसीदास ई १९८७) पृ. ९९३ ।

[२०] मोतीलाल पराजुली पूर्ववत् पृ.१३ ।

किसिमको अभिप्राय बोकेको हुन सक्दछ । यस किसिमको अभिप्राय बोकेको लोककथामा मानवीय तथा अति मानवीय जड तथा चेतन पात्रहरूले स्रोतालाई विमुग्ध पारी आफूतिर आकर्षण गर्दै काल्पनिक लोकमा पुऱ्याइरहेका हुन्छन् । नेपाली लोककथाहरू उहिल्यै, परापूर्वकालबाट सुरू भई सुन्नेलाई सुनको माला भन्नेलाई फूलको मालामा गएर टुङ्गिन्छन् । दिनभरिको कार्यव्यस्तताले गर्दा थकित भएका जनता साँझ कुनै निश्चित ठाउँ (अँगेना, पिँढी, दलान, आँगन आदि) मा बसी कथा बाचकले हाउभाउको साथ कथा भन्दै जाँदा स्रोता एवम् वातावरणलाई नै मनोरञ्जनात्मक वनाइरहेको हुन्छन् । लोककथाका विषयको सीमा बाँध्न गाह्रो छ । तिनमा इतिहास पुराण, धर्म, संस्कृति, समाज, प्रेम साहसिकता, अलौककता आदि विभिन्न कुराहरूले स्थान पाएका हुन्छन् ।[२१] लोककथा आकारका दृष्टिले कोही ज्यादै लामा र केही ज्यादै छोटा पनि हुन्छन् ।

## ३.२ लोककथाको परिभाषा

जनताद्वारा व्यवहारमा ल्याइएको काल्पनिक गद्याख्यानलाई लोककथा भनिए तापनि यसको वास्तविक परिभाषा गरिएको पाइँदैन । लोक साहित्य विद्हरूले यसको परिभाषा गर्ने प्रयास गरेका पाइन्छन् तर चित्तबुझ्दो ठोस परिभाषा पाउन सकिदैन ।[२२]यसै सन्दर्भमा"स्टान्डर्ड डिक्सनरी अफ फोकलोर, मिथोलोजी एण्ड लिजेन्ट" मा लेखिएको छ "लोककथाको सुनिश्चित परिभाषा दिने कुनै प्रयास भएको पाइँदैन । सामान्यतः यस कथाभित्र परम्परागत आख्यान र यसका भेदहरूलाई लिन सकिन्छ ।"[२३]

यसो भनिए तापनि लोक साहित्यविद्हरूले आंशिक रूपमा भए पनि लोककथालाई परिभाषित गर्ने प्रयासहरू गरेका छन् ।

"उत्पत्ति जहाँ भए पनि समय र स्थान दुवै दृष्टिले सार्वभौम मौखिक आख्यानात्मक कथालाई लोककथा भनिन्छ ।"[२४] -द न्यू इन्साइक्लोपेडिया ब्रिटानिका ।

"लोककथाले लोकमानसको मूल भावनाका रूपलाई स्थूल प्रतीकले अभिव्यक्त गर्दछ ।"[२५]

- सत्येन्द्र ।

"मौखिक रूपमा सम्प्रेषित बेनामे रचनाकारको संक्षिप्त र सारर्गभित कथालाई लोककथा भनिन्छ ।"[२६]

- मार्टिन ग्रे ।

"लोककथामा मानवको अतीत मात्र होइन, वर्तमान पनि प्रतिध्वनित र निहित हुने गर्दछ ।"[२७]

-तुलसी दिवस ।

---

[२१] जीवेन्द्रदेव गिरी, **लोक साहित्यको अवलोकन** (काठमाडौंः एकता प्रकाशन, २०५७ ) पृ.२४ ।

[२२] मोतीलाल पराजुली पूर्ववत् पृ. १४ ।

[२३] मारिया लेच, **स्टान्डर्ड डिक्सनरी अफ मिथोलोजी एण्ड लिजेण्ड** (न्यूयोर्क: फङ्ग एण्ड वगन्लस कम्पनी इ. १९४७) पृ. ४०८ ।

[२४] मोहन शर्मा खगेन्द्र प्रसाद लुइटेल **लोक वार्ताविज्ञान र लोकसाहित्य** (काठमाडौं विद्यार्थी प्रस्तुत भण्डार २०६३)पृ.

[२५] चूडामणि वन्धु पूर्ववत पृ १८३ ।

[२६] मोहन राज शर्मा र खगेन्द्र प्रसाद लुइटेल पूर्ववत् पृ ३७२ ।

[२७] चूडामणि बन्धु, पूर्ववत् पृ. ८४ ।

"लोकजीवनमा मौखिक परम्परामा हस्तान्तरित हुँदै आएका कथाहरू नै लोककथा हुन् ।"[28]

-चूडामणि बन्धु ।

"काल्पनिक कथावस्तु भएको, मनोरञ्जन र शिक्षा प्रदान गर्ने काल्पनिक या साहसिक आख्यानयुक्त गद्यमूलक कलात्मक मौखिक काव्य नै लोककथा हो ।"[29]

-केशरी नारायण शुक्ला ।

"परम्परादेखि लोक समुदायले सामूदायिक सत्यका रूपमा स्वीकार गर्दै आएका काल्पनिक कथावस्तु भएका मनोरञ्जनपूर्ण, शिक्षाप्रद, गद्यमूलक कलात्मक मौखिक लोकाख्यानलाई लोककथा भनिन्छ । यसमा सामूहिक अवचेतनाको प्रभाव रहनुका साथै भाषा, रीतिरिवाज एवम् संस्कृति आदिमा आञ्चलिकताको प्रभाव रहन्छन ।"[30]

-मोतीलाल पराजुली ।

माथि प्रस्तुत गरिएका लोककथा सम्बन्धी विभिन्न परिभाषाको अध्ययन विश्लेषण गर्दा लोककथाको सङ्क्षिप्त परिभाषा यसरी गर्न सकिन्छ ।"लोककथाले लोकजीवनका मापन, कला संस्कृति, भाषा र परम्परालाई कलात्मक तवरले गद्याख्यानमा समेटी मनोरञ्जनात्मक तथा उपदेशात्मक ढङले प्रस्तुत गर्दछ ।" सम्पूर्ण मानवजातिका प्रायः समान किसिमका भावनाहरू लोककथामा प्रतिध्वनित भएका हुन्छन् । लोककथा मनोरञ्जनात्मक तथा उपदेशात्मक भएका कारणले यसको आफ्नै मौलिक र स्वतन्त्र अस्तित्व छ ।

## ३.३ लोककथाको उत्पति

लोककथा लोक समाजको श्रुतिकथनपरम्परामा गतिशील रहँदै आएको छ । श्रुतिस्मृति परम्परा लोककथाको प्रमुख आधार भएकोले यसको प्रारम्भिक प्रामाणिक तथ्य दुर्लभ छ । लोककथाको उत्पत्ति सम्बन्धी विभिन्न मतहरू देखिएका छन् । यी मतहरूमा प्रकृतिरूपकवाद, प्रसारवाद, इच्छापूर्तिवाद, विकासवाद र यथार्थवाद प्रमुख छन् । चूडामणि वन्धुले आफ्नो नेपाली लोक साहित्य नामक पुस्तकमा माथि उल्लेख गरिएका मतवादहरूवारे सङ्क्षिप्त चर्चा गरका छन् ।[31]

### ३.३.१ प्रकृतिरूपकवाद

प्रकृतिका वस्तु र घटनाहरूलाई रूपक बनाई लोककथाको प्रारम्भ भयो भन्ने धारण नै प्रकृतिवाद हो । सूर्य, चन्द्र, दिन, रात, पहाड, मैदान, वर्षा र चट्याङ, नदी र समुद्र आदि विभिन्न प्राकृतिक तत्त्वहरूको मानवीकरण गरेको तथ्य विभिन्न जातिका लोककथाहरूमा पाइन्छ । आर्यहरूको प्रचीनतम ग्रन्थ ऋग्वेदमा पनि प्रकृतिलाई रूपक वनाई घटनाहरूको वर्णन गरेको पाइन्छ ।[32]

प्रकृतिको प्रतीकीकरण, सङ्केतीकरण तथा मानवीकरणको प्रक्रियाबाट लोककथाको उत्पत्ति भएको हो भन्ने मतको मूल मर्म हो ।

### ३.३.२ प्रसारवादी दृष्टिकोण

---

[28] ऐजन ।

[29] केशरी नारायण शुक्ला, रुसी लोकसाहित्य (लखनऊ हिन्दी समिति, सूचना विभाग, इ. १९६९) पृ.२०४ ।

[30] मोतीलाल पराजुली पूर्ववत् पृ. १६ ।

[31] चूडामणि वन्धु, पूर्ववत् पृ.२८७ ।

[32] ऐजन ।

कुनै वस्तु वा विषयलाई एक ठाउँबाट अर्को ठाउँमा फिँजाई सर्वत्र पुयाँउने प्रकियालाई प्रसारवाद भनिन्छ । लोककथाको उत्पत्ति यही प्रसारवादी सिद्धान्तअनुसार भएको हो भन्ने एकथरी विद्वान्हरूको मत पाइन्छ । यस मतलाई मान्नेहरूको दृष्टिकोणमा लोककथाको उत्पति एक ठाउँबाट अर्को ठाउँमा अथवा एक समूहबाट अर्को समूहमा सर्ने र फिंजाई लोककथाको सर्वत्र प्रसार भएको हो । यस मतमा समर्थकहरूले भारत वा मेसोपोटामियाबाट सर्वप्रथम लोककथाको प्रारम्भ भई त्यहीँबाट संसारभर फैलिएको हो भन्ने दृष्टिकोण अघि सारेका छन् ।[33]

### ३.३.३ विकासवाद

संसारमा मानवजातिको विकास समान गतिमा भएको हो भन्ने सिद्धान्तलाई विकासवाद भनिन्छ । लोककथाका सन्दर्भमा यस सिद्धान्तका प्रतिपादक अर्थ र टेलर हुन् । विकासवादी सिद्धान्तले लोककथाको उत्पत्ति मानव समाजकै विकासका साथ सबै ठाउँबाट भयो एकै ठाउँबाट मात्र भएको होइन भन्ने मान्दछ । आर्थ र टेलर जस्ता विद्वान्ले यसको समर्थक गर्दै के कुरा स्पष्ट गरे भने जसरी विश्वभरि नै मानव समाजमा मानसिक शक्तिको विकास समान गतिमा भयो उस्तै किसिमले कथाहरू विकसित भए ।[34]

### ३.३.४ यर्थाथवाद

यर्थाथवादीका विचारमा लोककथाको उत्पत्ति यर्थाथ घटनाहरूबाटै भएको हो भन्ने मान्यता राख्छ । दैनिक जीवनमा अनुभव र संझनायोग्य घटनाहरूलाई दोहोयाउँदा लोककथा बनेका हुन् ।[35]

### ३.३.५ मनोविश्लेषणवाद

मानवका चेतन, अवचेतन, अचेतन मनका विश्लेषण गर्ने सिद्धान्तलाई मनोविश्लेषणवाद भनिन्छ । यसलाई फ्रायडवाद पनि भनिन्छ । यस सिद्धान्तअनुसार अचेतन मनमा दमित इच्छा वा वासनाको निकास वा पूर्तिका लागि लोककथाहरूको उत्पत्ति भएको हो । यौन वा अन्य इच्छाको पूर्ति लोककथाका माध्यमबाट हुन्छ भन्ने यस सिद्धान्तको मान्यता रहेको छ । परिकथामा परीका रूपसौन्दर्यको वर्णन, अप्सराका दिव्य रूपको वर्णन, राजकुमारका सौन्दर्यमा मोहित हुने राजकुमारी अथवा राजकुमारीका सौन्दर्यमा मोहित हने राजकुमार आदिको वर्णनले यौन तृप्ति गरी दमित वासनालाई निकास दिन्छ वा कुनै अपूर्ण इच्छाको पूर्ति गर्छ भन्ने मान्यता एवम् दृष्टिकोण यस सिद्धान्तले राखेको छ ।[36]

### ३.३.६ समन्वयवादी दृष्टिकोण

सवैको पारस्परिक मेलबाट उत्पन्न भएको हो भन्ने धारणलाई समन्वयवाद भनिन्छ । लोककथाका सर्न्दभमा यसको उत्पत्ति कुनै एक सिद्धान्तबाट नभई सबैका मेलबाट भएको हो भन्ने भनिन्छ ।[37]

लोककथाको उत्पत्तिका विषयमा विभिन्न अवधारण अथवा मतहरू प्रचलनमा रहेका छन् तापनि मुख्य रूपहरू माथि चर्चा गरिएका हुन् । लोककथाको उत्पत्ति केवल एउटै सिद्धान्त, मत वा अवधारणअनुसार नभएर उपयुक्त सवै मतको समन्वय गरी लोककथाको उत्पत्ति भएको हो ।

---

[३३.] मोहन राज शर्मा र खगेन्द्र प्रसाद लुइटेल पूर्ववत् पृ.३७३ ।

[३४.] चूडामणि बन्धु, पूर्ववत पृ. २८७ ।

[३५.] ऐजन ।

[३६.] मोहन राज शर्मा र खेगेन्द्र प्रसाद लुइटेल, पूर्ववत् पृ. ३७४ ।

[३७.] ऐजन ।

## ३.४ लोककथाको वर्गीकरण

आधुनिक कथाको जसरी वैज्ञानिक वर्गीकरण भएको छ त्यसरी लोककथाको वर्गीकरण हुन सकेको छैन् । लोककथाको सङ्लन धेरै पहिलेदेखि हुँदै आएका भए तापनि यसको वैज्ञानिक प्रस्ट वर्गीकरण भएको छैन । पूर्वीय आचार्यहरूले विषयवस्तुका आधारमा कथा र आख्यायिका गरी दुई कोटिमा वर्गीकृत गर्दा काल्पनिक कथानक भएकालाई कथा र ऐतिहासिक कथानक भएकालाई आख्यायिका भनेर विभाजन गरेका छन् । संस्कृतका विभिन्न विद्वान्हरूले साहित्यिक कथालाई ध्यानमा राखी वर्गीकरण गरेका हुनाले उनीहरूले सम्पूर्ण लोककथालाई समेट्न सकेका छैनन् ।[३८]

पाश्चात्य विद्वान्हरूले बीसौ शताब्दीमा आएर लोककथाहरूको गहन अध्ययन गर्न थाले । त्यसपछि उनीहरूले लोककथालाई विभिन्न रूपमा वर्गीकरण गर्न थाले । लोकवार्तामा प्रसिद्व अङ्ग्रेजी विद्वान् जर्ज लरेन्स गोमेले निन्नलिखित चार प्रकारमा लोककथाको वर्गीकरण गरेका छन् : १. दन्त्य कथा २. वीरकथा, ३. वीरगाथा, ४. स्थानविषयक ऐतिहासिक कथाहरू पश्चिमी जगत्मा लोककथाको सर्न्दभमा उल्लेखनीय योगदान गर्ने विद्वान् मार्टिन ग्रे पनि हुन् । उनले लोककथाको वर्गीकरणको विलमा लोककथालाई १) पौराणिक कथा २) किवंदन्ती ३) पशु कथा ४) परिकथा ५) दैत्य र भूतप्रेतका कथा ६) ठट्यौली गरी ६ वर्गमा छुट्याएका छन् ।[३९]

पश्चिम जगतमा लोककथाका सर्न्दभमा उल्लेखनीय योगदान गर्ने विद्वान् स्टिथ थप्सन पनि हुन् । उनले लोककथालाई १) परम्परागत लोककथाहरू २) परिकथाहरू ३) पशुकथाहरू ४) नीतिकथाहरू ५) पौराणिक कथाहरू गरी पाँच वर्ग छुट्याएका छन ।[४०] यी विद्वान्हरूले यथासम्वन्ध सङ्क्षिप्तता लाई केन्द्र बनाएर लोककथाको वर्गीकरण गरेका छन् । भारतीय विद्वान्हरूले यथासम्भव सङ्क्षिप्ततालाई केन्द्र बनाएर लोककथाको वर्गीकरण गरेका छन् । भारतीय विद्वान्हरूले पनि लोककथाको वर्गीकरणमा भरसक प्रयास गरेका छन् । दिनेशचन्द्र सेनले आफ्नो कृति **फोक लिटरेचर अफ वङ्गाल** इ १९३० मा वङ्गला लोककथाको अध्ययनमा बङ्गाली लोककथालाई रूपक कथा हास्यकथा, धार्मिक कथा र गीतिकथा गरी चार भागमा वर्गीकरण गरेका छन् भने विद्वान् सत्येन्द्रले ब्रजभाषा क्षेत्रमा लोककथाको वर्गीकरण मूल रूपमा गाथा, अवदान र कथा भनेर तीन प्रकारले छुट्याए तापनि नौं प्रकारले विभाजन गरेका छन् ।[४१]

नेपालीमा पनि लोककथाको अध्ययन, वर्गीकरण र विश्लेषण गर्ने प्रयास प्रशस्त मात्रामा भएका छन् । नेपाली लोक साहित्य विद् तुलसी दिवसले नेपाली लोककथाको वर्गीकरण गर्दै भन्दछन् "यी सवै तथ्यहरूलाई विचार गर्दा उपर उल्लेखित विभिन्न विद्वान्हरूको वर्गीकरण विधि निरीक्षण गर्दा हालसम्म सङ्कलित तथा उपलब्ध हुन सकेका र भएका नेपाली लोककथालाई मोटामोटी रूपले हामी निम्न लिखित वर्गमा विभाजन गर्न सक्छौं ।[४२]

१. सांस्कृतिक ऐतिहासिक लोककथाहरू
२. अर्ती-उपदेशका लोककथाहरू
३. पशुपंक्षीका लोककथाहरू


---

३८. चूडामणि वन्धु, पूर्ववत् पृ. २९१ ।
३९. मोहन राज शर्मा र खगेन्द्र प्रसाद लुईटेल, पूर्ववत् पृ.३८३ ।
४०. ऐजन पृ. ३८५ ।
४१. ऐजन पृ. ३८५ ।
४२. तुलसी दिवस **नेपाली लोककथाः केही अध्ययन** (काठमाडौंः ने.रा.प्र.प्र. २०३३) पृ.३८ ।

४. मानवका विशेष स्वभाव र प्रवृत्तिका लोककथाहरू
५. अतिमानवीय रूपका लोककथाहरू
६. दैवी लोककथाहरू
७. फलफूलका लोककथाहरू
८. साहस तथा वहादुरीका लोककथाहरू
९. धार्मिक लोककथाहरू
१०. विविध लोककथाहरू

यसरी तुलसी दिवसले नेपाली लोककथालाई दस भागमा वर्गीकरण गरेका छन् । यस्तै मोहन राज शर्मा र खगेन्द्र प्रसाद लुइटेलले आफ्नो पुस्तक लोकवार्ता विज्ञान र लोक साहित्यमा लोककथाको वर्गीकरण विभिन्न आधारमा गरेका छन् । लोककथाको वर्गीकरण गर्ने आधारहरू आकार, शिल्पविधान, भाव, उद्देश्य, विषयवस्तु आदि उल्लेख गर्दै सवैभन्दा महत्त्वपूर्ण आधार विषयवस्तुलाई मानेका छन् ।[४३] उनले गरेका लोककथाको वर्गीकरणको स्वरूप यस्तो छ :

[४३] मोहन शर्मा र खगेन्द्र प्रसाद लुइटेल, पूर्ववत् पृ.३८४-८७ ।




माथि उल्लिखित पूर्वीय तथा पाश्चात्य विदेशी तथा स्वदेशी विद्वान्हरूको लोककथा सम्बन्धी वर्गीकरणलाई सर्वेक्षण गर्दा कसैले लेख्यकथा र लोककथाको वर्गीकरण समान रूपले गरेको देखियो भने कसैले सङ्क्षिप्ततालाई जोडदिँदा सम्पूर्ण विषयलाई समेट्न नसकेको देखियो । यी माथिका वर्गीकरण त्यति चित्त बुझ्दो पाउन सकिँदैन । जस्तै सांस्कृतिक ऐतिहासिक लोककथाको प्रसङ्ग आइसके पछि धार्मिक कथाहरू यसैमा समाहित हुनु पर्ने देखिन्छ । भन्नुको अर्थ सांस्कृतिले मानिसहरूको संस्कार, रीतिरिवाजको बारेमा जानकारी प्रदान गर्ने काम गर्दछ । यसका साथै माथि नै नौ वर्गमा वर्गीकरण गरिसकेपछि अन्तमा किन विविध लोककथाहरू कुनै विशेषता नभएका वा आफ्ना पहिचान नै नभएका पनि लोककथा हुन सक्छन् । यी माथि उल्लेख गरिएका लोककथाको वर्गीकरणमा तुलसी दिवसको वर्गीकरणले लोककथाका धेरै क्षेत्रलाई समेटेको छ । ताप्लेजुङ जिल्लामा प्रचलित तथा शोधपत्रमा सङ्कलित लोककथालाई अध्ययन गर्दा लोककथाहरू चार वर्गमा वर्गीकृत हुन्छन् ।

१. सामाजिक लोककथाहरू
२. पौराणिक सांस्कृतिक लोककथाहरू
३. ऐतिहासिक लोककथाहरू
४. अलौकिक काल्पनिक लोककथाहरू

यसरी प्रस्तुत वर्गीकरणमा सम्पूर्ण लोककथाहरू समेट्न सकिन्छ भने यो वर्गीकरण संक्षिप्त रहेको कुरा प्रस्ट छ ।

## ३.५ लोककथाका विशेषताहरू

लोककथा लोक साहित्यको एउटा महत्त्वपूर्ण विधा हो । लोकजीवनका हाँसो-रोदन, उकाली-ओराली, सुख-दुःख, ज्ञान, अनुभव एकआपसमा साटासाट गर्ने महत्त्वपूर्ण माध्यम पनि लोककथा हो । लोककथाले लोकवासीलाई मनोरञ्जन र शिक्षा प्रदान गर्दछ । दिनभरिको कामले थकित भएको शरीरलाई रोमाञ्चक र उर्जाशील बनाउन लोककथाले महत्त्वपूर्ण भूमिका खेल्दछ । साना केटाकेटीदेखि लिएर बुढाबूढीसम्म सम्पूर्ण जनताले लोककथा सुन्ने र सुनाउने कार्य गर्दछन् । दिनभरिको कामको थकानलाई मेटाउन साँझ्रा घरको अँगेनाको डिल, आँगन, चौरी, पिँढी आदि स्थानमा बसेर लोककथा भन्ने र सुन्ने गरिन्छ । यसरी भन्ने र सुन्ने गरिएका लोककथाहरूका आफ्नै स्वरूप र विशेषता हुन्छन् । लोक साहित्यकै कतिपय विशेषताहरू मिल्ने लोककथाका विशेषताहरूलाई निम्नलिखित उपशीर्षकमा उल्लेख गर्न सकिन्छ ।

### ३.५.१ श्रुतिस्मृति परम्परा

लोककथा श्रुतिस्मृति परम्परामा जीवित साहित्यक अभिव्यक्ति हो, एक जनाले भन्ने र अरूले सुन्ने परम्परा रहेको तथा अतीतदेखि भनिँदै आएको हुनाले लोककथाको रचनाकार अज्ञात रहन्छ, साथै यसको रचना समय पनि थाहा हुँदैन । लोककथामा अनुश्रुतिका रूपमा सुनिएका विषयहरू, मानिसले कल्पना जगतबाट निर्माण गरेका अतिरञ्जित विषयहरू तथा पुस्तौदेखि परम्परामा जीवित रहेकाले यो परिवर्तनशील हुन्छ ।[४४] लोककथा पुस्तौंपुस्तासम्म हस्तान्तरित हुँदै आएको श्रुतिस्मृति परम्पराको जीवित दस्तावेज हो । मौखिक परम्परामा जीवित हुनु र लोक प्रचलित प्रत्येक विषय र ज्ञानगुनका कुराहरूलाई समेटेर सम्पन्न साहित्यका रूपमा रहन सक्नु यसको मुख्य विशेषता हो ।[४५]

### ३.५.२ मङ्गल कामनाको भावना

लोककथामा लोक समाजलाई मङ्गलतिर, अज्ञानताबाट ज्ञानतिर, वैराग्यबाट प्रेमतिर, छलकपटबाट सत्यतिर लाग्ने मार्ग निर्दिष्ट गरिएको हुन्छ । असत्यको बाटो लिने खलनायकलाई सत्य र निष्ठातिर ल्याउने प्रयत्न गरिएको हुन्छ । विभिन्न प्राणी, वनस्पति र पर्दाथहरूका बिचमा प्रेममय भावना फैलाएर सबै सुखी, शान्त र सम्पन्न होऊन् भन्ने मङ्गल कामना गरिएको हुन्छ ।[४६]

### ३.५.३ मनोरञ्जनात्मकता

अधिकांश लोककथामा मनोरञ्जनको प्रधानता रहन्छ । केही लोककथाहरू अर्ती, उपदेश दिने खालका शिक्षा वा नीतिप्रधान पनि हुन्छन् । तर तिनका माध्यमबाट पनि मनोरञ्जनकै उद्देश्य पूरा गरिन्छ । सत्यको वर्णन गर्ने ढाँचामा प्रस्तुत परिकथाहरूको उद्देश्य पनि सत्यको उद्घाटन गर्दै मनोरञ्जन गर्नु नै रहेको पाइन्छ । लोककथामा सत्-असत् तथा अन्य विविध पात्रको सिर्जना पनि अन्ततः मनोरञ्जनकै हेतुले गरिएको देखिन्छ ।[४७]

---

४४. मोतीलाल पराजुली र जीवेन्द्र देव गिरी, **नेपाली लोकसाहित्यको रूपरेखा** (ललितपुर : साझा प्रकाशन २०६८) पृ १७७ ।

४५. मोतीलाल पराजुली र जीवेन्द्र देव गिरी, पूर्ववत् पृ १७७ ।

४६. ऐजन ।

४७. मोहन शर्मा र खगेन्द्र प्रसाद लुइटेल पूर्ववत् पृ ३७९ ।

### ३.५.४सरल, सहज र स्वतः स्फूर्त भाषाको प्रयोग

लोककथा स्थानीय कथ्य भाषामा प्रयोग गरिन्छ । यो भाषा सरल र सहज हुन्छ । साधारण अपठित जनताले पनि यसको भाषा सहज किसिमले बुझ्न सक्तछन् । लोककथाको भाषा कृत्रिम र आलङ्कारिक हुँदैन, वक्ताले स्वतः स्फूर्त रूपमा भाषिक अभिव्यक्ति प्रकट गर्दछ ।[४८]

### ३.५.५ गद्यको प्रधानता

लोककथाहरू मुख्यतः गद्यमा रचिएका हुन्छन् । कतिपय लोककथाका वीचवीचमा केही पद्यांशहरू प्रयोग गरिए पनि यसको खास विशेषता चाहिँ गद्यात्मक हुन्छ । कतिपय लोकगाथाहरूलाई पद्यामा लेखिएका कथा मानिए पनि कथा र गाथाको विधागत संरचना भिन्न हुन्छ । पद्यात्मकताका कारण गाथाको संरचना सूक्ष्म हुन्छ भने गद्यात्मकताका कारण कथाको संरचना स्थूल हुन्छ ।[४९]

### ३.५.६ आख्यानको प्रधानता

लोककथा लोक साहित्यको आख्यानयुक्त गद्यविधा हो । घटनाहरू भूतकालिक ढाँचामा वर्णन गर्नु आख्यानात्मकता हो ।[५०] लोककथामा घटनालाई पात्रका माध्यमबाट वर्णनात्मक तथा शृङ्खलाबद्ध रूपले प्रस्तुत गरिएको हुन्छ । लोककथामा अरू लेख्य कथामा जस्तै आख्यानको क्षीण नभएर आख्यनको प्रधानता रहेको हुन्छ । आख्यन विना लोककथाको स्वरूप निर्धारण गर्न सकिँदैन । समयक्रम अनुरूप शृङ्खलित रूपमा घटित घटनाहरूको संयोजन नै लोककथाको प्रमुख विशेषता हो ।

### ३.५.७.वर्णनात्मक शैली

लोककथाको शैली वर्णनात्मक हुन्छ । रोचक आर्कषक र स्वभाविक वर्णनलाई लोककथाको प्राण मानिन्छ । लोककथाको शैलीगत पहिचान भनेको वर्णनात्मकता हो । वर्णनात्मकताको प्रवलता हुने हुँदा लोककथाका घटनाहरू शृङ्खलित रूपमा आइरहन्छन् । कथायिताले घटित घटनाहरूको शृङ्खलालाई वर्णनात्मक शैलीद्वारा प्रस्तुत गर्ने हुनाले श्रोता र परिवेश नै रोमाञ्चक, आर्कषक र उल्लासमय बनेको हुन्छ ।

### ३.५.८ कल्पनाको प्रबलता

लोककथा कल्पना प्रधान साहित्य हो । यसको आख्यान काल्पनिक र अतिशयोक्ति मूलक हुन्छ । संसारको कुनै पनि विषयलाई कल्पना र अविशयोक्तिको आधार लिएर लोककथाको कथावस्तु र पात्रको सिर्जना गरिएको हुन्छ । यी सवै विषयहरू अतिरञ्जनामूलक हुन्छन् । त्यसैले लोककथा कुतूहल प्रधान तथा रहस्य रोमाञ्चले भरिएको हुन्छ ।[५१] कल्पनाको संसारलाई यथार्थको धरातलमा ओरालेर लोककथाहरू भन्ने विभिन्न रोमाञ्चक तरिकाले भन्ने गरिन्छ ।

### ३.५.९ सुखद समापन

प्रायः लोककथाहरू सुखात्मक हुन्छन् । लोककथा जीवनका जस्तासुकै र जतिसुकै दुःख, पीडा, विरह, व्यथा आपत्विपत् कष्टकर, सङ्घर्ष, विनाश, विषाद, हानि, नोक्सानी, पराजय आदिको चित्रण गरिए पनि

---

[४८] मोतीलाल पराजुली र जीवेन्द्र देव गिरी, पूर्ववत्, पृ. १८० ।
[४९] मोहनराज शर्मा र खगेन्द्र प्रसाद लुइटेल पूर्ववत् पृ. ३७९ ।
[५०] ऐजन ।
[५१] मोतीलाल पराजुली र जीवेन्द्र देव गिरी, पूर्ववत् पृ. १७९ ।

यसका अन्त्यचाहिँ प्रायः सुखद परिणाममा गरिएको हुन्छ ।[५२] लोककथाको सुरू भागमा मुख्य पात्रहरूवीच विभिन्न दु:ख, पीडा, विछोड, अपहेलना आदि हुन्छ । लोककथाले पात्रहरू बिच मिलनको दूरी नजिक हुन थाल्छ । साथै लोककथाको अन्त्यमा नायिका, राजकुमारः राजकुमारी, राजा-रानी आदि पात्रको सुखद मिलन हुन्छ ।

### ३.६ लोककथाको संरचक तत्त्वहरू

लोककथाको निर्माणका निमित्त आवश्यक पर्ने तत्त्वलाई लोककथाको तत्त्व भनिन्छ । लोककथा निर्माणका तत्त्वलाई तत्त्व, अवयव, संरचक वा उपकरण भन्ने पनि गरिन्छ । यिनै तत्त्वहरूको समुचित संयोजन र व्यवस्थापन गर्दा लोककथाको तत्त्व निर्माण हुन्छ । लोककथा कलात्मक लोकभिव्यक्ति हो । यसमा आख्यान साहित्य हुने विभिन्न तत्त्वहरूको संयोजन गरिएको हुन्छ । लोककथामा कथानक, अभिप्राय, पात्र, परिवेश, कथोपकथन उद्देश्य, शैली, भाषा र लोकतत्व आदि तत्त्वहरू विद्यमान हुन्छन् ।[५३] ती तत्त्वहरूको परिचय क्रमशः प्रस्तुत गरिन्छ ।

### ३.६.१ कथानक

प्रत्येक लोककथामा एउटा कथानक रहन्छ । कथानक भनेको घटनाहरूको शृङ्खलित व्यवस्था हो । लोककथाको कथानक सरल घटनाबाट सुरू हुन्छ र बिचमा विभिन्न मोड उपमोडहरू विकसित हुँदै अन्त्यमा संयोग वा वियोग भएर कथा टुङ्गिन्छ । ती घटनाहरू रोचक, रोमाञ्चक कुतूहलपूर्ण र उत्सुकता जगाउने प्रकृतिका हुन्छन् । प्रायः काल्पनिक संसारका विषय वस्तु र अद्‌भुत घटनालाई लोककथामा समावेश गरिएको हुन्छ ।[५४] लोककथाको मेरूदण्ड कथानक नै हो । यसको मूल्य आधार लिएर पात्र, परिवेश आदि निर्माण गरिएको हुन्छ । कथाको प्रारम्भमा एकादेशमा.....परापूर्वकालमा...... आदि र अन्तमा सुन्नेलाई सुनको माला.. आदि लोकशैलीको प्रयोग गरिएको हुन्छ ।[५५] मूलभूत रूपमा लोककथाको कथानक छोटो छरितो, प्रभावकारी हुनाका साथै मनोरञ्जक र आर्कषक पनि हुन्छ । कथावस्तुलाई ज्यादा महत्त्व दिएर रचिएका लोककथालाई घटना प्रधान लोककथा पनि भनिन्छ ।

### ३.६.२ अभिप्राय

लोककथामा प्रयोग हुने घटना, कार्य, चरित्र र विश्वासहरू जुन बारम्वार दोहोरिई रहन्छन्, त्यस्ता परम्परित रूढ तत्त्वहरूलाई अभिप्राय भनिन्छ । सामान्यतः विशिष्ट वा असामान्य घटना, चरित्र, कार्य तथा विश्वासहरू मात्र अभिप्राय हुन् । उदाहरणार्थ 'एउटा जादुगर उडने खाटमाथि बसेर सूर्यभन्दा पूर्व र चन्द्रमा भन्दा पश्चिमको देशतिर गयो ।' यस वाक्यमा जादुगर एउटा असाधारण चरित्र हो । उड्ने खाट असाधारण वस्तु हो । सूर्य भन्दा पूर्व चन्द्रमा भन्दा पश्चिम असाधारण ठाउँ तथा त्यस दिशातर्फ जानु असाधारण कार्य हुन् । यस वाक्यमा माथि उल्लेखित चारवटा अभिप्रायहरू रहेका छन् । लोककथाहरू यस्तै अभिप्रायहरू अथवा कथानक रूढिहरूको शृङ्खलाबाट निर्मित हुन्छ ।[५६]

### ३.६.३ पात्र (चरित्र)

---

[५२] मोहनराज शर्मा र खगेन्द्र प्रसाद लुइटेल पूर्वतत् पृ. ३७८ ।

[५३] मोतीलाल पराजुली र जीवेन्द्र गिरी, पूर्ववत् पृ १८१ ।


[५४] ऐजन ।

[५५] ऐजन ।

[५६] मोतीलाल पराजुली र जीवेन्द्र देव गिरी, पूर्ववत् पृ. १८२ ।

लोककथामा कथानकलाई गति दिने काम पात्र वा चरित्रले गरेका हुन्छन् । लोककथामा तेस्रो प्रमुख तत्त्वका रूपमा पात्र र चरित्रलाई लिन सकिन्छ । लोककथा काल्पनिक मौलिक विधा भएकोले यसमा प्रयुक्त पात्र पनि यर्थाथिक धरातलबाट माथि उठेर काल्पनिक संसारबाट लिइएका हुन्छन् । यस्ता पात्रमा मानिस, मानवेतर प्राणी, देवीदेवता, राक्षस, भूतप्रेत, बोक्सी, वनस्पति तथा पदार्थलाई पात्र बनाउने प्रचलन पाइन्छ ।[५७] लोककथामा प्रयोग हुने सबै प्रकारका पात्रहरू शक्तिशाली हुन्छन् । त्यो शक्ति निम्नानुसार हुन्छ । दिव्यशक्ति, अर्द्धदैविक शक्ति अद्‌भुत शक्ति र सामान्य शक्ति ।[५८] लोककथामा प्रयोग हुने पात्र मोतीलाल पराजुली र जीवेन्द्र गिरीले नेपाली लोक साहित्य रूपरेखा निम्नानुसारको गरेका छन् ।

**लोककथाका पात्रहरू**




### ३.६.४ कथोपकथन

लोककथाको तत्त्वहरू मध्ये प्रमुख तत्त्वका रूपमा संवादलाई लिइन्छ । लोककथामा संवाद हुन्छ । तर त्यो शिथिल रूपमा आएको हुन्छ । कथावस्तु र पात्रहरूलाई कथयिताले नै आफै व्यक्त गर्ने हुनाले संवाद थोरै देखिएको हुन्छ । लोककथामा मानवेतर तथा निर्जिव पात्रहरूले पनि आपसमा संवाद गरेको सुन्दा श्रोताहरू मन्त्रमुग्ध भएर कथा सुनिरहेका हुन्छन् । मानवीय तथा मानवेतर, जड तथा चेतन पात्रहरूको संवादले लोककथा रोचक र आर्कषक बन्ने हुनाले यसलाई पनि लोककथाको तत्त्वका रूपमा स्वीकार गरिएको हो ।

### ३.६.५ परिवेश

लोककथामा पात्रहरूले क्रियाकलाप गर्ने वा घटनाहरू घटित हुने स्थान, समय र वातावरणलाई परिवेश भनिन्छ । परिवेश भनेको एउटा परिस्थिति हो जहाँ कथाका पात्रहरूले आफ्नो कार्यव्यापार प्रर्दशन गरिरहेका हुन्छन् । एकातिर परिवेशअनुसार पात्र-चरित्रको विकास भएको हुन्छ भने अर्कातिर पात्र चरित्रले परिवेशको परिवेशको निर्माण गरिदिन्छन् । कुनै पनि परिवेश बिना पात्र चरित्रले खेल्ने हुर्कने अवसर पाउदैन । परिवेश भनेको नै लोककथाको रीतिथिति, धर्म-संस्कृति, शिक्षादीक्षा, ज्ञान, अनुभव विचार र विश्वास, मान्यता

---

[५७] ऐजन ।

[५८] ऐजन ।

र व्यवहार, भौगोलिक अवस्थिति र प्राकृतिक पृष्ठभूमि हुन् । यही परिवेश नै लोककथाको कथानक र पात्रको आधार स्थल हो जसले कथानक र पात्रलाई सोही अनुरूपको घटना र चरित्र प्रदान गर्दछ ।

कथानक र पात्रका तुलनामा परिवेशलाई बढी महत्त्व दिएर सिर्जिएका लोककथा शिल्पको दृष्टिले परिवेशप्रधान हुन्छन् । लोककथाको परिवेश अन्तर्गत सामान्य र विशिष्ट (ऐतिहासिक दुवै प्रकारका कथास्थल र कथा समयको प्रयोग गरिएको पाइन्छ । एकादेशमा घर, खेत, दैलो, आँगन आदि सामान्य कथास्थल हुन् भने बाङ्गे साल डाँडो (तेरथुम) रानी पोखरी (काठमाडौँ) अयोध्य आदि विशिष्ट स्थान हुन् । परिवेशले लोककथामा भौतिक जगत्को विविध दृश्य उपस्थिति गर्छ र लोककथालाई विश्वासनीय तुल्याउँछ ।[५९]

### ३.६.६ उद्देश्य

उद्देश्य लोककथा निर्माणको एउटा प्रमुख तत्त्व हो । लोककथालाई रोचक र अर्थपूर्ण बनाउने तत्त्व उद्देश्य हो । लोककथाको निर्माणमा कुनै न कुनै उद्देश्य निहित छ र उद्देश्य विना लोककथाको निर्माण गरिँदैन । लोककथाको प्रमुख उद्देश्य मनोरञ्जन प्रदान गर्नु हो र त्यसपछि अर्ती उपदेश दिनु हो ।

लोककथामा कुनै एउटा उद्देश्य राखिएको हुन्छ । लोककथाहरू सामान्यतः मनोरञ्जनका निम्ति प्रस्तुत गरिन्छन्, तापनि नैतिक शिक्षा दिनु, धर्मको प्रचार र व्याख्या गर्नु, नैतिक तथा व्यावहारिक शिक्षा दिनु, दुःख निवारण गर्नु आदि उद्देश्यहरू पनि लोककथामा पाइन्छ । त्यसैले मनोरञ्जन, धर्म, नैतिक र व्यावहारिक शिक्षा दिनु, दुःख निवारण गर्नु आदि लोककथाका उद्देश्यहरू रहेका हुन्छन् ।[६०]

### ३.६.७ शैली

लोककथाको पनि आफ्नै विशेष शैली छ । प्रत्येक व्यक्तिले एउटै विषयवस्तुलाई पनि आफ्नो अनुकूल फरक-फरक शैलीमा व्यक्त गरे पनि मुख्यतः लोककथाको शैली वर्णनात्मक नै देखा पर्दछ । लोककथामा सरल शैलीका प्रयोग गरिन्छ । कथानकको उठान वैठानमा पनि आफ्नै विशेष प्रविधि छ । एकादेशमा..परापूर्वकालमा, कुनै एक गाउँमा कुनै समयमा...राजा, रानी, राजकुमार, राजकुमारी..थिए भन्नेबाट प्रारम्भ भई विच-विचमा रोचक र कौतुहलपूर्ण कथा भन्दै अन्त्यमा सुन्नेलाई सुनको माला भन्नेलाई फूलको माला, यो कथा वैकुण्ठ जाला ...जस्ता वाक्यको प्रयोग गरी लोककथालाई उठान वैठान गरिन्छ ।

### ३.६.८ भाषा

लोककथाका निम्ति भाषा अनिवार्य माध्यम हो । मौखिक परम्परामा जीवित राख्नुपर्ने र लोकवासीले सहजै र सरल तरिकाले बुझ्न सकुन भन्ने अभिप्रायले यसको भाषा सरल सहज र प्रवाहपूर्ण हुन्छ ।

लोककथा लोकभाषामा प्रस्तुत गरिन्छ । स्थानीय भाषा, भाषिकामा लोककथा प्रस्तुत गरिने हुनाले यसमा स्थानीयताको प्रभाव पर्दछ । यो कथ्य भाषामा प्रस्तुत गरिन्छ । स्थानीय स्तरमा प्रचलित उखान, टुक्का गाउँखाने कथा र ठेट लोकशब्दको प्रयोग हुने हुँदा लोककथाको भाषा विशेष महत्त्वको रहेको हुन्छ ।[६१]

## ३.७ लोककथासँग नजिकको सम्बन्ध राख्ने अन्य विधाहरू

### ३.७.१ लोककथा र लोकगाथाको सम्बन्ध

---

[५९] मोहन राज शर्मा र खगेन्द्र प्रसाद लुइटेल, पूर्ववत्, पृ. ३७६ ।

[६०] मोतीलाल पराजुली र जीवेन्द्र देव गिरी, पूर्ववत् पृ. १८६ ।

[६१] दयाराम श्रेष्ठ (सम्पा) नेपाली कथा भाग ४ दो.स (ललितपुर) साझा प्रकाशन, २०६०,पृ.७ ।

लोककथा र लोकगाथा दुवै लोक साहित्यका छुट्टाछुट्टै स्वतन्त्र विधा हुन् । लोककथाको जस्तै लोकगाथाको पनि उत्पत्तिका बारेमा मतैक्यता पाइँदैन । लोककथा जस्तै लोकगाथा पनि श्रुतिपरम्परामा पुस्तौपुस्तादेखि हस्तान्तरित हुँदै आए तापनि कतिपय विद्वान्हरू त्यसका रचयिताका रूपमा व्यक्तिलाई मान्दछन् भने कतिपय विद्वान्हरू लोकलाई नै लोकगाथाका केही संरचक घटकहरू समान हुन्छन् । ती घटकहरू कथावस्तु पात्र, परिवेश, भाषाशैली र उद्देश्य हुन् । लोककथा र लोकगाथा लोक जीवनका हाँसो, रोदन र मनोरञ्जनलाई व्यक्त गर्ने एउटा माध्यम हो । यो लोकजीवनको साझा सम्पत्ति हुन् । यी दुवै मौखिक परम्परामा जीवित हुनाको साथै नित्यनवीन रूपमा प्रस्तुत हुन्छन् । यी दुवैमा आख्यान रहेको हुन्छ । लोककथा आख्यानयुक्त गद्यविधा हो भने लोकगाथा लय वा गीतमा भनिएको कथा हो । लोककथाका विषयवस्तुको क्षेत्र व्यापक हुन्छ । यथार्थ धरातलदेखि माथि काल्पनिक लोकसम्मका कुनै पनि वस्तुका वारेमा लोककथा बनाइएको हुन्छ भने यसका पात्रहरू जड वा चेतन, मानवीय वा मानवेतर अथवा ब्राह्माण्डका कुनै पनि वस्तु रहन सक्छन् र लोकगाथाको विषयवस्तु प्रायः ऐतिहासिक, पौराणिक र सामाजिक किसिमको हुन्छ । यसका पात्रहरू ऐतिहासिक वीर तथा साहसी एंवम् राजा, राजकुमार, समाजका प्रतिष्ठित व्यक्ति आदि रहेका हुन्छन् । लोककथा वर्णनात्मक शैलीमा रहेको हुन्छ । यसलाई जुनसुकै समय र परिवेशमा सुन्न र सुनाउन सकिन्छ । यसलाई कुनै निश्चित परिवेशको जरूरत पर्दैन । लोकगाथा लयात्मक शैलीमा गाइन्छ । यसका निश्चित परिवेश चाहिन्छ । कुनै कुनै लोकगाथा गीत जस्तै गाइन्छन् भने केही नित्य र वाजाका साथमा प्रस्तुत गरिन्छ । लोकगाथा दृश्य र श्रव्य दुवै दृष्टिबाट रसस्वादन गरी आनन्द प्राप्त गर्न सकिन्छ । लोकगाथा पद्यमा गाइने हुनाले लोकगाथा पधारमन हुन्छन् भने लोककथा भाषा सरल, सहज र गद्यात्मक खालको हुन्छ । कथालाई लयमा प्रस्तुत गर्नु नै लोकगाथाको मौलिक पहिचान हो ।

लोककथा र लोकगाथा झट्ट सुन्दा समान देखिए पनि यी दुई स्वतन्त्र विधा हुन् । एक आपसमा समानता भन्दा असमानता ज्यादा भएको हुनाले यी दुई विधा स्वतन्त्र रूपमा स्थापित भएका छन् ।

### ३.७.२ लोककथा र आधुनिक कथाको सम्बन्ध

लोककथा र लिखित आधुनिक कथा दुवै कथाका संरचनात्मक अवयवहरू प्रायः एकै छन् । कथावस्तु, पात्र, वातावरण भाषाशैली र उद्देश्य । लोककथामा संवाद र अभिप्रायहरू पनि अनिवार्य तत्त्वकै रूपमा रहन्छन् । लोककथा साना, लघु आकारदेखि लिएर विभिन्न कथोपकथनमा साना, लघु आकारदेखि लिएर विभिन्न कथोपकथनमा जोलिएर ठूला आकारमा पनि हुन्छन् । यो प्रवृत्ति आधुनिक कथामा पनि पाइन्छ । कथाको सानो आकारमा जोड दिँदै एल, जी.वेल्सले भनेका छन्:"यो बीस मिनेट जतिमा पढेर सिध्याउन सकिने खालको हुनुपर्छ"।[६२] आधुनिक कथाको विकास लोककथाबाटै भएको कुरा मानवीय सभ्यताको विकास क्रमलाई हेर्दा र विभिन्न साहित्यको इतिहासमा स्पष्ट हुन्छ ।[६३]

आधुनिक कथाहरू अनुरेखीय आकारका हुन्छन् । यस्ता कथाहरू आदि, मध्य, अन्त्य जहाँबाट पनि थालिन्छन् । लोककथाको कथानक सामान्यतः अनुरेखीय ढाँचाको हुन्छ । यस्ता कथाका घटनाहरू कार्य विवरण शृङ्खलामा बाँधिएका हुन्छन् र सबै कथाहरू आदिबाटै थालिएको हुन्छ ।

लोककथाका पात्रहरू मानवीय, अति मानवीय, दिव्यमानव, अर्द्धमानव, अर्द्धदैविक, दैविक पात्र, पशुपक्षी सरीसृप, वनस्पति, पदार्थ आदि हुन सक्दछ । लोककथाका पात्रहरू अतिरञ्जनात्मक प्रवृत्तिका हुने हुँदा

---

[६२] दयाराम श्रेष्ठ पूर्ववत् २०६०), पृ. ७ ।

[६३] चूडामणि वन्धु, पूर्ववत् पृ २८९ ।

वास्तविक यथार्थिक धरातलबाट माथि उठेर काल्पनिक संसारको चित्रण गरेका हुन्छन् । आधुनिक कथा यर्थाथ जीवनलाई चित्रण गरेका हुन्छन् । त्यसैले लोककथाको तुलनामा आधुनिक कथाको पात्र वास्तविक हुने गर्दछन् । लोककथाको प्रारम्भ एकादेश.....उहिल्यै....परापूर्वकालमा आदिबाट सुरूगरी सुन्नेलाई सुनको माला भन्नेलाई फूलको....आदिमा गएर टुङ्ग्याइन्छ । लोककथामा वक्ता अनुरूप केही थपघट वा परिवर्तन हुन्छ । आधुनिक कथाहरू लिखित रूपमा अभिव्यक्त गरिने हुँदा यो. अपरिवर्तनीय हुन्छ । लोककथाको प्रमुख उद्देश्य लोकवासीलाई मनोरञ्जन प्रदान गर्नु हो भने आधुनिक कथाले तत्कालीन समाजको यर्थाथ चित्रण गर्नु हो ।

## ३.८ नेपाली लोककथाको सङ्कलन र अध्ययनपरम्परा

लोक साहित्य लोकद्वारा रचित साहित्य हो । यो कहिले कसद्वारा रचियो ? सन्दिग्ध विषय हो । त्यसैले लोक साहित्यको विकासक्रम वा इतिहास लेख्न कठिन छ । साहित्यको इतिहास लेख्दा व्यक्ति कृति, समय, परिवेश र राजनैतिक घटना क्रमहरूले एउटा निश्चित गति र तथ्य दिन्छन् तर लोक साहित्यमा त्यस्तो तथ्य प्राप्त हुँदैन । लोक साहित्यका विभिन्न सामग्रीहरू विभिन्न समयमा रचना गरिए र लोक प्रचलनमा आए, यी लोककृतिका रूपमा लोकमा व्याप्त हुन्छन् । यिनको तथ्यपरक इतिहास लेख्न सकिँदैन । लोक साहित्यको इतिहास लेखन भनेको लोकमा छरिएर रहेका सामग्रीलाई सङ्कलन गरी प्रकाशन-प्रसारण गरेको तथ्यलाई कालक्रमिक रूपमा राखी विवेचना गर्नु हो । यस क्रमलाई ख्याल गरी विभिन्न विद्वान्हरूले लोक साहित्यको अध्ययन परम्परा निर्धारण गर्ने प्रयत्न गरेका छन् । ती प्रयत्नलाई सङ्केत गर्दै नेपाली लोककथाको अध्ययन परम्पराको सर्वेक्षण गर्ने प्रयत्न गरिएको छ ।[६४]

नेपाली लोक साहित्यको प्रारम्भ र विकास अन्तर्गत अध्ययन गर्दा कुन समयदेखि नेपाली लोककथाको आरम्भ भएको हो भन्ने निश्चित समय हामी किटान गर्न सक्दैनौ । नेपाली लोककथाहरू आदिम समयदेखि हालसम्म पनि लोक समाजमा मौखिक परम्परामा छरिएर रहेको हुनाले यसको प्रारम्भिक विन्दु पत्ता लगाउन साह्रै कठीन छ तापनि नेपाली लोककथाको निर्माण, स्रोत, सांस्कृतिक परम्परा, लिपिवद्ध गर्ने कार्य तथा सैद्धान्तिक आधारमा वर्गीकरण एवम् विश्लेषण गर्ने प्रयासहरूलाई दृष्टिगत गर्दा यसको अध्ययन परम्परालाई विभिन्न चरणमा विभाजन गरी विश्लेषण गर्न सकिन्छ । नेपाली लोककथाको विकास क्रमलाई हेर्दा यसका निम्नलिखित मुख्य चार चरणहरू देखा पर्दछन् ।

१. पृष्ठ भूमि काल (आरम्भदेखि वि.स १८२६ सम्म)

२. अनुवाद रूपान्तरण परम्परा काल -वि.स १८२७-वि.स १९९० सम्म)

३. लोककथाको विशुद्ध सङ्कलन परम्परा -वि.स १९९१-वि.स २०२४ सम्म)

४. लोककथाको अध्ययन र विश्लेषण काल -वि.स २०२६-देखि हाल सम्म)

### ३.८.१. पृष्ठभूमि काल (आरम्भदेखि वि.स. १८३२सम्म)

लोककथाको उत्पत्ति र विकास सम्बन्धित जाति र सभ्यताको विकाससँगै जोडिएको हुन्छ । तसर्थ नेपाली लोककथाको उत्पत्ति र विकासको चर्चा गर्दा नेपालीहरूको जातीय विकास र सभ्यताको विकाससम्म पुग्नु आवश्यक देखिन्छ । भाषाको विकास हुनुपूर्व नै लोककथा मौखिक परम्परामा लोक समाजमा प्रचलित थियो । नेपाली भाषाको एघारौं शताब्दी तिरको लेख्य रूप फेला परेको छ भने करिब छैटौं शताब्दीतिर यसको विकास भएको हुनुपर्दछ । आजको नेपाली संस्कृतिलाई हेर्दा शताब्दीपूर्व पनि नेपाली जातिको छुट्टै अस्तित्व

[६४] मोतीलाल पराजुली र जीवेन्द्र देव गिरी, पूर्ववत् पृ. १३ ।

रहेको थियो भन्ने सङ्केत पाइन्छ । नेपालीहरूको मूल संस्कृति आर्य संस्कृति हो । आर्य संस्कृत वाङ्मयमा रहेको अनेकौ आख्यान उपाख्यानहरू लोक संस्कृति र लोक परम्पराका रूपमा नेपाली जनजीवनमा अद्यापि विद्यमान छन् । फलतः नेपाली लोककथाको पृष्ठभूमिका रूपमा संस्कृत वाङ्मय र तिनबाट प्रचलनमा आएका लोककथालाई लिन सकिन्छ ।[६५]

आर्यहरूको मूल ग्रन्थ वेद हो । वेदको सर्वप्राचीन ग्रन्थ ऋग्वेदमा गीत र गाथा शब्दको प्रयोग पाइन्छ, इन्द्र अग्नि, वरूण, उषा आदिका गाथाहरू प्राप्त छन् । ऐतेरेय बाह्मण र शतपथ बाह्मण ऋचामा र गाथाको विभाजन गरिएको छ । देवताहरूका निम्ति ऋक र मानिसका निम्ति गाथाको प्रयोग भएको पाइन्छ । पारस्कर गृहसूत्रमा विवाहमा गाथा गाउने प्रचलनको उल्लेख छ । यो प्रथा आजसम्म पनि कायम नै छ । रामायण र महाभारतका आधारमा रामगाथा र कृष्णगाथाको गायन र अभिनय गर्ने प्रभाव अधावधि पाइन्छ ।[६६]

रामायण, महाभारत, हितोपदेश, पञ्चतन्त्र आदि लौकिक संस्कृतका आख्यानहरू प्रत्यक्ष वा परोक्ष रूपमा नेपाली लोककथाका आधार बनेका छन् । पञ्चतन्त्र, हितोपदेश र सुकसप्तति आदि कथा नेपाली भाषामा अनुवाद भएका छन् । पाली तथा प्राकृत भाषमा लेखिएको वौद्धजातकमाला, वृहत्कथा, गाथा सप्तशती तथा कथासरित्सागर नेपाली लोककथाका प्रत्यक्ष स्रोत हुन् ।

यसरी समग्रमा हेर्दा वैदिक वाङ्मयदेखि नेपाली साहित्यको विकास हुनुपूर्वको समयावधि नेपाली लोककथाको निर्माणको महत्त्वपूर्ण समय भएपनि लिखित सामग्री अभावले यसलाई पृष्ठभूमि कालका रूपमा राखिएको हो । नेपाली लोककथाको चरणगत अध्ययन गर्दा यस समयलाई प्रभाव र प्रेरणाका रूपमा स्वीकार गरिन्छ ।

### ३.८.२. अनुवाद रूपान्तरण परम्परा (वि.स. १८३३-१९९६ सम्म )

नेपाली लोककथाको परम्परालाई हेर्दा वैदिक वाङ्मय तथा लौकिक संस्कृत हुँदै विभिन्न भाषाका लोककथा अनुवाद हुन थाल्यो । नेपाली भाषामा मौलिक भाषाका लोककथाहरूको सङ्कलन हुनुभन्दा अगाडि विभिन्न भाषामा प्रचलित गद्यख्यानहरू नेपाली भाषामा रूपान्तरित गर्ने काम भएको थियो । संस्कृतका विद्वान्हरूले संस्कृत भाषामा प्रचलित रहेका लोककथाहरू अनुवाद गरे भने भारततर्फ पढ्न गएका विद्यार्थीहरूले हिन्दी, फारसी, उर्दू र वंगाली आदि भाषाबाट अनुवाद गरे ।  साक्षर नेपालीहरूले ती कथा खोजी-खोजी पढ्न थाले साथै भारतीय भूमिमा पढ्न जाने वा कुनै काम विशेषले गएका नेपालीहरूले स्वदेश फर्कँदा प्रेमख्यान वोकेर आए । ती प्रेमख्यानहरूले नेपाली भूमिमा पनि लोकप्रियता पाउँदै गए । कालान्तरमा गएर ती कृतिका नेपाली जनमानसका मनोरञ्जनका साथै दुःख सुःखका साधन र शिक्षाका मूल माध्यम भए र समय बित्ने क्रममा यिनै लोककथाहरूले मौलिक नेपाली लोककथाको स्वरूप लिन सफल भए । अनुवाद तथा रूपान्तरण परम्परामा आधारित लोककथाले नेपाली लोककथाको क्षेत्रमा अपूर्व योगदान पुऱ्याएका छन् । नेपाली लोककथाको विनासक्रममा यस्ता लोककथाको अनुवाद र प्रकाशन अवस्थालाई यसरी छुट्याउन सकिन्छ

### क. संस्कृत स्रोतबाट अनुवाद गरिएका लोककथाहरू

संस्कृतका नेपाली विद्वान्हरूले संस्कृतमा रहेका विभिन्न किसिमका रोमाञ्चक एवम् शिक्षप्रद आख्यानलाई नेपाली भाषामा रूपान्तरित गर्ने काम गरेका छन् । नेपालीमा रहेका विभिन्न किसिमका

---

६५. मोतीलाल पराजुली 'नेपाली लोककथाको सङ्कलन र अध्ययन परम्परा' **मधुपर्क**, २०५९, लोककथा विशेषङ्क पृ. १२४ ।

६६. मोतीलाल पराजुली र जीवेन्द्र देव गरी, पूर्ववत् पृ. १५ ।

लोककथाहरू मूलस्रोत संस्कृतका वाङ्मयहरू हुन् जस्तै पौराणिक कथा, तान्त्रिक कथा, नैतिक कथा एवम् दृष्टान्त कथाहरू । संस्कृतमा रहेका विभिन्न किसिमका प्रेमख्यान, रोमाञ्चक शिक्षाप्रद आदि लोककथाहरू पनि नेपाली भाषामा रूपान्तरण भएका छन् ।

संस्कृत स्रोतबाट नेपाली भाषामा अनुवाद भएका कृतिहरूमा भानुदत्तको **हितोपदेश मित्रलाम**, **दशकुमार चरित** (१९७५) आदि कथाका पाण्डुलिपि पाइएका छन् । प्रकाशनमा आएका कृतिहरूमा १८७२ मा प्रकाशित **पिनासको कथा**, एटनका **मुन्सीको तीन आहान** (१८७७), हरिहर शर्माको **स्वस्थानी व्रतकथा** (१९४२) शर्माकै **सत्यनारायण कथा** (१९४८), **नरदेवको नलोपाख्यान** (१९५९) दामोदरराज पण्डितको **रत्न दन्त्यकथा** (१९६२) **नित्यानन्द सिग्द्यालको नल दमयन्ती** (१९९०) लगायतका आख्यानात्मक कृतिहरू प्रकाशित छन् ।

## ख. हिन्दी, उर्दू, फारसी, बङ्गाली आदि भाषाबाट अनुवाद गरिएका लोककथात्मक कृतिहरू

भारतीय भूमिका पढ्नका लागि बसेका नेपाली मूलका विद्यार्थीहरूले हिन्दी, फारसी, उर्दू, वङ्गाली भाषामा रहेका रोमाञ्चक र कौतूहलपूर्ण लोकप्रिय प्रेमाख्यानहरू नेपाली भाषामा अनुवाद गरी नेपाली भूमिमा भित्र्याउन सफल रहे । यी अनुवाद गरेका कृतिहरू नेपाली भाषा र भूमिमा अत्यन्त सफल भयो । त्यसैले एकताका यो अनुवाद गर्ने लहर नै नेपालीहरूमा थल्यो । यसरी आएका लोकाख्यानहरूमा हरिहर शर्माको **सुकवहत्तरी** (१९५०) अज्ञात लेखकको **लालहीराको कथा** (१९५०), **मधुमालतीको कथा**, नरदेव पाण्डेको **वीरवल चातुरी** (१९५६), भैरवप्रसाद शर्माको **सुत्ने कथा पहिलो गुच्छ** (१९७१), शम्भुप्रसाद ढुङ्गेलको **हात्तीमताई** (१९८१) **गुलवकावली** (१९८१) **तोतामैनाको कथा** (१९४८) सदाशिव शर्माको **वीरवल कौतुक** (१९८२) पद्मप्रसादको **अचम्मको वच्चाको कथा** (१९८५) आदि कृतिहरू रहेका छन् ।

## ग. नेपाली लोककथाको विशुद्ध सङ्कलन तथा प्रकाशन परम्परा (वि.सं. १९९६-२०२४ सम्म)

नेपाली लोककथाको विकासक्रममा वि.सं. १९९६ सालदखि नेपाली लोकजीवनमा प्रचलित मौलिक लोककथाको सङ्कलन तथा प्रकाशन गर्ने कार्य शुभारम्भ भयो । यस कार्यको थालनी बोधविक्रम अधिकारीको **नेपाली दन्त्यकथा** (१९९६) बाट भएको हो । यस सङ्ग्रहमा रहेका कतिपय लोककथाहरू संस्कृतबाट अनूदित गरिएका छन् तर कतिपय लोककथाहरू नेपाली लोकजीवनमा प्रचलित रहेका लोककथाहरू पनि रहेका छन् । नेपाली लोककथा परम्परामा टेवा पुऱ्याउने अन्य स्रष्टा र कृतिहरूमा पारस मणि प्रधानको **नेपाली उखानको वर्णानुसारी सूची** (१९९८), **नेपाली मुहावरा** (२००१), ललिलजङ सिजापतिको **नेपाली ऐतिहासिक कथा सङ्ग्रत** (२००८), सुवर्ण शमशेर जवराको **दन्त्यकथा** (२००५), इमान सिं चेमजोङको **किराती दन्त्यकथा** (२०२१) र ललितजङ सिजापतिको **नेपालका लोककथा २०२४** आदि रहेका छन् ।

नेपाली लोककथाको परम्परामा वि.सं. १९९६ देखि विशुद्ध मौलिक नेपाली लोककथाको सङ्कलन तथा प्रकाशन कार्य प्रारम्भ भएको छ ।

## घ. नेपाली लोककथाको अध्यय-अनुसन्धान र विश्लेषण परम्परा (२०२६ देखि हाल सम्म)

नेपाली लोक साहित्यलाई वैज्ञानिक दृष्टिले हेर्नु यस चरणको शुरूवातबाट भयो । यस समयमा लोकवार्ता, लोक साहित्यको सैद्धान्तिक अवधारणाको विकास र विधागत सचेतताका आधारमा लोक साहित्यको सामग्री सङ्कलन र विश्लेषण गर्ने कार्य भएको छ । लोक साहित्यको अन्वेषणमा क्षत्रीय अध्ययनमा जोड दिनु अनुसन्धान विधिको प्रयोग गरी लोक साहित्यको विश्लेषण गर्नु, एकल र वहुल पद्धतिको प्रयोग गरी अध्ययनमा

विविधता ल्याउनु अध्ययन विश्लेषणको कार्य मात्र नभएर लोक साहित्यको सङ्कलन कार्यमा पनि यो समन्य निरन्तर क्रियाशील छ । अझ स्नातकोत्तर तह र विद्यावारिधि तहको शोधकार्यहरू पनि यस समयमा भएका छन् र नेपाली लोक साहित्यको अध्ययन अन्तर्राष्ट्रिय स्तरसम्म पुगेको छ ।[६७]

नेपाली लोककथा नेपाली जातिको उत्पत्ति जातिकै पुरानो भए पनि यसको सैद्धान्तिक अध्ययन तथा विश्लेषण भर्खरै मात्र आएर हुन थालेको हो । हाम्रो संस्कृति नामक पत्रिकामा वासुदेव त्रिपाठीको २०२६ सालमा प्रकाशित 'लोककथाका मूल्यहरूलाई औल्याउन खोज्दा' शीर्षकको लेखबाट नेपाली लोककथाको सैद्धान्तिक अध्ययन-विश्लेषण परम्पराको प्रारम्भ भएको हो ।[६८] यस लेखमा उनले लोककथाको परिचय, उत्पत्ति र विकासलाई कोट्याएका छन् ।"भन्ने र सुन्ने क्रममा विकसित कथा नै लोककथा हुन्" भन्दै लोककथालाई परिभाषित गरेका छन् । नेपालमा विकसित तथा अविकसित जातिका लोककथाको महत्व बुझी सङ्कलन तथा विश्लेषण गर्नु पर्ने कुरा पनि प्रस्तुत लेखमा उल्लेख गरेका छन् ।

तुलसी दिवसको सम्पादनमा नेपाल राजकीय प्रज्ञाप्रतिष्ठानबाट २०३२ सालमा नेपाली लोककथा प्रकाशित भयो । यसमा १३२ वटा लोककथा सङ्कलित छन् । यसै कृतिको भूमिकामा यिनले नेपाली लोककथाको चर्चा गर्दै लोककथालाई दश वर्गमा वर्गीकरण गरेका छन् । उनले नै नेपाली **लोककथा : केही अध्ययन** (२०३३) मा विभिन्न विद्वान्हरूको वर्गीकरण सम्बन्धी आधारहरू औल्याउँदै नेपाली लोककथालाई दश वर्गमा वर्गीकरण गर्दै ऐतिहासिक, सांस्कृतिक नेपाली लोककथाहरूको विवेचना समेत गरेका छन् ।[६९]

चूडामणि वन्धुले **नेपाली लोक साहित्य** (२०५८) मा लोककथा सम्बन्धी एउटा छुट्टै अध्याय राखेर त्यसमा लोककथाको परिचय र प्रकार, विशेषता, उत्पत्ति, अन्य विधासँग यसको सम्बन्ध, लोककथाको अध्ययन पद्धति आदि कुराको बारेमा सैद्धान्तिक अवधारण उल्लेख गरेका छन् । **धर्मात्मा राजा** (२०५९) मा मोतीलाल पराजुलीले बीसवटा लोककथाहरूको सङ्कलन गरेका छन् भने यसै पुस्तकको भूमिकामा लोककथाको परिचय, संरचक तत्त्व तथा वर्गीकरण सम्बन्धी कार्यलाई सामान्य उल्लेख गरेका छन् । मधुपर्क पत्रिकाले लोककथा विशेषाङ्क चूडामणि वन्धु, हंशपुरे सुवेदी, मोतीलाल पराजुली, खेम कोइराला आदि लोककथा विद्वान्हरूले लोककथाको सैद्धान्तिक अवधारणा तथा अध्ययन परम्परासम्बन्धी लेखहरू लेखेका छन् भने लोककथाहरू पनि सङ्कलन गरिएका छ । २०६३ सालमा लोक-सस्कृति पत्रिकामा मोतीलाल पराजुलीको 'संरचनावादी अध्ययन पद्धतिका आधारमा नेपाली लोककथाहरूको विश्लेषण' शीर्षकको लेख छापिएको छ । यसमा उनले संरचनावादको परिचय दिँदै रूसी लोकवार्ताविद् ग्लादिमिर प्रोपका संरचक सूत्रको समेत परिचय दिएका छन् भने प्रोपका ३१ प्रकार्यहरूको सूची पनि प्रस्तुत गरेका छन् ।

मो.प. ले नेपाली लोककथाको संरचक सूत्रहरूको प्रयोग भनेर **राजामौना**, **भैते लामा र कुन्टा बोक्सी** र **हाइरानी चाँदनी** लोककथाको संरचनात्मक विश्लेषण गरेका छन् । मोहनराज शर्मा र खगेन्द्र प्रसाद लुईटेलले **लोकवार्ता विज्ञान र लोक साहित्य** (२०६३) मा लोककथाको छुट्टै अध्ययन राखी लोककथाको परिचय, परिभाषा उत्पत्ति, संरचक तत्त्व तथा वर्गीकरण सम्बन्धी कुरालाई उल्लेख गरेका छन् ।[७०] मोतीलाल पराजुली र जीवेन्द्र देव गिरीले **नेपाली लोक साहित्यको रूपरेखा** २०६८ मा लोक साहित्यको सैद्धान्तिक स्वरूप र पाठहरूको विधा

---

[६७] मोतीलाल पराजुली र जीवेन्द्र देव गिरी, पूर्ववत् पृ १८ ।

[६८] वासुदेव त्रिपाठी 'लोककथाको मूल्यहरूलाई औल्याउन खोज्दा' **हाम्रो संस्कृति** वर्ष ३, अङ्क ३' २०२६ पृ. २७-३१ ।

[६९] तुलसी दिवस, नेपाली लोककथा : केही अध्ययन (काठमाडौँ: ने. रा. प्र . रा. २०३३) पृ. ३८-६५ ।

[७०] मोहनराज शर्मा र खगेन्द्र प्रसाद लुइटेल, पूर्ववत् पृ ३७१-३८० ।

विभाजन गरी तिनको चरण विभाजन गर्दा लोक साहित्यको अन्वेषण र समीक्षण गर्ने दिशातर्फ ध्यान दिँदै धुव्रताराको कथा, परिकथा, बाँदर्नी मैयाको कथा, खपटा आदि लोककथाको संरचनात्मक विश्लेषण गरेका छन् ।[71]

लोककथाको अध्ययन अनुसन्धान तथा विश्लेषण परम्परालाई हेर्दा त्रिभुवन विश्वविद्यालय, नेपाल केन्द्रीय विभागले पनि महत्त्वपूर्ण योगदान पुऱ्याउन सफल भएको छ । यस विभागद्वारा नेपाली लोककथाका वारेमा थुप्रै अध्ययन-अनुसन्धान तथा विश्लेषण कार्य भइरहेका छन् । यसै क्रममा यस विभागद्वारा मोतीलाल पराजुलीले नेपाली लोककथाहरूको अभिप्रायहरूको अध्ययन (२०५४) शीर्षकमा विद्यावारिधि शोधप्रवन्ध नै तयार पारेका छन् । त्रिभुवन विश्वविद्यालय अनुदान आयोगद्वारा लघु अनुसन्धानका क्रममा पनि लोककथाको सङ्कलन कार्य भईरहेको छ । **अर्धाखाँची जिल्लामा प्रचलित लोककथाको अध्ययन तथा विश्लेषण** (२०५७) शीर्षकमा माधव प्रसाद चुँदालीले लोककथाको लधु अनुसन्धान गरेका छन् । नेपाली केन्द्रीय विभाग, स्नातकोत्तर तहको शोधपत्र अध्ययनमा विभिन्न जिल्ला तथा क्षेत्रबाट नेपाली लोककथाका बारेमा प्रशस्त अध्ययन-अनुसन्धान तथा विश्लेषण कार्यहरू निरन्तर भइरहेका छन् । यस विभागबाट नेपाल लोककथाको बारेमा तयार पारिएका शोधपत्रहरूमा प्रेमवहादुर अधिकारीको **बागलुङ जिल्लामा प्रचलित नेपाली लोककथाको सङ्कलन र विश्लेषण** (२०५८) रेनुका राईको **नेपाली भाषामा प्रकाशित किराती लोककथाहरूको वर्गीकरण र विश्लेषण** (२०५८) दधीराम पन्थीको **गुल्मेली नेपाली लोककथाको अध्ययन** (२०६०) अनिता देवी भट्टराईको **पाँचथर जिल्लामा प्रचलित लोककथाको सङ्कलन, वर्गीकरण र विश्लेषण** (२०६१) लोकनाथ रिजालको **धादिङ जिल्लामा प्रचलित लोककथाको सङ्कलन, वर्गीकरण र विश्लेषण** (२०६३) देवेन्द्र लम्सालको **म्याग्दी खोला क्षेत्रमा प्रचलित लोककथाको अध्ययन** (२०६३) सुनिता अर्यालको **गोरखा जिल्लामा प्रचलित लोककथाहरूको सङ्कलन, वर्गीकरण र विश्लेषण** (२०६३), भक्त वहादुर राईको **नेपाली बालकथामा लोक साहित्यको प्रभाव** ( २०६३) रमेश चन्द्र भट्टराईको **अर्धाखाँची जिल्लामा प्रचलित नेपाली लोककथाको अध्ययन** (२०६४) आदि शोधपत्र उल्लेखनीय छन् । यी शोध पत्रमा रहेका लोककथाहरूले विभिन्न जिल्ला वा क्षेत्रमा रहेका प्रचलित लोककथाहरूको प्रतिनिधित्व गर्दै लोककथाको सैद्धान्तिक आधारमा वर्गीकरण र विश्लेषण गर्ने कार्य गरिएको छ ।

नेपाली लोककथाको विकासक्रम विभिन्न चरण र उपचरण मध्ये यो चरणले लोककथाको इतिहासमा विशेष उल्लेखनीय योगदान पुऱ्याएको छ । **हाम्रो सस्कृति** (२०२६) नामक पत्रिकामा वासुदेव त्रिपाठीको लेख **'लोककथामा मूल्यहरूलाई औल्याउन खोज्दा'** बाट प्रारम्भ भएको लोककथाको अध्ययन, अनुसन्धान तथा विश्लेषणपरम्पराले ४३ औं वसन्त पार गर्दै निरन्तर अघि बढिरहेको छ । देशका विभिन्न जिल्ला क्षेत्र र इलाकाबाट लोककथाको सङ्कलन कार्य भइरहेको छ भने नयाँ लोक साहित्यक सिद्धान्त तथा अर्न्तविषयक सिद्धान्तका आधारमा सङ्कलित लोककथाको विश्लेषण गर्ने कार्य पनि भइरहेको पाइन्छ ।

## ३.९ निष्कर्ष

लोककथा लोक साहित्यको आख्यानयुक्त गद्यविधा हो । यसमा लोकवासीको आस्था, विश्वास, परम्परा, संस्कृति आदि प्रतिविम्बित भएर रहेका हुन्छन् । लोककथाको उत्पत्तिका वारेमा विभिन्न विद्वान्हरू विभिन्न मतमतान्तर रहेका छन् । जसमध्ये प्रसारवाद, विकासवाद, प्रकृति रूपकवाद, इच्छा पूर्तिवाद र यथार्थवाद आदि विशेष महत्त्वपूर्ण रहेका छन् । लोककथाको वर्गीकरण पनि प्रायः विद्वान् पिच्छे फरक फरक रहेका छन् ।

[71] मोतीलाल पराजुली र जीवेन्द्र गिरी, पूर्ववत् पृ १७२-२११ ।

आख्यानको प्रधानता विषयको व्यापकता, कल्पनाको प्रधानता, मनोरञ्जनात्मक, गद्यात्मक, वर्णनात्मक शैली आदि लोककथाको प्रमुख विशेषता हुन् । कथावस्तु, पात्र, परिवेश, उद्देश्य, शैली र भाषा आदि संरचनात्मक तत्वको संयोजनबाट लोककथाको स्वरूप निर्माण हुन्छ । लोककथाको आधुनिक कथा र लोकगाथासँग निकटत्म सम्वन्ध रहेको हुन्छ । यिनीहरूको संरचना केही मिल्दो जुल्दो भए तापनि यिनीहरू स्वतन्त्र अस्तित्व भएका विधाहरू हुन् । नेपाली लोककथाको सङ्कलन तथा अध्ययन परम्परा वोधविक्रम अधिकारीको **नेपाली दन्त्य कथा** १९९६ बाट सुरू भएका नेपाली लोककथाको परम्परा हालसम्म गतिशिल रूपमा रहेको छ । नेपाली लोककथाको सैद्धान्तिक अध्ययन परम्परा वासुदेव त्रिपाठी २०२६ सालबाट सुरू भएको हो । अहिले आएर लोक साहित्यका जगत्मा विभिन्न नवीन सिद्धान्त तथा अन्तर्विषयक सिद्धान्तका आधारमा लोककथाको अध्ययन विश्लेषण भईरहेको छ ।

# चौथो परिच्छेद

## ४. पौराणिक, साँस्कृतिक एवम् ऐतिहासिक लोककथाको विश्लेषण

### ४.१ परिचय

पौराणिक कथामा ब्राह्मणको सृष्टि, स्थिति र प्रलयका बारेमा वर्णन गरिएको हुन्छ । देवी, देवता, मानिस, प्राणी र पदार्थहरुको उत्पत्ति, विशेषता र स्वभावको वर्णन गरिएको हुन्छ । धार्मिक महत्वका विषयको वर्णन गरिएको हुन्छ । विभिन्न तन्त्रका माध्यमबाट विभिन्न किसिमका उपचार गर्ने विधिका सार्थ यस्ता कथामा धार्मिक तत्व बडी रहन्छ । यस्तो कथा विभिन्न आस्थाका साथ भन्नुका साथै सुन्ने गरिन्छ । विभिन्न जनजाति र संस्कार अनुसार विभिन्न किसिमका लोककथहरु रहेका हुन्छन् । ती लोककथाहरुमा आफ्नो सस्कार बमोजिम अलग अलग किसिममा प्रस्तुत भएको हुन्छ ।

समाजमा घटेका विभिन्न किसिमका घटनाहरुलाई कलात्मक रुपमा वर्णन गरी प्रस्तुत गरिने कथाहरु सामाजिक लोककथाहरु हुन् । अन्य कथाहरुको तुलनामा यस्ता कथाहरु यर्थाथको नजिक रहेका हुन्छन् ।

### ४.२ ताप्लेजुङ जिल्लामा प्रचलित लोककथाको वर्गीकरण

लोककथामा लोकजीवनमा प्रचलित विभिन्न विषयहरू तथा अति कल्पनाका माध्यमबाट रचना गरिएका धेरै प्रकारका विषयहरूका चित्रण गरिएका हुन्छन् । विषय प्रयोगको दृष्टिले लोककथाको क्षेत्र धेरै विशाल छ । त्यसैले यसको वर्गीकरण गर्न कठिन हन्छ । लोककथाहरू कति प्रकारका हुन्छन् भन्ने बारेमा धेरै विद्वान्हरूले आ-आफ्ना आधारहरू प्रस्तुत गर्दै कथाको वर्गीकरण गरेका पाइन्छ ।[७२] तुलसी दिवसले नेपाली लोककथालाई दस भागमा विभाजन गरेका छन् । उनले लोककथा वर्गीकरणको मुख्य आधार लोककथाका विषयवस्तु, पात्र र उद्देश्यलाई बनाएका छन् । लोककथा वर्गीकरण बारेमा तुलसी दिवस भन्छन् :"नेपाली लोककथाहरूलाई लिएर गरिएको यो वर्गीकरण पूर्णत : वैज्ञानिक छ, यसमा अदलबदल गर्न सकिन्न भन्ने लालमोहोरिया दावा गर्न सकिन्न किनभने चाहिए जति सङ्ख्यानमा नेपाली लोककथाको उपयुक्त सङ्कलन गरिसकेकै छैनौ ।"[७३] लोकवार्ता विज्ञान र लोक साहित्यका लेखक मोहनराज शर्मा र खगेन्द्र प्रसाद लुइटेलको भनाइमा"लोककथाको अत्यन्त व्यापकता र विविधताका कारण वर्गीकरण गर्न धेरै गाह्रो छ । असङ्ख्य विषयमा लोककथा पाईने हुँदा र तिनको वर्णन पनि असङ्ख्य लोककथा पाइने हँदा र तिनको वर्णन पनि उपभेदलाई निश्चित प्रकारहरूमा समेट्न निकै जटिल र समस्यापूर्ण हुन्छ । जतिसुकै कठिन भए पनि लोककथाको वर्गीकरण गर्ने प्रयासै नभएका होइनन् तर ती सन्तोष जनक र सर्वमान्य हुन सकेका छैनन् ।"[७४] उनीहरूले लोककथालाई शिल्पविधान, भाव, उद्देश्य र विषयवस्तुका आधारमा वर्गीकरण गरेका छन् ।[७५] यस शोधपत्रको परिशिष्ट एकमा प्रस्तुत गरिएका लोककथाका आधारमा ताप्लेजुङ जिल्लामा प्रचलित नेपाली लोककथाको वर्गीकरण गरिएको छ । सङ्कलित लोककथाको अध्ययन तथा विभिन्न विद्वान्हरूका लोककथा वर्गीकरण सम्वन्धी अवधारणालाई अध्ययन तथा चिन्तन मनन् गर्दै यो वर्गीकरण प्रस्तुत गरिएको हो । यस वर्गीकरणमा

---

[७२] मोतीलाल पराजुली र जीवेन्द्र देव गिरी पूर्ववत् पृ. १८७ ।

[७३] तुलसी दिवस, **नेपाली लोककथाः केही अध्ययन** (काठमाडौँ ने.रा.प्र.प्र २०३२) । पृ. ३८ ।

[७४] मोहनराज शर्मा र खगेन्द्रप्रसाद लुइटेल, पूर्ववत् पृ. ३७२ ।

[७५] ऐजन ।

लोककथाको विषयवस्तु पात्र र उद्देश्यलाई विषय ध्यानमा राखिएको छ । यसरी लोककथालाई निम्न लिखित चार वर्गमा वर्गीकरण गरिएको छ ।

क) सामाजिक-लोककथाहरू

ख) पौराणिक-सांस्कृतिक लोककथाहरू

ग) ऐतिहासिक-लोककथाहरू

घ) अलौकिक-काल्पनिक लोककथाहरू

**क) सामाजिक-लोककथाहरू**

समाज र सामाजिक घटना र परिवेशसँग सम्वन्धित लोककथाहरू सामाजिक लोककथा हुन् । सामाजिक व्यक्ति, स्थान र घटनाहरूको परिचय, चाडपर्व, उत्सव आदिको उत्पति र विकास सम्वन्धी कथाहरू यसै वर्गमा समावेश हुन्छन् साथै समाजका प्रसिद्ध किवंदन्ती, जनश्रुति, आख्यानहरू एवम् परम्परा, लोकविश्वास र रीतिरिवाजसँग सम्वन्धित कथाहरू पनि यसै वर्गमा समाविष्ट हुन्छन् ।

सामाजिक रहनसहनमा आधारित यी कथाहरू मौखिक रूपमा एक पुस्ताबाट अर्को पुस्तामा पुस्तौँपुस्तासम्म हस्तान्तरित हुने हुनाले लोकले आफ्नो विश्वास, रूचि, कल्पना जातीय अस्तित्त्व, भाषा, परम्पराअनुसार केही थपघट गर्ने गर्दछ । सामाजिक लोककथामा समाजका भाषा संस्कृति, चालचलन जस्ता कुराहरू उद्घाटन भएका हुन्छन् । सामाजिक लोककथाहरू जातीय तथा स्थानीय सामाजिक तथ्यमा अध्ययनका निमित्त उपयोग र महत्त्वपूर्ण हुन्छ ।

ताप्लेजुङ जिल्लामा प्रचलित सामाजिक लोककथाहरूमा 'कुर्ले ढुकुरको कथा' र 'सवै भन्दा ठूलो शत्रु' आदि रहेका छन् ।

**ख) पौराणिक-सांस्कृतिक लोककथाहरू**

पूजा, पाठ, धर्मकर्म, देवीदेवता तथा पौराणिक विषयलाई लोकसमाजले ग्रहण गरेर निर्माण गरिएका कथा पौराणिक तथा सांस्कृतिक कथा हुन् । पौराणिक कथाहरूमा लोक समाजले पौराणिक विषयवस्तुलाई ग्रहण गरी काल्पनिक सजावटसहित आकर्षक र मनोरञ्जक बनाई अर्को पुस्तामा हस्तान्तरण गर्दछ । पौराणिक लोककथाहरूमा प्राचीन कालमा घटित घटनाहरूको वर्णन हुन्छ । पौराणिक ग्रन्थहरूमा वर्णित राजा-, देवी-देवता तथा महापुरूष विषयक लोकमा प्रचलित कथाहरू नै पौराणिक सांस्कृतिक लोककथा हुन् । यस्ता कथाहरूमा स्थानीय लोकका धार्मिक मूल्य मान्यता एवम् आस्था र विश्वास प्रतिबिम्बित हुन्छन् । सांस्कृतिक लोककथाहरू स्थानीय भाषा, संस्कृति, परम्परा र रहनसहन जस्ता विविध विषयहरू समेटिएका हुन्छन् । त्यस्तै ताप्लेजुङ जिल्लामा प्रचलित रहेका पौराणिक सांस्कृतिक लोककथाहरूमा 'पाथिभराको कथा' र 'लिम्बुनी माछाको कथा' आदि रहेका छन् ।

**ग) ऐतिहासक लोककथाहरू**

ऐतिहासिक व्यक्ति, स्थान, घटना तथा जनश्रुतिसँग सम्बन्धित लोककथाहरू ऐतिहासिक लोककथा हुन् । ऐतिहासिक व्यक्ति, स्थान र घटनाहरूको संरक्षण गर्न यस वर्गका लोककथाले महत्वपूर्ण भूमिका खेलेका हुन्छन् । ऐतिहासिक लोककथाहरूमा राजा महाराजा, स्थानीय देवीदेवता, मन्दिर निर्माण आदिसँग सम्बन्धित विषय रहेका हुन्छन् । ऐतिहासिक लोककथाले जातीय, स्थानीय र राष्ट्रिय घटनाहरूको स्मरण गर्न र महत्त्व बुझ्न भूमिका खेलेका हुन्छन् ।

ताप्लेजुङ जिल्ला अविकसित र हिमाली जिल्ला भए तापनि यहाँ आफ्नै जातीय पहिचान र स्थानीय परिचय रहेका पाइन्छ । यस जिल्लामा प्रचलित रहेका ऐतिहासिक लोककथाहरूमा 'यलम्वर हाङको कथा', 'सिलीनाचको कथा' चाम्लिङको जो खाना र सोक्पाको कथा आदि रहेका छन् ।

**घ) अलौकिक काल्पनिक लोककथाहरू**

यस लोकमा सम्भव नहुन परलौकिक कथालाई अलौकिक लोककथा भनिन्छ । यस किसिमको कथामा प्रचुर मात्रामा कल्पना प्रयोग गरिएको हुन्छ । पात्र परिवेश र विषयवस्तुमा अकस्मात् परिवर्तन ल्याई निश्चित उद्देश्य पूरा गर्न यी कथाको महत्त्वपूर्ण पक्ष हो । यस्ता कथामा पात्रहरू राजा, महाराजा, राजकुमार, राजकुमारी, भूतप्रेत, अप्सरा, नागकन्या, बोट विरूवा, पशुपंन्छी, ढुङ्गा, माटो, नदी, नाला आदिले मानव जस्तै बोली व्यवहार गरी असम्भव प्रायः कार्यलाई सहजै संम्भव तुल्याउँछन् । यस्ता कथाहरू कौतहलपूर्ण र मनोरञ्जनपूर्ण हुने गर्दछ । कल्पनाको अत्यधिक प्रयोग गरिने हुनाले स्रोतालाई पनि कल्पनाको सारगमा डुवुल्की मार्न वाध्य बनाउछ । यस वर्गका कथामा अतिमानवीय प्रवृतिका कथा साहसिक प्रवृतिका कथा, परिकथा, पूर्वीकथा, फलफूल वोटविरूवा सम्बन्धी लोककथाका साथै काल्पनिक कथाहरू पर्दछन् ।

अलौकिक काल्पनिक लोककथा अन्य कथाहरूमा वढी अपत्यारिलो र अविश्वासिलो हुने गरे तापनि यसले लोकबासीलाई भर्खर मनोरञ्जन प्रदान गर्दछ । अन्य जिल्लामा भैं ताप्लेजुङ जिल्लामा पनि प्रचलित रहेका अलौकिक काल्पनिक कथाहरूमा 'नौसिङगे राँगाको कथा', 'राक्षेसनी बुढीको कथा', 'कोइली चराको कथा', 'उत्तीस र बाँसको कथा', 'चिन्द्रुक्पा चराको कथा' र 'बाँदर र बाघको कथा' आदि रहेका छन् ।

ताप्लेजुङ जिल्लामा प्रचलित लोककथाको वर्गीकरण प्रस्तुत सामग्रीका आधारमा यसरी गर्न सकिन्छ ।

**लोककथा**

| पौराणिक सांस्कृतिक लोककथाहरू | ऐतिहासिक लोककथाहरू | सामाजिक लोककथाहरू | अलौकिक काल्पनिक लोककथाहरू |
|---|---|---|---|
| पाथिभराको कथा | यलम्वर हाङको कथा | कुर्ले ढुकुरको कथा | नौसिङगे राँगाको कथा |
| लिम्वुनी माछा | सिलीनाचका कथा | सबैभन्दा ठूलो शत्रु | राक्षेसनी बुढीका कथा |
| | चाम्लिङको जोखाना | | कोइली चरीको कथा |
| | सोक्पाको कथा | | उत्तीस र बाँसको कथा |
| | | | चिन्द्रुक्पा चराको कथा |

यसरी समग्रमा हेर्दा प्रस्तुत लोककथाको वर्गीकरण सङ्क्षिप्त तथ्यपूर्ण र वैज्ञानिक रहेको छ । यस वर्गीकरणमा समग्र नेपाली लोककथालाई समेट्न सकिन्छ ।

## ४.३ आख्यान तत्त्वका आधारमा ताप्लेजुङ जिल्लामा प्रचलित पौराणिक सांस्कृतिक लोककथा र ऐतिहासिक लोककथाको विश्लेषण

ताप्लेजुङ जिल्लामा प्रचलनमा रहेका पौराणि सांस्कृतिक तथा ऐहिसाहिक कथाको सङ्कलन गरी तिनका मूल पाठको दिएका आख्यान तत्त्वका आधारमा ती लोककथाहरूको विश्लेषण गर्ने कार्य प्रस्तुत शीर्षकमा गरिएको छ ।

### ४.३.१ पाथिभराको कथा

प्रस्तुत कथा पूर्वाञ्चल विकास क्षेत्रको ताप्लेजुङ दोखु ठाउँमा रहेको पाथिभरा देवीको आख्यानमा आधारित छ । पाथिभरा देवीलाई मनोकमना पूरा गर्ने देवीका रुपमा लिने गरिन्छ । यहाँ सोही कथाको मूलपाठ दिएर तत्त्वगत अध्ययन गरिन्छ ।

**मूलपाठ**

धेरै वर्ष पहिले पहाडमा गोठ राख्ने चलन थियो । गोठालाहरू आफ्ना गोठमा भेडा गाई, भैँसी, बाखाहरू राख्ने गर्दथे । एउटा भेडा गोठालाको ४०० जति भेडाहरू भएको भेडा गोठ थियो । एक दिन त्यस गोठालालाई भेडाको गोठ सार्न मन लागेछ । भेडाहरूलाई चौरीमा चराएर गोठाला गोठ सार्नका निम्ति किल्लाहरू उखेल्दै थियो । भेडाहरू चरिरहेको ठाउँबाट एक्कासी हराएछ । सबै भेडाहरू हराएको देखेर त्यो गोठाला अचम्म मान्दै आफ्नो भेडा खोज्न थालेछ । उसले दिन भरि खोज्दा पनि भेडा नभेटाए पछि थकित हुँदै आफ्नो गोठमा फर्किएर आएछ । ऊ अति नै चिन्तित हुँदै केही नखाइकन सुतेछ । राती सपनामा एक अति सुन्दरी केटीले भनेछ  यस पहाडको चुलीमा गई देवीको थान स्थापना गरी पूजा गरे तिम्रो सबै भेडाहरू भेटिन्छन् भनेर त्यो गोठालो बिहान उठी सवेरै चुलीमा गई एउटा ढुङ्गा गाडी त्यहाँ अक्षेता पाती चढाएर देवीको पूजा गरी आराधना गरे । त्यसपछि फर्किएर आफ्नो गोठमा आउँदा सबै भेडाहरू आफ्नो गोठ वरिपरि चरिरहेको भेटिएछन् । आज भोलि त्यो गोठालाले स्थापना गरेको देवी थान पाथिभरा माताको नामले परिचित छ ।

भन्नेलाई फूलको माला , सुन्नेलाई सुनको माला ,

यो कथा वैकुण्ठ जाला , भन्ने वेला खुरूखुरू आउला ।

#### ४.३.१.१ 'पाथिभराको कथा' को विश्लेषण

**(क) कथानक**

प्रस्तुत कथाको कथानक पौराणिक-सांस्कृतिक आधारित छ । एउटा गोठालाले गोठ सार्नू, अचानक भेडाहरू चरिरहेको ठाउँबाट लोप हुनु, राति सुतेको बेला सुन्दरी केटीको दर्शन, गोठको टुप्पामा गएर मन्दिर स्थापना गर्नु आदि मूल घटनाहरूको सङठनबाट कथा निर्मित भएका छन् । गोठालेहरू गोठमा बस्नु गाइ भैँसीको स्याहार सुसार गर्नु, गोठ सार्नु र धाँस भएका ठाउँमा वस्तु चराउनु आदि कथाको प्रारम्भिक भाग हो । एक दिन एकाएक वस्तु चरिरहेको ठाउँबाट हराउनु, गोठालाले दिनभरि खोज्नु, वस्तु नपाएपछि भोकै राती सुत्नु, राती सपनामा परम् सुन्दरीले गोठको डाँडामा मन्दिर स्थापना गर्ने सल्लाह दिनु, विहान उठेर डाँडामा गएर मन्दिर स्थापना गर्नु, यस कथाको विकास भाग हो । मन्दिरबाट गोठ आउनु, गोठ आउँदा सबै वस्तु गोठ छेउमा चरिरहनु समापन भाग हो । रहस्य र रोमाञ्चकले भरिएको यी घटनाहरूको संयोजनबाट प्रस्तुत कथा निर्मित छ । आख्यानको बनोटका दृष्टिले यो कथा रहस्यमूलक, कुतूहलपूर्ण एवम् स्वैरकल्पनाले युक्त सफल एवम् रोमाञ्चकारी बन्न पुगेको छ ।

यस कथामा गोठ छेउमा चरिरहेको वस्तु अचानक हराउनु, राती सपनामा परम् सुन्दरीले मन्दिर स्थापना गर्ने सल्लाह दिनु, मन्दिरबाट गोठ आउँदा सबै वस्तु चरिरहेको भेट्नु आदि अभिप्रायहरूको संगमले कथा सङठित, आर्कषक र रोमाञ्चकारी बन्न पुगेको छ ।

**(ख) पात्र (चरित्र)**

यस कथामा साधारण मानव, मानवेत्तर र दिव्य शक्ति युक्त पात्रहरूको प्रयोग गरिएको छ । गोठाले यस कथाको प्रमुख पात्र हो । ऊ साधारण पात्र हो । भेडा हेर्नु सपनामा देखे जस्तो देवीथान स्थापना गर्नु, अन्त्यमा भेडा भेट्टाउनु आदि सम्पूर्ण कथालाई अघि बढाउने काम यही पात्रले गर्दछ । यसका साथै अन्य पात्र सपनामा देखेकी सुन्दरी केटी, मानवेत्तर पात्र भेडा आदि विभिन्न सहयोगी पात्रहरू यस कथामा चित्रण गरिएको छ ।

**(ग) परिवेश**

प्रस्तुत कथा लौकिक परिवेशमा संरचित रहेको भेडाको गोठ, भेडा चर्ने जङ्गल, देवीथान आदि लौकिक परिवेशको चित्रण यस कथामा पाइन्छ । अलौकिक र अलौकिक शक्तिको प्रयोगले गर्दा कथा रोमाञ्चक बन्न पुगेको देखिन्छ ।

**(घ) कथोपकथन**

प्रस्तुत कथामा मूलतः वर्णन प्रधान रहेको छ । कथाले वर्णनका माध्यमद्वारा प्रत्येक चरित्रको आन्तरिक तथ्य प्रकट गरेको पाइन्छ । तर पनि पात्रहरूका विचमा भएका केही संवादका माध्यमबाट पनि केही रहस्यहरू प्रकट हुन सक्दछ । यस कथामा गोठालेले सपना सुन्दरी केटीसँग बोल्नु आदि संवाद मात्र पाइन्छ । यस कथामा झिनो संवाद मात्र पाइन्छ तर पनि यो संवादले कथालाई अघि बढाउन महत्वपूर्ण भूमिका खेलेको पाइन्छ ।

**(ङ) द्वन्द्व**

प्रस्तुत कथाका द्वन्द्वको पनि केही झिनो अंश मात्र पाइन्छ । यसमा गोठालाको भेडा हराए पछि उसको भेडा भेटिन्छ की भेटिन्दैन भनि आन्तरिक द्वन्द्व हुनु, मन्दिर स्थापना गरेपछि भेडा भेटिने हो होइन भनि आन्तरिक द्वन्द्व सृजना हुनु, यी द्वन्द्वले कथालाई अघि बढ्न सहयोग पुऱ्याएको छ ।

**(च) उद्देश्य**

प्रस्तुत कथाको मूल उद्देश्इ मनोरञ्जन गर्नु हो ।

**(छ) भाषाशैली**

यो कथा सरल र सरस नेपाली भाषामा प्रस्तुत गरिएको छ । यसमा वर्णनात्मक शैलीको प्रयोग भएको छ ।

(ज) **निष्कर्ष**

समग्रमा भन्ने हो भने प्रस्तुत कथा पौराणिक सांस्कृतिक कथा वस्तुमा आधारित रहेको लोककथा हो । मनोरञ्जन र स्वैरकल्पनाले भरिएको यस कथामा साधारण पात्र गोठाले रहेको छ भने दिव्यतत्त्व युक्त पात्र गोठालेले सपनामा देखेकी परम् सुन्दरी हुन् । आख्यानको सङगठन, पात्रहरूको छनोट, कुतूहल प्रधान परिवेशको छनौट, भाषाशैलीमा रोचकता आदि आख्यान तत्त्वको सन्तुलित प्रयोगले कथा रोमाञ्चकारी बन्न सफल छ ।

## ४.३.२ लिम्बूनी माछाको कथा

उहिले-उहिले बसाइँ सर्ने क्रममा दुईजना लिम्बू दाजुभाइ अरूण उपत्यकातिर जान भनेर हिँडे । हिँड्दै जाँदा जेठा चाहिँले अरूण नदी भेट्टायो । अरूण नदी जताजता जान्छ उतैउतै लाग्दै गएपछि ऊ अरूण उपत्यका आइपुग्यो र त्यहीँ बसोवास थाल्यो ।

उसलाई पछ्याउँदै उसको कान्छो भाइ पनि आएको थियो । जेठा दाजुलाई पछ्याउँदा पछ्याउँदै कान्छो भाइले बाटो भुल्यो र ऊ अझ अगाडि बढ्दै जाँदा कान्छा भाइ ब्रह्मपुत्रको बाटो हुँदै आसाम पुग्यो तर त्यहाँ पनि जेठा दाजु नभेटिएपछि उसले आफ्ना पुराना ठाउँमा बसिरहेका आफन्तहरूलाई जेठा दाजु हराएको खबर पठायो । ऊ आफू भने दाजु खोज्दै तराईको बाघभालुसँग जुध्दै वराहक्षेत्रमा आइपुग्यो । त्यहाँबाट कोसी नदीलाई पछ्याउँदै उत्तर लागेको ऊ अरूण नदीतर्फ लाग्यो । जेठा अरूणको शिरतिर थियो र कान्छा भाइ अरूण पुछरतिर । उनीहरूको भेट हुन सकेन ।

उता जेठा दाजु हराएको खवर पाएपछि दुवै दाजुभाइकी चेली ब्रह्मपुत्र पछ्याउँदै आइन् तर कान्छा भाइसँग पनि उनको भेट हुन सकेन । उनी आसामतर्फबाट आफ्नो जेठो दाजु र कान्छो भाइ खोज्दै अरूण उपत्यकामा आइपुगिन् । एकदिन उनी दाजुभाइ खोज्दै एक ठाउँबाट अर्को ठाउँमा जान अरूण नदी तर्दै थिइन्, त्यसैबेला अरूण नदीले उनलाई बगायो, उनी दाजुभाइसँग भेट नहुँदै मरिन् । त्यो कुरा कसैलाई थाहा भएन ।

जेठा दाजु लिम्बूलाई एकदिन यो अरूण नदी कहाँसम्म जाँदो रहेछ हेर्नु पो पर्‍यो भन्ने लागेछ र ऊ तलतिर झरेछ । अरूण नदीको किनारैकिनार अलि तल झरेको त तमोर बेंसीमा उसले आफ्नो कान्छा भाइ पनि खेतीपाती गरिरहेको देख्यो । दाजुभाइको चिनजान र भेटघाट भयो । उनीहरूले आफ्नी चेली पनि अरूण उपत्यकातिर आइपुगेको सुनेका थिए । दुवै दाजुभाइ आफ्नी चेली खोज्न हिँडे तर चेली कतै पनि भेटिइनन् ।

एकदिन दुवै दाजुभाइ मिलेर पितृपूजा (मंगेना) गर्ने भए । मंगेना गर्दा माछा चाहिन्थ्यो उनीहरू माछा मार्न अरूण एउटा दहमा पुगे । त्यहाँ उनीहरूको जालमा एउटा अनौठो माछा पर्‍यो । त्यो माछाको टाउकोमा सिउँदो कोरेजस्तो र शरीरमा पछ्यौरी ओढेजस्तो, ओठमा तीन धर्का झुम्केबुलाकी लगाएजस्तो र कम्मरमा लिम्वुनीले खुर्पा भिरेझैं देखिने चिन्ह भएको पाइयो । लिम्बूका दुवै दाजुभाइले त्यसै माछालाई आफ्नो चेली माने । त्यसै बेलादेखि लिम्बू जातिको पितृपूजामा लिम्बूनी माछासमेत ल्याई पूजा गर्ने चलन बस्या रे । उनीहरूको चेली भएको कारण लिम्बूहरू लिम्बूनी माछा खाँदैनन् । अरूण पछ्याएर माथिबाट तलतिर आउने लिम्बूहरू ल्हास गोत्री र तलतिरबाट अरूण पछ्याउँदै माथितिर उक्लिएका लिम्बूहरू काँशी गोत्रीहरू भएका हुन रे । दुवै किरातहरूले लिम्बूनी माछालाई खोज्ने क्रममा अरूण उपत्यकामा भेट भयो रे र लिम्बू बस्ती सुरू भयो रे ।

भन्नेलाई फूलको माला । सुन्नेलाई सुनको माला ।

यो कथा वैकुण्ठ जाला । भन्ने वेला खुरूखुरू आउला ।

### ४.३.२.१ 'लिम्बूनी माछा' कथाको विश्लेषण

**(क) कथानक**

प्रस्तुत कथाको कथानक पौराणिक सस्कृतिमा आधारित रहेको छ । दुईजना लिम्बू दाजुभाइ अरूण उपत्यका जान भनेर हिँड्नु, जेठा अरूण उपत्यकामा आईपुग्नु, कान्छो ब्रह्मपुत्र नदी बगेको ठाउँमा पुग्नु, जेठा दाजु नभेटे पछि आफन्तलाई दाजु हराएको खबरगर्नु, एक जना चेली दाजु भाइलाई खोज्नु आउनु, उसको तमोर नलीले वगाएर मृत्यु हुनु, एकदिन दाजुभाइ मिलेर मंगेना.(पितृपूजा) गर्नु मंगेना, गर्न माछा मार्दै गर्दा एउटा माछा जालमा पर्नु, त्यही माछालाई चेली माग्नु आदि मूल घटनाहरूको सङठनबाट प्रस्तुत कथा निर्मित छ । दुईजना लिम्बू दाजुभाइ अरूण  उपत्यकातिर बसाइँ सर्नु, हिड्दै जाँदा जेठाले अरूण नदी भटाउनु, ऊ त्यही अरूण उपत्यकामा बसोवास गर्न थाल्नु, कान्छोभाई दाजुलाई पछ्याउदा पछ्याउदै बाटो भूल्नु, कान्छो ब्रह्मपुत्र नदी पछ्याउदै आसाम पुग्नु आदि यस कथाको आरम्भ भाग हो । कान्छा भाईले आफन्तलाई दाजु हराएको सन्देश पठाउनु, तराईको वाघभालुसँग जुध्दै वराहक्षेत्र आईपुग्नु, त्यहाँबाट कोशीनदी पछ्याउदै अरूण नदी तर्फ लाग्नु, जेठा शिरमा र कान्छा पुच्छरमा बस्नु, जेठा दाजु हराएको खवर पाएपछि चेली पनि दाजु खोज्दै अड्नु, चेली अरूण नदी तर्दै गर्दा नदीले वगाएर मृत्यु हुनु जेठो एक दिन अरूण नदी वगेको तर्फ लाग्नु, वेशीमा भाईसँग भेट हुनु, आदि यस कथाको विकास भाग हो । एकदिन दाजुभाइलाई पितृपूजा( मंगेना गर्न मनलाग्नु मंगेना गर्न माछा चाहिने भएकाले माछा मार्न दह पुग्नु, दहमा जाल हान्दा अनौठो माछा पर्नु, यो माछा विवाह गरेनी लुम्बनी नारी जस्ती देखिनु दुवै भाइले त्यो माछालाई चेली मान्नु, त्यही समयदेखि लिम्बूको पितृपूजामा लिम्बूनी माछा त्यही पूजा गर्ने  चलन वस्नु, त्यही समयदेखि लिम्बूहरूले लिम्वुनी माछा खान छोड्नु, अरूण पछ्याएर माथितिर तलतिर आउने लिम्बूहरू ल्यासा गोत्री र तलतिरबाट अरूण पछ्याउदै आउने काशी गोत्र हुनु, आदि यस कथाको समापन भाग हो । रहस्य र रोमान्चले भरिएको यी घटनाहरूको संयोजनबाट प्रस्तुत कथा निर्मित्त छ । आख्यानको बनोटका दृष्टिले यो कथा रहस्यमूलक, रोचक र कुतूहलपूर्ण बन्न पुगेको छ ।

यस कथामा जालमा अनौठो माछा पर्नु, टाउकोमा सिउँदो कारेजस्ता देखिनु, शरीरमा पछ्यौरी ओढेजस्तो, ओठमा तीन धर्का झूम्केबुलाकी लगाएजस्तो र कम्मरमा लिम्बूनी खुर्पा भिरेझैं देखिने चिन्ह हुनु आदि अभिप्रायले युक्त रहेको पाइन्छ । यी अभिप्रायले कथालाई आकर्षण बनाउन सहयोग मिलेको पाइन्छ ।

**(ख) पात्र (चरित्र)**

यस कथामा अतिरिञ्जत र सामान्य लौकिक पात्रको मिश्रण रहेको पाइन्छ । जेठा दाजु यस कथाको प्रमुख पात्र हो । बसाइँ सर्ने क्रममा अरूण उपत्यकामा आउनु अरूण उपत्यकामा बस्ती वसाल्नु आदि कार्यमा महत्त्वपूर्ण भूमिका खेलेको छ । हराएका भाइलाई वेवास्ता गरेर हिडेका हुनाले ऊ निर्दयी पात्र जस्तो देखिन्छ । ऊ साधारण पात्रको रूपमा यस कथामा उपस्थित भएका छन् । लिम्वू यस कथाको सहायक पात्र हो । भाइले कथालाई अघि वढाउन महत्त्वपूर्ण भूमिका खेलेको पाइन्छ । दाजुलाई पछ्याउनु, दाजुलाई नपाएपछि अरूण उपत्यकामा मुनि बसोवास गर्ने जस्ता कार्य उनीबाट भएको पाइन्छ । उनी सकारात्मक भूमिकामा देखिएको सामन्य पात्र हुन् ।

(ग) **परिवेश**

प्रस्तुत कथा सामान्यतः लौकिक परिवेशमा संरचित रहेको छ । यस कथामा उल्लेख भए अनुसार यो कथा किराँतकाल आसपासमा रचिएको जस्तो देखिन्छ । यस कथामा अरूण उपत्यका देखि भारतको आसामसम्मको परिवेशलाई समेटिएको पाइन्छ । किराती समुदायमा हुने पितृपूजा मंगेनालाई यस कथामा मुख्य केन्द्र विन्दु बनाइएको छ । लौकिक परिवेशको चित्रण भएर पनि कथा अतिरोमाञ्चक र रहस्यमूलक बन्न पुगेको छ ।

(घ) **कथोपथन**

प्रस्तुत कथा मूलतः वर्णन प्रधान रहेको छ । कथायिताले वणर्नका माध्यमद्वारा प्रत्येक चरित्रको आन्तरिक तथ्य प्रकट गरेको पाइन्छ । यस कथामा झिनो संवाद मात्र पाइन्छ । लिम्बू दाजुभाइविचको कथोपकथन आदि मात्र यस कथामा पाइने कथोपकथन हो । यस झिनो संवादले पनि कथानकलाई अघि बढाउन सहयोग पुऱ्याएको पाइन्छ ।

(ङ) **द्वन्द्व**

प्रस्तुत कथामा द्वन्द्वका केही अंशहरू पाइन्छन् । यसमा दाजुलाई पछ्याउदै हिडेको भाइ दाजुलाई आसामसम्म खोज्दा पनि नभेटे पछि भाइको मनमा आन्तरिक द्वन्द्व शुरू हुनु, दाजुहराएको खवर पाएपछि बहिनी (चेली) को मनमा विभिन्न आन्तरिक द्वन्द्व शुरू हुनु जस्ता अंशिक द्वन्द्वहरू मात्र पाइन्छ ।

(च) **उद्देश्य**

प्रस्तुत कथाको मूल उद्देश्य लिम्बू संस्कृतिको परिचय गराउनु हो साथै मनोरञ्जन गराउनु पनि यसको उद्देश्य रहेको भेटिन्छ । लौकिक पात्र र परिवेशका माध्यमबाट यस कथामा मनोरञ्जन दिन प्रयत्न गरिएको छ । यसमा लिम्बूजातिको पितृपूजा (मंगेना) लाई प्रस्तुत गर्नका साथै उनीहरूको गोत्रका बारेमा चर्चा गरिएको छ । यी विविध उद्देश्यहरू पूर्ण रूपले पूरा गरिएकाले कथा उद्देश्यमूलक बन्न पुगेको छ ।

(छ) **भाषाशैली**

प्रस्तुत कथाको भाषा सरल र सरस पाइन्छ । यसमा वणार्नात्मक शैलीको प्रयोग भएको छ ।

(ज) **निष्कर्ष**

समग्रमा भन्ने हो भने प्रस्तुत कथा लौकिक परिवेश र पात्रमा आधारित सुखान्त, दुःखान्त मिश्रित कथा हो । यसमा लिम्बूजातिहरू कसरी ल्हासा गोत्री र काशी गोत्री भए भन्ने बारेमा चर्चा गरिएको छ । साथै यसमा लिम्बू जातिको प्रायः समग्र पक्षको चित्रण गरिनु यस मूल अभीष्ट रहेको देखिन्छ ।

### ४.३.३ **यलम्बर हाङ्को कथा**

प्रस्तुत कथा प्रचीन किराँत इतिहाससँग सम्बन्धित छ । किम्बदन्ती अनुसार यलम्बर किराँतका पहिला राजा हुन् । उनले काठमाडौं उपत्यकामा शासन गरेका थिए । त्यहि किम्बदन्तीलाई यस कथामा विषयवस्तु बनाइएको छ ।

**मूलपाठ**

उहिले-उहिले एकादेशमा साल्पा राजा र साल्पा रानीको शासन प्रशासन चल्दथ्यो । साल्पा राजाको श्रीमती साल्पा रानी असाध्यै सुन्दरी थिइन् । एकदिन पारूहाङ डुल्दै डुल्दै साल्पा क्षेत्रमा पुगे । त्यहाँ वरपरका

गाउँमा बस्ने मानिसहरूलाई पारूहाङ्ले सोधे । गाउँलेहरूले साल्पा राजाकी श्रीमती साल्पा रानी हुन् र यो संसारको तीन त्रिलोक र चौध भुवनमा त्यति सुन्दरी महिला नभएको कुरा बताए । साल्पा रानीको प्रशंसा सुनेका पारुहाङलाई साल्पा रानीसँग बिहे गर्न मन लाग्यो । कन्या भए केही थिएन तर अर्कासँग बिहे भएर गैसकेकी महिलालाई आफ्नी पार्नु पनि निकै गाह्रो थियो । त्यसैले पारहाङले साल्पा रानीलाई आफ्नो हात पार्न एउटा उपाय रचे ।

आफूले रचेको उपायबमोजिम एकदिन पारूहाङ जानपाको रूप लिएर साल्पा राजाको घरमा पुगे । पारूहाङले कचुर काटेर जोखाना हेरेझैं गरी साल्पा राजाको जोखाना हेरे । जोखाना हेरेपछि पारूहाङले साल्पा राजालाई भने-"हे राजा ! तिम्रो निम्ति यो भूमि नै अनिष्ट छ तसर्थ तिम्री रानीलाई यही छोडी उनले थाहा नपाइकन तिमी अन्यत्र जाऊ, त्यसैमा भलाइ छ ।"

जनपा भएर आएको पारूहाङ्ले आफूलाई छल गरिरहेका कुरा साल्पा राजाले बुझेनन् । उनले साल्पा रानीलाई त्यहीँ छाडी अन्यत्र जाने निधो गरे । उनी घनघोर जङलतिर लागे । जङलमा उनले साल्पाक्षेत्रबाट केरा र वरपीपलका रूख रोप्दै-रोप्दै गए । कुनैबेला साल्पाक्षेत्र फर्किइ आफ्नी रानीसँग भेटौंला, त्यसरी फर्कदा बाटो नभुलियोस भन्ने उनको चाहना थियो र केरा र बरपीपल रोप्दै उनी हिँडे ।

उता पारूहाङ् पनि आफूले साल्पा राजालाई सजिलैसँग लखेट्न सकेकोमा मख्ख थियो । उसले अदृश्य भएर साल्पा राजालाई पछ्याउँदै साल्पा राजाले रोपेका केरा र बरपीपलका रूख सबै उखेलेर फ्याँकिदियो । साल्पा राजा तमोर किनाराका गाउँबस्ती घुम्न थाले यस्तैमा दुई वर्ष बित्यो ।

उता आफूलाई केही नभनी सुटुक्क कहिल्यै नहिँड्न  साल्पा राजा एक्कासी हराएका कारण साल्पा रानी छक्क परेकी थिइन् । साल्पा रानीले साल्पा राजालाई खोज्न थालिन् । खोज्दै जाँदा साल्पा रानी तमोर नदीको पश्चिमी किनाराका वस्तीमा घुम्दै हिँडिन् । साल्पा गौंडा पुगेपछि साल्पा रानीलाई साल्पा गौडामा बस्ने नागले मन परायो । राजा हराएको ठहर गरी साल्पा रानीले त्यही नागसँग बिहे गर्ने निधो गरिन् ।

साल्पा रानीले नागसँग बिहे गर्ने कुरा पारूहाङ्ले थाहा पायो । ऊ साल्पा रानी भएको ठाउँमा आयो र आफू साल्पा रानीसँग विवाह गर्न इच्छुक भएको बतायो । साल्पा रानीले साल्पा गौडामा बस्ने नागसँग बिहे गरिन् ।

उता साल्पा राजा भने आफ्नी साल्पा रानीलाई खोज्न विरक्तिँदै हिँडिरहेका थिए । उनी साल्पा रानीलाई खोज्दै-खोज्दै साल्पा गौँडामा आइपुगे । साल्पा रानीले साल्पा राजालाई परैबाट चिनिन् । उनले साल्पा राजालाई आफ्नो नयाँ श्रीमान् नागको घरमा लगिन् र साल्पा राजासँग विछोड भएदेखि अहिलेसम्म सबै कुरा बताइ आफूले साल्पा राजालाई नभेटेपछि नागराजसँग गरेको विवाह बदर गर्न अनुरोध गरे । साल्पा रानीले भनिन्- "म सबै कुरा गर्न तयार छु तर अब नागराजलाई  धोका दिन सक्तिनँ, त्यसैले म तपाइलाई यसको बदलामा एउटा सुनको कुखुराको भाले दिन्छु । यहाँबाट पश्चिम दिशातर्फ लाग्नु । तपाई जहाँ पुग्दा यो भाले बास्छ त्यहीँ आफ्नो राज्य बनाई शासन गर्नु । त्यसले हामी सबैको कल्याण गर्नेछ ।"

अन्तिममा साल्पा राजालाई साल्पारानीको कुरा मान्न कर लाग्यो । उनी साल्पा रानीले दिएको सुनको भाले बोकेर लगातार हिंड्दै थिए । त्यस्तैमा साल्पा राजा यलाखाम भन्ने ठाउँमा आइपुगे । यलाखाममा आइपुग्ने बित्तिकै सुनका भाले बास्यो र चारैतिर किराँत उत्पत्ति हुन थाल्यो उनी यलाखामामा दरबार बनाई त्यहीँ राजा भएर बसे । यलाखामका मानिसहरूले साल्पा राजालाई यलम्बर भन्ने नाम राखे । यलाखाम भनेको

हालको काठमाडौँ उपत्यकाभित्र पर्ने पाटन शहर हो रे । यलाखाममा यलम्बरहाङ्ले राज्य गरेका कारण पाटनको प्राचीन नाम पनि यल रहन गएको रे ।

भन्नेलाई फूलको माला । सुन्नेलाई सुनको माला ।

यो कथा वैकुण्ठ जाला । भन्ने वेला खुरूखुरू आउला ।

### ४.३.३.१ **'यलम्बर हाङको कथा' को विश्लेषण**

#### (क) **कथानक**

प्रस्तुत कथाको कथानक ऐतिहासिक विषयवस्तुमा आधारित छ । साल्पा राजा र साल्पा रानीको शासन प्रशासन चल्नु, साल्पा राजाको श्रीमती साल्पा रानी अति सुन्दरी हुनु, साल्पा रानीको सुन्दरताको बखान सुनेर पारूहाङले बिहे गर्न खोज्नु, पारूहाङले जानपाका भेषमा पुगी राजालाई भूमि छोड्न लगाउनु, साल्पा राजा त्यो भूमि छोडी बाटोमा केरा र वरपीपल रोप्दै जानु, साल्पा रानी साल्पा राजालाई खोज्दै जानु, साल्पा राजा तमोरनदीको पश्चिमी किनारा पुग्नु, त्यहाँको नागले मन पराउनु, साल्पा राजा साल्पा रानीलाई खोज्दै विरक्तिएर हिँड्नु, एक दिन साल्पा रानी कहाँ पुग्नु तर साल्पा रानीले नागसँग बिहे गर्नु, साल्पा राजाले सुनको कुखुरो वोकेर गई नयाँ राज्य स्थापना गर्नु आदि मूल घटनाहरूको संङठनबाट प्रस्तुत कथा निर्मित छ । साल्पा राजा र साल्पा रानीको शासन चल्नु, साल्पा राजाको श्रीमती साल्पा रानी असाध्यै सुन्दरी थिइन् । एक दिन डुल्दै डुल्दै पारूहाङ साल्पा क्षेत्रमा पुग्नु, गाउँलेहरूले साल्पा रानी असाध्यै सुन्दरी भएको चर्चा परिचर्चा गर्नु, साल्पा रानीसँग बिहे गर्न पारूहाङलाई ईच्छा जाग्नु, पारूहाङको मनमा पराईकी श्रीमतीलाई कसरी आफ्नो बनाउने भनी शङ्का उपसङ्क, उत्पन्न हुनु कथाको प्रारम्भिक भाग हो । एक दिन पारूहाङ जानपाको रूप लिएर साल्पा राजाको घर पुग्नु, पारूहाङले जोखाना हेरे जस्तो गरी साल्पा राजालाई यो भूमि छाडेर जाऊ भन्नु, साल्पा राजा साल्पा रानीलाई पनि नभनी सुटुक्क बाटोमा वरपीपल रोप्दै जानु, साल्पा रानीलाई अति पीर पर्नु, साल्पा रानी साल्पा राजा खोज्दै साल्पा गौँडामा जानु, साल्पा रानीले नागसँग बिहे गर्ने निधो गर्नु आदि यस कथाको विकास भाग हो । साल्पा रानीले नागसँग बिहे गर्ने कुरा पारूहाङले थाहा पाउनु, साल्पा राजा साल्पा रानीलाई खोज्दै साल्पा गौडामा आईपुग्नु, साल्पा रानीले साल्पा राजालाई सबै कुरा बताउनु, साल्पा राजाले साल्पा रानीलाई नागराजसँग विहे गर्न वदर गर्नु, साल्पा रानी नमानी साल्पा राजालाई सुनको कुखुरो दिनु साल्पा राजा त्यो कुखुरो वोकेर अर्को पाज्य स्थापना गर्नु आदि यस कथाको अन्त्य भाग हो । रहस्य र रोमाञ्चकले भरिएको यी घटनाहरूको संयोजनबाट प्रस्तुत कथा निर्मित भएको छ । आख्यानको वनावटको दृष्टिले यो कथा रहस्य मूलक, कुतूहल प्रधान एवम् स्वैरकल्पनाले युक्त रोमाञ्चकारी बन्न पुगेको छ ।

#### (ख) **पात्र (चरित्र)**

यस कथामा वास्तविकता भन्दा अवास्तविकता, अतिरञ्जित र दिव्य शक्तियुक्त पात्रहरूको प्रयोग गरिएको पाइन्छ । साल्पा राजा यस कथाको केन्द्रीय पात्र हो । उसले शुरूमा सुन्दरी केटीसँग विवाह गर्नु, पारूहाङको जालमा परेर राज्य त्याग्नु, पछि फेरी साल्पा रानीलाई भेट्दा अर्कैको पाउनु, उनले पुनः नयाँ राज्य स्थापना गरी राज्य चलाउने गर्दछ । यहाँ साल्पा राजा साधारण शक्तिहीन राजाको रूपमा खडा भएको छ । साल्पा रानी यस कथाकी प्रमुख नारी पात्र हुन् । उनी राजालाई असाध्यै माया गर्ने, असल नारी चरित्रको रूपमा देखिन्छिन् । पछि गएर राजा नभएपछि अर्कोसँग बिहे गर्ने कुरूप चरित्रकी जस्ती देखिन्छे । पारूहाङ दुष्ट खल चरित्रको रहेको छ । अर्काको घरबार विगारेर अर्काकी श्रीमती भगाउन खोज्ने पारूहाङ यस कथाको खल पात्रका नेतृत्व गर्ने चरित्र हो । नाग मानवेतर पात्र हो । नागमा पनि सामान्यतया खल पात्रमा हुने गुण

रहेको छ । अर्काकी श्रीमती विवाह गरी घरबार बसाउन खोज्ने, अन्य पात्रमा किरातहरू आदि रहेका छन् । यी सवै पात्रहरूको समन्वय र उचित प्रयोगबाट कथा रोचक र प्रभावकारी बन्न पुगेको देखिन्छ ।

**(ग) परिवेश**

प्रस्तुत कथामा सामान्यतः लौकिक परिवेशको चित्रण गरिएको छ । निश्चित ठाउँ तोकिएको पाइँदैन तापनि यस कथामा राजाको घर, छिमेकी, घनघोर जङ्गल, तमोर नदीको किनारा, किनारा छेऊको वस्ती, साल्पा गौडा, यलाखाम आदि लौकिक परिवेशको चरित्र यस कथामा पाइन्छ ।

**(घ) कथोपकथन**

प्रस्तुत कथा मुख्तया वर्णन प्रधान रहेको छ । कथायिताले वर्णको माध्यमद्वारा प्रत्येक चरित्रको आन्तरिक तथ्य प्रकट गरेको छ । तर पनि पात्रहरूको विचमा रहेको कुराकानीका माध्यमबाट पनि रहस्यहरू प्रकट भएका छन् । छिमेकका मानिसहरू विचको वार्ता, राजा र पारूहाङ विचको कथोकथन, राजा र रानी विचको कथोपकथनहरू प्रभाकारी र रहस्यको प्रस्तुति गर्ने प्रकृतिका पाइन्छन् । नाटकीय संवाद नभए तापनि पात्रहरू विचको कथोकथनले कथालाई रोचक र प्रभावकारी बनाउन सफल भएको देखिन्छ ।

**(ङ) द्वन्द्व**

प्रस्तुत कथा द्वन्द्वमय रहेको छ । यसमा पारूहाङका मनमा साल्पा रानीलाई मनपराएपछि उत्पन्न आन्तरिक द्वन्द्व, पारूहाङको कुरा सुनेर साल्पा राजाको मनमा उत्पन्न आन्तरिक द्वन्द्व, साल्पा राजाले घर छोडेर हिँडेपछि रानीका मनमा आन्तरिक द्वन्द्व उत्पन्न हुनु आदि महत्त्वपूर्ण र प्रभावकारी द्वन्द्व हुन् ।

**(च) उद्देश्य**

प्रस्तुत कथाको मूल उद्देश्य किराँतहरूको प्राचीन इतिहासको उल्लेख गर्नु तथा मनोरञ्जन प्रदान गर्नु हो । विभिन्न साधारण मानवदेखि विभिन्न मानवतेर पात्र हुँदै विभिन्न राजा, रानी आदि जस्ता लौकिक चरित्रको चित्रण गरि लोकवासीलाई मनोरञ्जन दिनु यस कथाको मुख्य उद्देश्य रहेको छ ।

**(छ) भाषाशैली**

यो कथा सरल र सरस मानक नेपाली भाषामा प्रस्तुत गरिएको छ । यसमा वर्णानात्मक शैलीको प्रयोग गरिएको छ ।

**(ज) निष्कर्ष**

प्रस्तुत कथा सामाजिक विषयवस्तुमा आधारित रहेको पाइन्छ । मनोरञ्जन र स्वैरकल्पनाले भरिएको यो कथा सरल र सहज नेपाली भाषामा रचिएको छ । आख्यानको सङठन, पात्रहरूको छनोट, कुतूहल प्रधान परिवेश, द्वन्द्व विधान, भाषशैलीको रोचकता आख्यान तत्त्वको सन्तुलित र रोचक प्रयोगले कथा उत्कृष्ट बन्न पुगेको छ ।

४.३.४ **सिलीनाचको कथा**

प्रस्तुत कथा किराँतीहरूको सिलीनाचको उत्पति सम्बन्धी अनुश्रुतीमा आधारित छ । यसमा किराँत संस्कृति र किसान युगको अरम्भीक घटनालाई चित्रण गरिएको छ ।

**मूलकथा**

उहिले-उहिले जब सुम्निमा र पारूहाङको विवाह भयो तब उनीहरूका सन्तानदरसन्तान बढ्दै गए । ती सबै देउता थिए । एक पटक ती देउताहरूले मानिसको सृष्टि गर्नुपर्छ भन्ने ठाने र किरातुइङ्वाको सृष्टि गरे । किरातुइङ्वा बढ्दै गएपछि एक दिन ऊ विवाह गर्ने उमेरको भयो । किरातुइङ्वाले आफ्नो निम्ति विवाह योग्य कन्या खोज्न लाग्यो । हेर्दै जाँदा उसलाई पातालका नागराजकी छोरी सिक्रिमा अत्यन्त मन पर्‍यो । सिक्रिमाका बाबुआमाको घरमा पुग्यो । सिक्रिमाका बाबुआमाले उनलाई सोधे-"छोरी ! तिमी किरातुइङ्वालाई मनपराउँछयौ ? ऊ तिमीसँग विवाह गर्न इच्छा गर्छ ।" सिक्रिमाले आफूले किरातीइङवालाई मनपराएको बताइन् । त्यसपछि नागराजले आफ्नी छोरी सिक्रिमाको विावह किरातुइङ्वासँग गरिदिए । बिहे सकिएपछि नागराजले आफ्ना छोरीज्वाईंलाई बिदा गरी पृथ्वीमा पठाउनुपर्ने थियो । त्यो बेला पृथ्वीमा खेतीपाती गर्ने चलन थिएन, पातालमा मात्रै थियो । तर आफ्नी छोरी सिक्रिमाको विवाह पृथ्वीमा बस्ने किरातुइङ्वासँग भएकाले नागराजले आफ्ना छोरीज्वाइँलाई पृथ्वीलोकमा घरजम गरी बस्न खेतीपाती गर्नुपर्ने भएकाले खेतीपाती गर्ने ज्ञान सिकाए । खेतीपाती गरेरमात्रै हुँदैनथ्यो, त्यसलाई ठीक समयमा बीउ राख्नेदेखि लिएर ठीक समयमा बालीसमेत उठाउनु पर्थ्यो । नागराजले आफ्ना छोरीज्वाइँलाई खेतीपाती गर्ने सबै तरिका सिकाईसकेपछि"पृथ्वीमा बाली लगाउने बेलामा एकपटक लगाएको बाली उठाउने बेलामा अर्कोपटक गरी यी दुईवटा बाजाढोल र झ्याम्टा बजाएर सबैलाई सुनाउनु, हाम्रो सम्झना गर्नु । यो बाजा बजेको सुनेपछि हामी हाम्री हाम्रा छोरीज्वाइँको खबर थाहा पाउँछौ" भनी नागराजले आफ्ना छोरीज्वाइँलाई एउटा ढोल र एक जोडी झ्याम्टा बजाउन थाले । समय बित्दै गयो । समय बित्तै गएपछि चेली माइतीको युग आयो । खच्चुलुप्पा माइती, अनि तामा र खेमा दुइचेलीहरू भए । खचुलुप्पा बुद्धि र विवेक भएको मानिस थियो । खचुलुप्पाले आफू बस्न घर बनायो । आफ्ना घरपैंचोमा उसले आफ्ना दुइ चेलीहरूलाई बोलायो । चेली माइतीको यस खुसीयालीमा खचुलुप्पा र उसका साथीहरूले ढोल र झ्याम्टा बजाए भने चेलीहरू तमा र खेमाले त्यहीँ बाजाको तालमा सिली नाच्न शुरू गरे । त्यहि समयदेखि उँधौली र उँभौलीमा समयमा किरातहरू बिच सामूहिकरूपमा सिली नाच्न थालिएको हो रे ।

भन्नेलाई फूलको माला ।
सुन्नेलाई सुनको माला ।
यो कथा वैकुण्ठ जाला ।
भन्ने वेला खुरूखुरू आउला ।

### ४.३.४.१ 'सिलीनाचाको कथा' को विश्लेषण

**(क) कथानक**

प्रस्तुत कथाको कथानक ऐतिहासिक विषय वस्तुमा आधारित रहेको छ । सुम्निमा र पारूहाङको विवाह भई तिनीहरूको दरसन्तान बढ्नु, देउताहरूले मानिसको सृष्टि गर्नुपर्छ भन्ने ठानी किरातुइङ्वाको सृष्टि गर्नु, किरातुइङ्वाले नागराजकी छोरी सिक्रिमालाई मन पराउनु, नागराजकी छोरी सिक्रिमा र किरातुइङ्वाको विवाह हुनु, नागराजले छोरीज्वाइँलाई विदा गरेर खेतीपाती गर्न सिकाएर पृथ्वी लोकमा पठाउनु नागराजले एउटा ढोल र झ्याम्टा पनि दिई पठाए, उनीहरूले वाली लगाउँदा र उठाउँदा वाजा बजाउनु, समय वित्तै गएपछि चेली र

माइती युग आउनु, घरपैचोमा माइतीले चेलीलाई बोलाउनु, माइतीले ढोल बजाउनु र चेलीले बाजाको तालमा सिली नाच्न शुरू गर्नु, त्यही समयदेखि सिली नाच्न थाल्नु आदि घटनाहरूको सङठनबाट प्रस्तुत कथा निर्मित छ । सुम्निमा र पारूहाङको विवाह हुनु, उनीहरूको सन्तान बढ्दै जानु, ती देवताहरूले मानिसको सृष्टि गर्नु, किरातुइङ्वाले एक दिन विवाहको लागि हुलही खोज्नु, पातालका नागराजकी छोरी सिक्रिमालाई मन पराउनु आदि यस कथाको प्रारम्भिक भाग हो । किरातुइङ्वा सिक्रिमाको हात माग्न सिक्रिमाको वावुआमाको घरमा पुग्नु सिक्रिमाले पनि किरातुइङ्वालाई मन पराएका हुनाले उनीहरूको विवाह हुनु, नागराजले छोरी ज्वाँइलाई पृथ्वीलोकमा पढाउनु अघि खेतीपाती गर्ने तरिका सिकाउनु, नागराजले छोरीज्वाइँलाई एउटा ढोल र झ्याम्टा पनि दिनु, त्यो बाजा सुनेपछि छोरीज्वाइँको खबर नागराजले थाहा पाउनु, छोरीज्वाइँले हरेक वर्ष बाली लगाउँदा र उठाउँदा बाजा बजाउनु आदि यस कथाको विकास भाग हो । समय वित्तै गएपछि चेलीमाइती युग आउनु, खच्युलुप्पा माइती र तमा अनि खेमा चेली हुनु, खच्युलुप्पाले आफू बस्ने घर बनाउदा चेलीहरूलाई बोलाउनु, चेलीमाइतीको यस खुसीयालीमा माइतीले बाजा बजाउनु चेलीले सिली नाच्नु शुरू गर्नु, त्यही समयदेखि उँधौली र उँभौलीका समयमा किरातहरूबीच सिली नाच्न चाल्नु, समापन भाग हो । रहस्य र रोमाञ्चले भरिएका यी घटनाहरूको संयोजनबाट प्रस्तुत कथा निर्मित रहेको छ । आख्यानको वनावटको दृष्टिले यो कथा रहस्य मूलक कुतुहल प्रधान एवम् स्वैरकल्पनाले युक्त रोमाञ्चकारी बन्न पुगेको छ ।

यस कथामा सुम्निमा र पारूहाङको सन्तान बढ्दै जानु, देउताहरूले मानवको सृष्टि गर्न खोज्नु, किरातुइङवाको सृष्टि देउताले गर्नु, पातालका राजा नागराज हुन, उसकी छोरी सिक्रिमा र किरातुइङवा विच विवाह हुनु, पाताल लोकमा खेतीपाती गर्न आदि अभिप्रायहरू रहेका छन् । यी अभिप्रायको संयोजनले कथा सङठित आकर्षक र रोमाञ्चक बन्न पुगेको छ ।

**(ख) पात्र (चरित्र)**

यस कथामा अतिरञ्जित, दिव्यशक्ति युक्त र साधारण मानवीय पात्रहरूको प्रयोग गरिएको छ । किरातुइङ्वा यस कथाको केन्द्रीय चरित्र हो । उसलाई देवताहरूले सृष्टि गरेको हो । उनले पातालबाट खेतीपाती गर्न सिकेर पृथ्वी लोकमा खेतीपातीको थालनी गर्नु, किरातुइङ्वा दिव्यशक्तियुक्त पात्र हो । सिक्रिमा यस कथाकी केन्द्रीय पात्र हुन् । उसले मन पराएको केटीसँग विवाह गर्नु, पृथ्वीमा खेतीपाती गर्न किरातुइङ्वालाई सहयोग गर्नु सिक्रिमा कुशल गृहलक्ष्मी वा श्रीमतीका रूपमा यस कथामा उपस्थित रहेका छन् । नागराज यस कथाको सहायक पात्रका रूपमा रहेका छन् । उनले पृथ्वी लोकमा खेतीपाती गर्न छोरीज्वाँइलाई सिकार पठाएका छन् । साथै अन्य सहयोगी पात्रका रूपमा सुम्निमा, पारूहाङ, देवताहरू, खच्चुलुप्पा, तामा, खेमा र खच्चुलुप्पाको साथीहरू रहेका छन् । यी सबै पात्रहरूको समन्वय र उचित प्रयोगबाट कथा रोचक र प्रभावकारी बन्न पुगेको देखिन्छ ।

**(ग) परिवेश**

प्रस्तुत कथामा सामान्यतः अलौकिक र लौकिक परिवेशका चित्रण गरिएको छ । यहाँ पाताललोक जस्ता अलौकिक परिवेशको चित्रण पाइन्छ भने पृथ्वी, खेतीपाती गर्ने जग्गा खच्चुलुप्पाको घर जस्ता लौकिक परिवेशको पनि चित्रण पाइन्छ । यही अलौकिक वस्तु र लौकिक शक्तिको प्रयोगले गर्दा कथा अतिरोमाञ्चकारी बन्न पुगेको छ ।

(घ) **कथोपकथन**

प्रस्तुत कथा मूलतः वर्णन प्रधान रहेको छ । कथयिताले वर्णनका माध्यमद्वारा प्रत्येक चरित्रको आन्तरिक तथ्य प्रकट गरेको पाइन्छ । तापनि पात्रहरू बिचमा भएको कथोपकथनले केही रहस्यहरू उद्घाटन भएका छन् । यस कथामा किरातुइङ्वा र नागराज वीचको कथोपकथन, नागराज र सिक्रिमा बिचको आदि भिनो संवाद मात्र पाइन्छ ।

(ङ) **उद्देश्य**

प्रस्तुत कथाको मूल उद्देश्य लोकबासीलाई मनोरञ्जन गर्नु हो । लौकिक तथा अलौकिक परिवेश र पात्रको चित्रण गरी मनोरञ्जन प्रदान गर्नु मूल उद्देश्य रहेको छ ।

(च) **भाषाशैली**

यो कथा सरल नेपाली भाषामा  प्रस्तुत गरिएको छ । यसमा वर्णनात्मक शैलीको प्रयोग भएको छ ।

(छ) **निष्कर्ष**

समग्रमा भन्ने हो भने प्रस्तुत कथा किराँती संस्कृतिको  पहिचानमा आधारित सुखान्त कथा हो । मनोरञ्जन र स्वैरकल्पनाले भरिएको यस कथाले लोकवासीलाई मनोरञ्जन प्रदान गर्ने खालको रहेको छ । लौकिक परिवेश र अलौकिक परिवेशको चित्रण र मानवीय पात्र र मानवेतर पात्रको संमिश्रणले कथालाई रोमाञ्चकारी बनाएको छ । आख्यानको सङठन पात्रहरूको छनोट, कुतुहूल प्रधान परिवेशको छनोट, भाषाशैलीमा रोचकता आदि आख्यान तत्त्वको प्रयोगले कथा रोमाञ्चकारी एवम् पूर्ण हुन पुगेको छ ।

**४.३. ५ चाम्लिङको जोखाना**

प्रस्तुत कथा प्राचीन किराँती इतिहाससँग सम्बन्धित छ । आफ्नो जम्नभूमि सबैलाई प्यारो लाग्नु स्वभाविकै हो । यस कथामा पनि चाम्लिङ्गले जालझेल गरेर आफ्नो जन्मभूमि वा पूर्ख्यौलीभूमिमा उसले बसोबास गरेको पाइन्छ ।

**मूलपाठ**

उहिले-उहिले एकजना बूढा किरातका पाँचभाइ छोराहरू जन्मिए । जेठा खुम्बुहाङ, माहिला मेवाहाङ, साहिँला मेत्नाहाङ, काहिँला लाङलेवा र कान्छा मेरात्ती थिए । त्यतिखेर उनीहरूको बसोबासको थलो मिनापोङ्खा हाल्कुम्बमा थियो । मिनापोङ्खा हाल्कुम्बुबाट सिकार खेल्दै उनीहरू खुबोल लाम्छाम्मा (बराह क्षेत्र) मा आइपुगे । त्यहाँबाट उनीहरू छुट्टिएर अलग-अलग ठाउँतिर जाने मनसायले विभिन्न कोसी नदी पछ्याउँदै जाने विचार गरे । खुम्बुहाङ दूधकोसीतर्फ , मेवाहाङ अरूणखोलातिर लागे र त्यहाँ उनका सन्तान लोहरूङ, याम्फु, आठपहरिया, मेवाहाङ, याख्खा आदि भए । मेत्नाहाङ तमोर उपत्यका तिर पसे । उनका सन्तान लिम्बू भए । लाङलेवा सुनकोसी नदीतर्फ लागे । उनका सन्तान सुनवार भए । मेरात्ती भने दाजुहरूसँग हिँड्दा बाटो भुलिए र वराहक्षेत्र वरिपरि अल्झिए । धेरै समयसम्म दाजुहरू खोज्दा नपाएपछि उनी त्यही बसे । उनका सन्तान कोचे, मेचे, धिमाल र नागाँ भए ।

खुम्वुहाङ बाराहक्षेत्रबाट आफ्ना भाइहरूसँग छुट्टिएर दूधकोसी नदीको किनारै किनार बादुखुङ (खोटाङ जिल्ला) मा पुगे । उनी त्यहीँ बसे । उनका पनि पाँचजना छोरा भए । जेठा चाम्लिङ, माहिला वान्तवा, साहिँला तुम्सोली, काहिँला दिम्सि र कान्छा साजिमी थिए । सबै दाजुभाइहरूसँग बस्तै थिए । विस्तारै खुम्वुहाङका सन्तानहरू फैलँदै गए । उनीहरूलाई बसोबास गर्ने ठाउँको समस्या पर्न थाल्यो । त्यसैले उनीहरूले आपसमा

छुट्टिने सल्लाह गरे । छुट्टिने कुरामा त भन्नेबारेमा खुम्वुहाङका छोराहरूबीच नै विवाद भयो । विवाद बढ्दै गएर सब नछुट्टिई नहुने अवस्थामा पुग्यो ।

त्यसबेला खुम्वाहाङका मृत्यु भइसकेको थियो । जेठो छोरा चाम्लिङको हकडक थियो । एकदिन चाम्लिङले आफ्ना सबै दाजुभाइ, भाउजु बुहारी र उनीहरूका छोराछोरीसमेतको सभा बोलाए । सभाको मुख्य विषय अब 'खुम्वुहाङका सन्तानहरू छुट्टिनुपर्ने भयो' भन्ने थियो । छुट्टिनुपर्छ भन्ने कुरामा सबैको सहमति भए पनि पुर्ख्यौंली भूमिमा सबै 'म बस्छु' भन्थे, बाहिर जान कोहि पनि मान्दैन्थे । यो समस्यालाई समाधान गर्न खुम्वुहाङका जेठा छोरा चाम्लिङले एउटा उपाय निकाले र सभामा सबै दाजुभाइलाई भन्ने -"पुर्ख्यौंली भूमिले हामी पाँच भाइमध्ये जसलाई मनपराएको छ उही यहा बस्छ, भूमिले मन नपारएकाहरू पुर्ख्यौंली भूमिबाहिर गएर बसौ ।" जेठा दाजु चाम्लिङको यो प्रस्ताव सब भाइहरूलाई मान्य भयो ।

अब पुर्ख्यौंली पाँचभाइमध्ये कसलाई मनपराउँछ भन्नेबारेमा जोखाना हेर्ने दिन तोकियो । जोखाना हेर्न सबै दाजुभाइहरू तोकिएको दिन बाबुखुङमा भेला भए । उनीहरू सबैले कटुसका लामा लामा लिङ्गा काटेर लिएर आए । ती सबै लिङ्गा जमिनमा गाडे । लिङ्गा गाड्दा त्यसले फेदमा बालुवा थुपारियो । त्यो दिन लिङ्गा काट्दैमा र केही ठड्याउँदैमा दिन बित्यो । केही लिङ्गा ठड्याउन भ्याय पनि बाँकी नै रहेको थियो । त्यत्तिकैमा साँझ पऱ्यो । त्यसैबेला चाम्लिङले एउटा उपाय सोचे । उनले कटुसका लिङा ठड्याउनु अघि एउटा बाँस काटेर चुङे बनाए । त्यो चुङेमा पानी भरे र लिङोको टुप्पोमा बाँधे । कटुसको लिङोको फेदमा बालुवा हालेर लिङोलाई अग्लो बनाए । त्यसका फेदमा सानो खट्प्वालजस्तो खाडल बनाई लाटाकोसेरो ल्याई त्यही खाडलमा राखे । राति नै यो काम सके चाम्लिङ त्यहाँबाट हिँडे । बिहान सवेरै सबै जम्मा भए ।

जोखाना हेर्न सबै जम्मा भएका थिए । चाम्लिङले सबै दाजुभाइलाई सम्बोधन गर्दै भने -"भाइ हो ! अहिलेसम्म हामीसँगै बसेका थियौं तर अब एकै ठाउँमा नअटिने भयौं । त्यसैले हामीले धेरै छलफल गरेपछि कुन भाई चैं पूर्ख्यौली भूमिमा बस्ने र कुन भाइ चैं अन्यत्र जाने भन्ने कुरा ठेगाना लगाउन एउटा जुक्ति बनाएकाछौं । त्यसका निम्ति सबै भाइले पालैपालो गरी कटुसको लिङो हल्लाउने । जसलाई हल्लाउँदा कटुसको लिङोबाट पानीको वर्षा भइ झरि पर्छ र बालुवा कराउँछ उसैलाई यो भूमिले मनपराएको मानिने छ, हुन्छ !" सबैले चाम्लिङ्को प्रस्तावलाई स्वीकार गरे सबैले पालैपालो कटुसको लिङो हल्लाए । त्यहाँ पानीको वर्षा भइ झरि पनि परेन र बालुवा पनि बोलेन । सबैभन्दा पनि लिङो हल्लाउने पालो चाम्लिङको थियो । उनले कटुसको लिङो हल्लाउदा अघि लिङोको टुप्पोमा बाँधिराखेको पानी भरिएको चुङीबाट छचकिल्एर पानी वर्षा झैं झऱ्यो । लिङो हल्लिएपछि त्यसको फेदमा बनाइएको खट्प्वालजस्तो खाडलमा राखिएको लाटोकोसेरो पनि करायो त्यसलाई जमिन कराएको ठानियो । त्यसपछि चाम्लिङले भने-"भाइ हो ! पुर्ख्यौंली भूमिले मलाई नै रोज्यो, त्यसैले यहीँ बस्छु तिमीहरू अन्यत्र लागे । वान्तवाहरू भोजपुरतर्फ त्यसै समयमा आइपुगेको हुन् रे । खुम्वुहाङका माइला भाइ मेवाहाङ् अरूणपूर्व खाँदबारी क्षेत्रमा पुगि भोटखोलातर्फ त्यसैबेला पुगी अन्त्यमा सङ्खुवा उपत्यकामा बसोवास गर्न थाले कान्छा भाइ साजिमी ताप्लेजुङ तर्फ लागे रे ।" त्यसपछि चाम्लिङ किराँतहरूको पनि जनसङ्ख्या बढ्दै गएपछि दाजुभाइ खोज्दै अरूण उपत्यका आइ बसोवास गर्न थालेका हुन् रे !

भन्नेलाई फूलको माला ।

सुन्नेलाई सुनको माला ।

यो कथा वैकुण्ठ जाला ।

भन्ने बेला खुरूखुरू आउला ।

### ४.३.५.१ 'चाम्लिङको जोखाना' कथाको विश्लेषण

**(क) कथानक**

प्रस्तुत कथा ऐतिहासिक विषय स्रोतबाट लिइएको हो । एउटा बूढा किरातका पाँच छोरा हुनु, पाँच भाई छोराहरू विभिन्न ठाउँमा बसोबास गर्नु, खुम्बुहाङको पाँच भाई छोरा हुनु, खुम्बुहाङको जेठा छोरा वान्तवाले जालझेल गरेर पुर्ख्यौली भूमिमा बस्नु आदि मूल घटनाहरूको किराँतका पाँच भाई छोराहरू जन्मनु, उनीहरूको बसोबास थलो मिनापाङ्खा, हाल्कुम्बामा आइपुग्नु, उनीहरू छुट्टिएर अलग-अलग ठाँउतिर जाने निर्णय गर्नु आदि यस कथाको प्रारम्भ भाग हो । खुम्बुहाङ वराह क्षेत्रबाट छुट्टिएर दुधकोशी नदीको किनारै किनार वादुखुङमा पुग्नु, उनका पाँचभाई छोराहरू हुनु, सबै दाजुभाइ सँगै वस्नु, खुम्वुहाङको सन्तान फैलदै जानु बसोवास गर्ने ठाउँको समस्या पर्नु, उनीहरू छुट्टिने सल्लाह गर्नु, को चाही पुर्ख्यौली भूमिमा बस्नु र को चाही अन्यत्र जाने भन्ने बारेमा विवाद हुनु, खुम्बुहाङको जेठा छोरा चाम्लिङले सबै नातागोतालाई सभा बोलाउनु, पाँच भाई मध्ये जसलाई पुर्ख्यौली भूमिले मनपराउछ त्यही यस भूमिमा बस्छ भनि घोषणा गर्नु, पुर्ख्यौली भूमिले कसलाई मनपराउँछ भनि जोखाना हेर्ने दिन तोक्नु, जोखाना हेर्नबाबुखुङमा भेला भई कटुसका लामा लामा लिङा जमिनमा गाड्नु चाम्लिङले भाईहरूलाई पुर्ख्यौली भूमिबाट निकाल्न आफ्नो लिङको मुनी लाटोकोसेरो र लिङको माथि चुङे बनाएर पानी भर्नु विकास भाग हो । जोखाना हेर्न सबैजना भेला हुनु, चाम्लिङले सबै भाईहरूको अगाडि घोषणा जसको लिङो हल्लाउदा आकाशबाट पानी पर्छ र वालुवा कराउछ त्यही पुर्ख्यौली भूमिमा बस्छ । चारै भाइले लिङो हल्लाउनु पानी पनि नपर्नु बालुवा पनि नकराउनु, चम्लिङको लिङो हल्लाउदा पानी पर्नु र वालुवा कराउनु, चाम्लिङ पुर्ख्यौली भूमिमा बस्नु, चारैभाई अन्यत्र बसाइँ सर्नु आदि यस कथाको समापन भाग हो । रहस्य र रोमाञ्चले भरिएको यी घटनाहरूको संयोजनबाट प्रस्तुत कथा निर्मित छ । आख्यानको बनावटका दृष्टिकोणले यो कथा रहस्यमूलक, कुतूहल र स्वैरकल्पनाले युक्त रोमाञ्चकारी बन्न पुगेको छ ।

**(ख) पात्र (चरित्र)**

यस कथामा एउटै पूर्खाको सन्तानहरू नै पात्रका रूपमा रहेका छन् । यस कथामा चार पुस्ताको चित्रण गरिएको छ । यस कथामा मुख्य भूमिका निर्वाह गर्ने पात्र चाम्लिङ हो । ऊ सोझासाझा भाईहरूलाई जालझेल गरी पुर्ख्यौली भूमिबाट लखेट्ने पात्र हो । ऊ आफ्नो जन्मभूमिलाई माया गर्ने चरित्रको छ । यसका साथै अन्य सहायक पात्रहहरूमा बूढा किरात, खुम्बुहाङ, मेवाहाङ, मेत्नाहाङ, लाङ्लेवा, मेरात्ती चाम्लिङ, भाईहरू वान्तवा, तुम्सोली, दिम्सि साजिमीर बुहारीहरू रहेका छन् । लाटोकोसेरो मानवेत्तर पात्रका रूपमा रहेको पाइन्छ । चाम्लिङका चार भाई साधारण र सोझो पात्रका रूपमा उपस्थित रहेको छन् । मानिसहरू आफ्नो जन्मभूमि प्रति कति आस्थावान हुन्छ भन्ने कुरा यहाँका पात्रद्वारा प्रष्ट्याउन खोजिएको पाइन्छ । पात्रहरूको संयोजन र तिनीहरूको छनौटले यो कथा सफल बनेको छ ।

(ग) **परिवेश**

प्रस्तुत कथा नेपालको पूर्वी ग्रामीण परिवेशमा निर्मित रहेको छ । यस कथाको परिवेश निनापोङ्खा हाल्कुम्वबाट शुरू भएको छ । दुधकोशी, अरूणखोला, सुनकोशी वराहक्षेत्र आदि परिवेशको चित्रण यस कथामा पाइन्छ । लौकिक परिवेश भए पनि विभिन्न परिवेशको चित्रणले गर्दा कथा रोमाञ्चक बन्न पुगेको देखिन्छ ।

(घ) **कथोपकथन**

प्रस्तुत कथा वर्णन प्रधान रहेको छ । कथायिताले वर्णनका माध्यमद्वारा प्रत्येक चरित्रको आन्तरिक तथ्य प्रकट गरेको पाइन्छ । तरपनि यस कथामा पात्रहरू विचमा झिनो संवादले कथालाई अघि बढ्न सहयोग पुऱ्याएको छ । यहाँ पुर्ख्यौली भूमिमा को बस्ने भनि पाँच दाजुभाइ विचको कथोपकथन हुनु यस कथामा संवाद अत्यन्तै कम रहेको पाइन्छ तापनि यस कथोपकथनले कथालाई कुतूहल पूर्ण र रोमाञ्चक बनाउन सहयोग पुऱ्याएको छ ।

(ङ) **द्वन्द्व**

प्रस्तुत कथामा द्वन्द्वका केही अशंहरू रहेका छन् । चाम्लिङ र उसका चार भाई विच पुर्ख्यौली भूमिमा को बस्ने भनि वैचारिक द्वन्द्व, चाम्लिङलाई कसरी आफू पुर्ख्यौली भूमिमा बस्ने भन्ने आन्तरिक द्वन्द्व आदि महत्पूर्ण द्वन्द्व रहेका छन् ।

(च) **उद्देश्य**

प्रस्तुत कथाको मूल उद्देश्य मनोरञ्जन गर्नु हो । लौकिकपरिवेश र चरित्र चित्रणका माध्यमबाट लोकबासीलाई आनन्द गराउन ु यस कथाको मुख्य उद्देश्य रहेको छ ।

(छ) **भाषाशैली**

यो कथा सरल सरस मानक नेपाली भाषामा प्रस्तुत गरिएको छ । यसमा वर्णनात्मक शैलीको प्रयोग भएको छ ।

(ज) **निष्कर्ष**

प्रस्तुत कथामा लौकिक परिवेशको चित्रण गर्दै, लोकवासीलाई भरपुर मनोरञ्जन दिने खालको कथा रहेको छ । यसमा एउटै पुर्खाका सन्तानहरू बिचको कथा रहेको छ । यस कथामा मानिस आफ्नो जन्मभूमि प्रति कति श्रद्धा र त्यागी हुन्छ भन्ने कुरालाई प्रस्ट्याउन खोजेको पाइन्छ । यस कथामा रहेको आख्यानको सङठन, पात्रहरूको छनोट कूतुहल प्रधान परिवेशको छनोट, द्वन्द्वविधान, भाषाशैलीको रोचकता आदि आख्यान तत्वको सन्तुलित र रोचक प्रयोगले कथा रोमाञ्चकारी एवम् पूर्ण हुन पुगेको छ ।

### ४.३.६ सोक्पाको कथा

प्रस्तुत कथा पूर्वाञ्चल विकास क्षेत्रको ताप्लेजुङ जिल्लाको पाथिभराको फेदको देउराली जङ्गलमा अवस्थित रहेको छ । गोठालालाई सोक्पाले दैनिक दुःख दिने र सोक्पालाई धपाउनका लागि गोठालाहरूले निकालेको जुक्ति नै यस कथाको मूल विषयवस्तु रहेको छ ।

**मूलपाठ**

उहिले नै पाथिभराको फेदमा भेडी गोठ राख्ने चलन थियो । गोठमा बाघ, भालु र स्याल आएर दुःख दिन्थ्यो । त्यस्तै एक दिन एउटा सोक्पा आएर दुःख दिन थालेछ । गोठालाहरूलाई बोलाउने दुःख दिने काम गर्नु सोक्पाको दैनिकी जस्तो भएछ । गोठालाहरू राती सुत्ने बेलामा भेडाको घिऊले हात खुट्टा दल्दै आगोमा सेक्ने काम गर्थ्यो । यसरी मान्छेले सेकेको देखेर सोक्पाले पनि गोठालालाई घिऊ माग्दै हातखुट्टामा दल्ने काम गर्थ्यो । गोठालालाई त अलिअलि घिऊले पनि पुग्ने तर सोक्पाको लामा लामा रौं भएको जिउमा दल्न घिऊ धेरै चाहिने अनि गोठालालाई एकदमै रिस उठेछ । यसपछि एक दिन बुढो गोठालालाई सोक्पा आएर दुःख दिएको सबै कुरा बताएछ । बुढाले वेशीमा गएर सल्लाको खोटो लिएर आइज अनि तैले घिऊ दल्दा सोक्पाले माग्यो भने त्यो खोटो दल्न देन । भोलि पल्ट विहानै बुढाले भने बमोजिम वेशी तिर गएर सल्लाको खोटो लिएर आएछ । जब रात पऱ्यो गोठाले आगोको छेऊमा बसेर घिऊ हात खुट्टामा दल्न थालेछ । ठिक्क त्यही बेला सोक्पा पनि छेऊमा भुत्लै सरी आएर मलाई पनि घिऊ दे भनेर मागेछ । गोठालोको पालो दिउसो ल्याएर राखेको खोटो सोक्पालाई दिएछ । सोक्पाको पालो मान्छेले घिऊ दले जस्तै गरी आफ्नो हात खुट्टामा सल्लाको खोटो दल्न थालेछ । मान्छेको पालो अगेनाबाट अगुल्टो निकालेर सेक्न थालेछ । सोक्पाले सेक्दा सेक्दै उसको लामो रौँ मा आगो फैलिएछ । सोक्पा आत्था-आत्था भन्दै भागेछ । अर्को जङ्गलको सोक्पाले थाहा पाएर के भयो हौं ? भनेर सोधेछ । त्यो सोक्पाले आफैले है आफैले भन्दै जङ्गल तर्फ कुदेछ । त्यस बेलादेखि त्यो सोक्पा त्यस गोठमा आएर दुःख दिन छाडेछ । केही समय पछि सोक्पाले बदला लिने विचार गरेर जङ्गलमा चरिरहेको गोठालोको एउटा माउ भेडाको कान खाई दिएछ । त्यो माउको सन्तानको कान सदाको लागि वुच्चो भयो । त्यसैले अहिले सम्म पनि पहाड तिर पाइने भेडाको कान वुच्चो हुन्छ ।

भन्नेलाई फूलको माला ।
सुन्नेलाई सुनको माला ।
यो कथा वैकुण्ठ जाला ।
भन्ने वेला खुरूखुरू आउला ।

**४.३.६.१ 'सोक्पाको कथा' को विश्लेषण'**

**(क) कथानक**

प्रस्तुत कथाको कथानक ऐतिहासिकतामा आधारित छ । गोठालाहरू गोठमा गाई भैंसी रूगेर बस्नु, उनीहरूलाई विभिन्न जङ्गली जनावरले दुःखबाट बच्नका निमित्त विभिन्न किसिमका कार्य गोठालाहरूबाट गरिनु आदि मूल घटनाहरूको सङठनबाट प्रस्तुत कथा निर्मित रहेको छ । गोठालाले बेलुकी राती सुत्ने बेलामा आँगनको डेलमा बसेर घिउ दल्दै आगो ताप्नु, सोक्पा आएर मान्छेलाई घिउ माग्नु, मान्छेले जस्तै सोक्पाले पनि घिउ हात खुट्टामा दल्नु, सोक्पा दिनदिनै आएर यसरी घिउ माग्दै दल्नु, आदि यस कथाको प्ररम्भिक भाग हो । मान्छेलाई सोक्पादेखि रिस उठ्नु सोक्पाले घिउ मागेर अति गर्नु, गोठाला अर्को गोठालासँग सल्लाह लिनु, सल्लाह बमोजिम वेशी तर्फ खोटो लिन जानु खोटो ल्याएर राती सोक्पालाई दल्न दिनु, सोक्पाको शरिरमा आगो लाग्नु सोक्पाको फैलिएर कराउदै जानु आदि मध्ये भाग हो । गोठालादेखि सोक्पालाई रिस उठ्नु सोक्पाले गोठालासँग वदला लिन चरिरहेको भेडाको कान खाइदिनु आदि यस कथाको अन्त्य भाग हो ।

यस कथाको सोक्पा र गोठालाको वार्ता, सोक्पाको शरिरमा आगो लागेर कराउँदा अर्को जङ्गलको सोक्पाले साध्नु, सोक्पाले भेडाको कान खाइदिनु सोक्पाले गोठालासँग बदला लिनु आदि अभिप्रायहरू रहेका छन् । यी अभिप्रायहरूको तालमेलले कथा सङठित, आकर्षक र रोमाञ्चकारी बन्न पुगेको छ ।

**(ख) पात्र (चरित्र)**

यस कथामा मानवीय र मानवेत्तर पात्रको प्रयोग गरिएको छ । यस कथाको मुख्य पात्रका रूपमा गोठालो रहेको छ । गोठालो दैनिक भेडाहरू चराउने र भेडाको स्याहार सुसार गर्ने काममा व्यस्त रहन्थ्यो । यसले सोक्पालाई आगो लगाएर धपाउने काम गरे । गोठालो यस कथालाई गति प्रदान गर्न मुख्य रूपमा सक्रिय छन् । सोक्पा यस कथाको सहायक चरित्र भएको मानवेत्तर पात्र हो । कथालाई अघि बढाउनु यसको पनि मुख्य भूमिका रहेको पाइन्छ । सोक्पा मानवेत्तर पात्र भए पनि मानव झैं बोल्न र व्यवहार गर्ने पात्र हो । अन्य पात्रहरू गोठालाहरू भेडाहरू आदि विभिन्न सहयोगी पात्रहरू यस कथामा चित्रण गरिएको छ । यी सबै पात्रहरूको समन्वय र उचित प्रयोगबाट कथा रोचक र प्रभावकारी बन्न पुगेको देखिन्छ ।

**(ग) परिवेश**

यो कथा लौकिक परिवेशमा संरचित रहेको छ । यहाँ भेडा बस्ने गोठ, सोक्पा बस्ने जङ्गल भेडाहरू चर्ने चरनहरू र सल्लाहकोखोटा पाइने वेसी आदि लौकिक परिवेशका त्रिण यस कथामा पाउन सकिन्छ । लौकिक परिवेशको अति सहज ढङले प्रयोग गरिएकाले गर्दा कथा रोमाञ्चक बन्न पुगेको देखिन्छ ।

**(घ) कथोपकथन**

प्रस्तुत कथा मूलतः वर्णन प्रधान रहेको छ । कथयिताले वर्णनका माध्यमद्वारा प्रत्येक चरित्रको आन्तरिक तथ्य प्रकट गरेको पाइन्छ । तर पनि पात्रहरूका विचमा भएका संवाद माध्यमबाट पनि रहस्यहरू प्रकट भएका छन् । सोक्पा र गोठाला विचको कथोपकथन, गोठाला, गोठालाहरू विचको संवाद, आदि पनि पात्रहरूको कथोपकथनले कथालाई रोचक र प्रभावकारी बनाएको देखिन्छ ।

**(ङ) द्वन्द्व**

प्रस्तुत कथामा द्वन्द्वको केही अंशहरू रहेको छ । यसमा सोक्पाले गोठालालाई दिनहुँ घिउ मागेर हैरान पारेपछि गोठालाका मन भित्र वैचारिक द्वन्द्व शुरू हुनु गोठालाको कारण सोक्पाको जिउमा आगो लागनुले सोक्पाले गोठालासँग वढला लिने मनसायले वैचारिक द्वन्द्वको सिर्जना हुनु, सोक्पाले भेडाको कान खानु भौतिक द्वन्द्व आदि महत्त्वपूर्ण द्वन्द्व हुन् । यस द्वन्द्वहरूले कथालाई अगाडि बढाउन सहयोग पुगेको छ ।

**(च) भाषाशैली**

यो कथा सरल र मनक नेपाली भाषामा प्रस्तुत गरिएको छ । यसमा वर्णानात्मक शैलीको प्रयोग भएको छ ।

**(छ) निष्कर्ष**

समग्रमा भन्ने हो भने कथा ऐतिहासिक विषयवस्तुमा आधारित कथा हो । मनोरञ्जनले भरिएका यो कथा ऐतिहासिक मूलुक रहेको छ । यसमा सोक्पा, सोक्पाको शरिरमा घिउ दल्नु, सोक्पाको शरिरमा सल्लाका खोटो दलेर आगो सेक्दा शरीरमा आगो फैलनु,पल्लो जङ्गलको सोक्पा कराउदा वल्लो जङ्गलको सोक्पाले के भयो भनी सोध्नु सोक्पाले भेडाको कान खानु आदि विषय वस्तुहरूको प्रयोगले कथालाई रोमाञ्चकारी बनाएको छन् । भाषा शैली रोचकता, पात्रहरको छनोट, कुतूहल प्रधान परिवेशको छनोट, द्वन्द्वविधान, आख्यानका सङठन आदि आख्यान तत्त्वको सन्तुलित प्रयोगले कथा रोमाञ्चकारी पूर्ण हुन पुगेको छ ।

## पाँचौं परिच्छेद

### ५. आख्यानतत्त्वका आधारमा ताप्लेजुङ जिल्लामा प्रचलित सामाजिक लोककथा र अलौकिक काल्पनिक लोककथाको विश्लेषण

ताप्लेजुङ जिल्लामा प्रचलनमा रहेका सामाजिक तथा अलौकिक काल्पनिक लोक कथाहरूको सङकलन गरी मूल पाठहरू दिएर आख्यान तत्त्वका आधारमा ती लोककथाहरूको विश्लेषण गर्ने कार्य प्रस्तुत शीर्षकमा गरिएको छ ।

### ५.१ कुर्ले ढुकुरको कथा

प्रस्तुत कथा ताप्लेजुङ जिल्लामा प्रचलनमा रहेको हो । यस कथामा पारिवारिक विषयवस्तुमा आधारित छ । बाबु, आमा र छोराको जीवन कहानी यस कथामा प्रस्तुत छ । मानिस मरेपछि कुनै जीवको रुप लिएर पृथ्वीमा नै घुम्दछ भन्ने लोकधारणा यस कथामा चित्रण गरिएको छ ।

#### मूलपाठ

एका देशमा एउटा मानिस बस्दथ्यो । ऊ आफ्नी श्रीमतीसँग बसोबास गर्थ्यो । यसरी रहँदा उनीहरूको एउटा छोराले जन्म लिन पुगेछ । एक दिन अचानक दैव दश वस श्रीमतीको निधन भएछ । त्यसपछि त्यो बुढो र छोरा मात्र घरमा बस्न थालेछ । श्रीमतीको देहान्त भएपछि गाउँ समाजले एक्लै किन बस्ने ? घर परिवार चलाउनु पर्छ । यो नानीको स्याहार सुसार गर्नुपर्छ । त्यस समयमा बुढोलाई के गरौं कसो गरौं भन्ने भएछ । अनि बुढाले सोचेछ दुई दिनको जिन्दगी किन वेहालमा बिताउनु भनि बुढाले विवाह गर्ने सोच बनाउँदै एक दिन विवाह पनि गरेछ । विवाह गरेपछि बुढालाई दोहोरो भार पऱ्यो । एकापट्टि कान्छी श्रीमती र अर्को पट्टि जेठी पट्टिको छोरा थियो । त्यस कान्छी श्रीमतीले बुढालाई अति माया गर्थी । बुढाले कान्छी श्रीमतीलाई भन्थी रे यो छोराको आमा भनेकै तिमी हौ । यसको राम्रो स्याहार सुसार गर्नु पर्छ । कान्छी पनि छोरालाई माया गर्ने बहाना गर्थी । बुढा श्रीमतीलाई छोराको राम्रो स्याहार सुसार गर है भनेर हिँड्ने काम गर्थे । कान्छी श्रीमती हुन्छ भन्दै मन मनै 'यो सौताको छोरा मरोस्' । भनेर सराप्ने गर्थी तर बुढो मान्छेले कान्छी श्रीमतीको विश्वास गर्दथ्यो । कान्छी श्रीमती यो केटालाई मार्न पाए सम्पूर्ण बुढाको जायजेथा आफ्नो कोखबाट जन्मलिने सन्तानको मात्र हुन्छ भन्ने चाहान्थिन् । तर विचारा बुढाले श्रीमतीको मनमा यस्तो पाप छ भनेर कहिल्यै सोचेन । एक दिन बुढा परदेशतर्फ लागेछ । त्यहीबेला कोठेबारीमा रोपेको पिँडालु पोलेर बोक्रैसँगै नानीलाई ख्वाएछ । त्यसपछि नानी अति बिरामी भएछ । गाउँलेको अगाडि औषधी मूलो गर्ने जस्तो हुन्थी । जब बुढा एक दिन परदेशबाट घर फर्किएछ बुढाले पनि पूरा औषधी मूलो गऱ्यो तर नानी पेट असाध्यै दुखेर मरेछ । बुढोलाई भने पीर परेछ । तर बुढी चाही मनमनै सोच्थी र वल्ल मऱ्यो अब चाहिँ बढो हाई सन्चो भयो । अब बुढोसँग एकलौटी जिन्दगी बित्ने भो भनी मिठो कल्पना गर्थिन रे ! त्यो अकालमा मृत्यु भएको नानी कुर्ले ढुकुरको रूपमा जन्मलिन पुगेछ । अनि त्यो ढुकुर त्यही बुढा र बुढीको घर वरिपरि आएर"आशापोकेन तुक तकु" (मेरो भूँडी दुख्यो-मेरो भूँडी दुख्यो) भनेर कराउन थाल्यो । उनले यो कुर्ले ढुकुरको आवाज सुन्दा आफ्नो छोराले मेरो भूँडी दुख्यो भनेर रोएको याद आएछ । अनि यो ढुकुरको जुनी लिएर मेरो छोरा रोइरहेछ । म परदेश गएको बेला यो पापिनीले नराम्रो खाने कुरा खुवाएछ भन्ने भान बुढालाई पर्न थालेछ । जब त्यो ढुकुर बास्ने गर्थ्यो तब बुढोलाई आफ्नो नानी नै त्यो ढुकुरको रूपमा"मेरो भूँडी दुख्यो नि""मेरो भूँडी दुख्यो" भनेको जस्तो लाग्थ्यो रे !

भन्नेलाई फूलको माला । सुन्नेलाई सुनको माला ।

यो कथा वैकुण्ठ जाला ।  भन्ने वेला खुरूखुरू आउला ।

### ५.१.१ 'कुर्ले ढुकुरको कथा' कथाको विष्लेषण

(क) **कथानक**

प्रस्तुत कथाको कथानक स्वैरकल्पना र यथार्थको मिश्रणमा आधारित रहेको छ । एउटा गाउँमा बुढाबूढी र नानी बस्नु, आमाको निधन हुनु, बावुले कान्छी आमा ल्याउनु र कान्छीआमाले पिँडालुको बोक्रासँगै खान दिनु, त्यही कारण पेट दुखेर नानीको मृत्यु हुनु आदि मूल घटनाहरूको सङठनबाट प्रस्तुत कथा निर्मित छ । बावु आमा र छोरा एउटा घरमा वस्नु, दैव दशावस आमाको निधन हुनु कथाको प्रारम्भिक भाग हो । कान्छी आमा भित्रिनु बावु परदेश जानु, नानीलाई पिँडालु खुवाउनु, छिमेकीको अगाडि उपचार गरे जस्तो गर्नु आदि विकास भाग हो । बावु परदेशबाट फर्कनु, नानीको निधन हुनु बुढो पछुताएर वस्नु, नानी कुर्ले ढुकुरको रूपमा घर वरिपरि कराउनु अन्त्य भाग हो । रहस्य र रोमाञ्चकले भरिएका यी घटनाहरूको संयोजनबाट प्रस्तुत कथा निर्मित छ । आख्यानको बनोटको दृष्टिले यो कथा रहस्यमूलक कुतूहलपूर्ण सफल एवम् रोमाञ्चकारी बन्न पुगेको छ ।

यस कथामा नानीको निधन पछि कुर्ले ढुकुर भएर घर वरिपिर कुर्लन जस्ता अभिप्राय रहेको पाइन्छ ।

**(ख) पात्र (चरित्र)**

यस कथामा अति सामान्य पात्रहरूको प्रयोग गरिएको छ । यस कथामा नानी (बालक) केन्द्रीय चरित्र हो । ऊ बालक कालमा आमाको निधनले टुहुरो बन्छ । बावुले कान्छी आमा ल्याए पछि कान्छी आमाको रेखदेखमा बस्छ । एकदिन बावु परदेश गएको बेलामा कान्छी आमाले पिँडालुको बोक्रासँगै खान दिएर पेट दुखेर उसको मृत्यु हुन्छ । बावु साहायक पात्र हो । उसले जेठ्ठी श्रीमतीको निधन भएपछि कान्छी श्रीमती ल्याउँछ । ऊ अति सामान्य पात्र हो । दुई श्रीमती श्रीमान र एक नानीको बावुको रूपमा उपस्थित रहेको छ । कान्छी श्रीमती खल चरित्र भएकी नारी पात्र हुन् । यस कथाको मुख्य नारी पात्रको रूपमा उसको उपस्थित रहेको छ । नानीलाई पिँडालुको बोक्रासँगै खान दिएर नानीको हत्या गर्ने खलनायिका हुन् । जेठी श्रीमती, छिमेकी कुर्लेढुकुर आदि सहायक पात्रका रूपमा उपस्थित रहेका छन् । यी  सबै पात्रहरूको समन्वय र उचित प्रयोगबाट कथा रोचक र प्रभावकारी बन्न पुगेको देखिन्छ ।

**(ग) परिवेश**

प्रस्तुत कथा सामान्य लौकिक परिवेशमा संरचित रहेको छ । बुढाको घर, छिमेक र परदेश आदि लौकिक परिवेशको चित्रण यस कथामा पाइन्छ । सामान्य परिवेशको चित्रण भए पनि अति रोमाञ्चक ढङले प्रस्तुत गरिएको हुनाले कथा अति रोमाञ्चकारी बन्न सफल भएको छ ।

(घ) **कथोपकथन**

प्रस्तुत कथा मूलतः वर्णन प्रधान रहेको छ । कथयिताले वर्णनका माध्यमद्वारा प्रत्येक चरित्रको आन्तरिक तथ्य प्रकट गरेको पाइन्छ । तर पनि यस कथामा पात्रहरूका विचमा भएका कुराकानीका माध्यमबाट पनि रहस्यहरू प्रकट भएका छन् । कान्छी श्रीमती र बुढाका विचको कथोपकथन, छिमेकी र कान्छी श्रीमतीको वीचको कथोपकथनहरू प्रभावकारी र रहस्यको प्रस्तुति गर्ने प्रकृतिका पाइन्छन् । यस कथामा कथापकथन भिनो रूपमा मात्र पाइन्छ ।

(ङ) **द्वन्द्व**

प्रस्तुत कथामा द्वन्द्वले पनि प्रश्रय पाएको छ । यसमा कान्छी श्रीमतीका आन्तरिक द्वन्द्व, बालकको पेट दुखे पछिको जीवन र मृत्युको अस्तित्वमा द्वन्द्व, कुर्ले ढुकुर घरको छेउमा कुर्ले पछि बूढाको मनमा उब्जिएको आन्तरिक द्वन्द्व आदि महत्वपूर्ण र प्रभावकारी द्वन्द्व हुन् । यी द्वन्द्वले कथालाई अघि बढ्न सहयोग पुऱ्याएको छ ।

(च) **उद्देश्य**

प्रस्तुत कथाको मुख्य उद्देश्य मनोरञ्जन प्रदान गर्नु हो । सामान्य परिवेश र पात्रको चयन गरेर पनि कथा रोमाञ्चकारी बन्न पुगेको छ । प्रस्तुत कथाबाट मनोरञ्जन र आनन्द प्राप्त गर्न सकिने हुनाले कथा उद्देश्य मूलक बन्न पुगेको छ ।

(छ) **भाषा शैली**

यो कथा अति सरल सहज र ठेट नेपाली भाषामा प्रस्तुत गरिएको छ । यसमा वर्णनात्मक शैलीको प्रयोग छ ।

(ज) **निष्कर्ष**

प्रस्तुत कथा लौकिक परिवेशमा आधारित दुःखान्त कथा हो । साधारण परिवेश र सामान्य चरित्रको चित्रण भए पनि यस मनोरञ्जन र रोमाञ्चकारी बन्न सफल भएको छ । आख्यानको सङठन, पात्रहरूको छनोट, कुतूहलपूर्ण परिवेश, द्वन्द्वपूर्ण, भाषा-शैलीको रोचकता आदि आख्यान तत्त्वको सन्तुलित प्रयोगले कथा रोमाञ्चकारी एवम् पूर्ण हुन पुगेको छ ।

## ५.२ सबभन्दा ठूलो शत्रु

उहिले उहिले चन्द्रपुर भन्ने एउटा सहर थियो । त्यहाँ एक जना राजा राज्य गर्दथे । उनको दरबारमा राजाबाहेक एक जना मन्त्री र एक जना माली मात्रै थिए । राजा र मन्त्री राजकाजको काम हेर्थे, माली भने बरबगैंचाका काम हेर्थ्यो ।

त्यस दरबारमा काम गर्नेहरूलाई तलबभत्ताको भने अनौठो व्यवस्था थियो । सबैको तह र काम फरक थियो, तलब समान थियो – पाँच रूपियाँ । मन्त्री र माली दुवैले पाँच रुपैयाँ तलब पाउँथे । एक दिन राजालाई प्रतिमहिना पाँच रुपैयाँ तलब लिएर मन्त्री र मालीले कसरी व्यवहार गर्दा हुन् भन्ने लागेछ । राजाले मन्त्रीलाई सोधे –" मन्त्री ! तिमी महिनाको पाँच रुपैयाँ तलब लिएर के गर्छौ ? खर्चको विवरण मलाई बताऊ त ।"

मन्त्रीले चाकर र चाप्लुसी देखेर त्यो भन्दा अघि कुरा बढाउन राजाले चाहेनन् । राजाले मन्त्रीको व्यवहार बुभिहाले । उनलाई मालीले त्यति थोरै तलबले कसरी आफ्नो व्यवहार चलाउँदो होला भन्ने लाग्यो र

मालीलाई बोलाएर सोधे –" माली मबाट मासिक रू. पाँच पाउँछौ, अब भन तिमी यो पैसा कसरी खर्च गर्छौ ?"

मालीले भन्यो –" सरकार ! मेरो पुरानो ऋण छ । म त्यो तिर्दै छु र प्रतिमहिना दुई रूपैयाँका दरले ऋण चुक्ता गर्छु । एक रुपैयाँ नयाँ लगानी गर्छु एक रुपैयाँ खोलामा प्याँक्छु र बाँकी एक रुपैयाँ खर्च गरी मेरो नजिकको शत्रु पाल्छु, यति नै हो ।"

राजाले मालीको कुरा सुने तर केही बुझेनन् । मालीलाई सोधे –"माली ! तिम्रो कुरा त मैले बुझिनँ नि ।" राजालाई कुरा बुझाउँदै मालीले भन्यो –"पुरानो ऋण चुक्ता गर्छु भनेको बाबुआमा पाल्नु हो । आफूलाई बाबुआमाले जन्माएर हुर्काए, काम पनि सिकाए, अनि गरिखान सक्ने भइयो । उनीहरूले जीवनभरि बिर्सनै नसक्ने गुन लगाए ।

अहिले उनीहरू डाँडाको जून भएका छन् । उनीहरूलाई जे पायो त्यही रूच्दैन । बुढेसकालमा बिरामी पनि भइरहुन्छन् । म उनीहरूलाई राम्रो स्याहारसुसार गर्छु । उनीहरूले खान चाहेको कुरा किनेर खान दिन्छु । त्यसवापत म महिनाको दुई रुपैयाँ खर्च गर्छु । यसैलाई मैले पुरानो ऋण भनेको हुँ । म अरू कामको लागि भन्दा यस कामका लागि दोबर पैसा खर्च गर्छु ।"

राजाले फेरि सोधे –" तिमीसँग यति थोरै पैसा छ, अनि लगानी पनि गर्छौ, कस्तो ठाउँमा लगानी गर्छौ ? अनि उड्ती पनि त राम्रै त होला नि !"

मालीले भन्यो –" सरकार ! मेरो एउटा छोरो छ । म त्यसलाई लेखपढ गराउँदैछु र हुर्काउँदै छु । मैले उसलाई पढाउन एउटा गुरु पनि राखेको छु । गुरुले छोरालाई असल ज्ञान दिन्छन् । म उनलाई तलब स्वरूप एक रुपैयाँ दिन्छु । असल ज्ञानले मात्र छोरा असल बनाउँछ । असल छोराले मात्र आफू वृद्ध भएका बखत पालनपोषन गर्छ । यसैलाई मैले नयाँ लगानी भनेको हुँ ।"

"अनि एक रुपैयाँ खोलामा पनि बगाउँछौ क्यारे हैन, एक रुपैयाँ खोलामा किन बगाएको ?" राजाले सोधे ।

" मेरो एउटी छोरी पनि छे । त्यसलाई हुर्काउनु–पढाउनुपऱ्यो । त्यसका लागि पनि खर्च हुन्छ । छोरीलाई हुर्काइबढाइ गरेपछि ज्वाईको घर दिनुपर्छ, आफूले किंही पाइँदैन र खाज्न पनि हुँदैन । त्यसैले छोरी हूर्काउन म एक रुपैयाँ खर्च गर्छु । त्यो पैसालाई मैले खाृलामा बगाउँछु भनेको हुँ ।" मालीले उत्तर दियो ।

"अनि आफूले कमाएको पैसा पनि शत्रुले कसैले दिन्छ त ।" राजाले भने । मानिसको निमित्त यसकी श्रीमती नै सबैभन्दा ठूलो शत्रु हो ।" मालीले भन्यो ।

राजा र मालीबिच ठूलै छलफल भयो । अन्तिममा राजाले भने –" तिम्रो अघिको कुराले त मेरो चित्त बुभ्यो तर एउटा लोग्ने मानिसका निमित्त उसकी श्रीमती कसरी हिन सक्छे ? यस विषयमा तिमीले मेरो चित्त बुझाउनु पर्छ । सम्झिराख, मेरो चित्त बुझेको छैन ।"

"सरकार केही समय पाऊँ !" मालीले भन्यो ।"हुन्छ । एक महिनाभित्र तिमीले आफ्नी स्वास्नी शत्रु भएको प्रमाणित गरी देखाउनु पर्छ नत्र भने तिमीले दण्ड पाउनेछौ ।" राजाले भने ।

त्यसो भए दरबारका रानीका गहना सरकारबाट मलाई बक्सियोस् । रानीलाई पनि आफ्ना गहना कहाँ छन् भने पत्तो नहोस् । यति भए म श्रीमती शत्रु भएको प्रमाणित गराउन सक्छु सरकार ।" मालीले भन्यो ।

मालीले भनेबमोजिम राजा पनि रानीको खोपीमा पसे र रानीले थाहै नपाई रानीका गहना झिकेर खोपीबाट बाहिरिए । रानीका सबै गहना कसैले थाहै नपाई मालीलाई सुम्पिए । राजाले दिएका गहनाका पोको बोकेर माली पनि घरतिर लाग्यो । यसरी राजा र माली आ–आफ्ना श्रीमती शत्रु हुन् कि होइनन् भन्ने परीक्षण गर्ने काममा लागे ।

भोलिपल्ट दरबारमा रानीले गहना हराएको कुरा राजालाई सुनाइन् । राजाले आफूलाई थाहा नभएको बताए । बिस्तारै दरबारभरि यो घटना सबैले थाहा पाए । आँखाले नदेखेको चोर बाबुसमान भनेजस्तो कसैले कसैलाई यसले चोऱ्यो होला भन्न सक्ने ठाउँ कतै थिएन । रानी भने आफ्ना हराएका गहना कसले लग्यो होला भन्ने सोचिरहेकी थिइन् । उनले अनेक विचार गरिन्, । राजाबाहेक आफ्नो खोपीमा पस्ने हकाधिकार कसैलाई पनि छैन र कोही पस्दा पनि पस्दैन, सुसारेहरूले चोरेकि भनौं भने सबै आफैसँग बगैंचामा डुल्न गएका थिए । उनीहरूलाई पनि भन्ने ठाउँ छैन । उनको मनमा लाग्यो – पक्कै पनि राजाले नै आफ्ना सबै गहना चोरे र उनकी कोही भित्रेनी होली उसैलाई दिए । रानीको मनमा राजाप्रति उब्जेको शङ्का उम्रदै गयो र झाँगियो

उता माली भने राजाले रानीको खोपीबाट झिकेको गहना लिएर घर पुग्यो र आफ्नी श्रीमतीलाई गहना दिंदै भन्यो –"यो सबै गहना मैले तिम्रो लागि दरबारबाट चोरेर ल्याइदिएको हुँ । तिमीले यो कुरा कसैलाई नभन्नू । कथङ्कदाचित् तिमीले कसैलाई भन्यौ र राजाले यो कुरा थाहा पाए भने मलाइ फाँसी दिनेछन् ।"

मालीकी श्रीमतीले कसैलाई नभन्ने कसम खाइन् र आफू रानीका गहना लगाएर झकिझकाउ भएर पँधेरो गइन् । सबैले मालीकी श्रीमतीको गला र हातमा नयाँ गहना देखे । उनलाई सँगीहरूले सोधे –"यति धेरै गहना तिमीले कसरी भेटचौ ? हिजो सम्म त तिमीले गहना लगाएर हिँडेका देखिँदैनथ्यो ?" पहिले त उनले कसैलाई भन्न चाहिनन् तर मेरो विश्वासिलो सँगीले कसैलाई भन्दिनँ भनेपछि उनले भनिन् –"यो गहना त मेरा श्रीमान्ले राजाको दरबारबाट चोरेर ल्याएका हुन् । हेर त, रानीले लगाउने गहना मलाई कति सुहाएको !

एक कान दुई कान कुरा मैदान भयो । मालीले दरबारबाट रानीका गहना चोरेर आफ्नी श्रीमतीलाई ल्याइदिएको कुरा दरबारका जासुसहरूका कानमा पुग्यो । उनीहरूले मालीलाई पक्रेर दरबारमा राजासमक्ष पुऱ्याए । राजालाई देख्नेबित्तिकै माली चिच्याएर करायो –" सरकार ! मैले त पहिले नै भनेको थिएँ, मैले घरमा शत्रु पालेको छु भनेर । यो गहना ल्याएको कसैलाई बतायौ भने राजाले मलाई फाँसी दिनेछन् भन्ने कुरा मैले मेरी श्रीमतीलाई पहिले नै भनेको थिएँ । यो कुरा खोलेमा राजाले मलाई मार्नेछन् भन्ने कुरा मेरी श्रीमतीलाई जानकारी थियो । यति हुँदाहुँदै पनि मेरी श्रीमतीले सबैतिर मेरो श्रीमान्ले दरबारबाट गहना चोरेर ल्याएको कुरा भन्दै हिँडिन् । अब म फाँसीमा लट्किने भएँ । मलाई फाँसीमा लट्काउन शत्रुहरूले कुनै भूमिका खेल्नै परेन । मेरै श्रीमतीका कारण म फाँसीमा झुन्डिने भएँ , यही कुरा मैले सरकारलाई पहिले नै भनेको थिएँ – मेरो घरमा ठूलो शत्रु छ र त्यसलाई मैले पाल्नुपरेको छ । अब त पत्याउनुभया होला मलाई फाँसी दिने मेरै श्रीमती हुन् ।" यति भनेपछि राजाले सबै कुरा बुझे र मालीलाई फाँसी नदिनु, उसलाई छोडिदिनु भन्ने आदेश गरे । आफ्नो दरबारको बगैंचामा काम गर्ने माली आफूभन्दा बाठो भएको ठहर गर्दै मालीलाई पहिले दिएका सबै गहना पुरस्कार स्वरूप सबै फिर्ता गरे । मालीको कुराले उनलाई चित्त बुझ्यो । आफ्नी रानीको गहना हराएकोमा आफैमाथि शङ्का गरेकाले राजाले रानीको शङ्का निवारण पनि गरे । त्यही घटनापश्चात् एकै घरका श्रीमान् श्रीमतीबीच एकअर्कालाई हेर्ने आलोचनात्मक दृष्टिकोणको सुरूआत भयो रे ।

### ५.२.१ 'सबैभन्दा ठूलो शत्रु कथा'को विश्लेषण

**(क) कथानक**

प्रस्तुत सामाजिक विषय स्रोतबाट दिएको हो । राजदरबारमा काम गर्ने मालीले राजालाई सुनाएको चार कुरा र ती कुराहरूलाई साम्य बनाउनको लागि गरिएको क्रियाकलाप यसमा प्रस्तुत गरिएको छ । एउटा सहरमा माली र मन्त्री राजाकोमा काम गर्नु, राजाले माली र मन्त्रीलाई समान तलब पाँच रुपैयाँ दिनु, राजाले माली र मन्त्रीलाई तलब खर्चका वारेमा सोध्नु आदि यस कथाको आरम्भ भाग हो । राजाले मन्त्री र मालीलाई पालैपालो प्रश्न सोध्नु, मन्त्रीको चाप्लुसी पूर्ण कुरा सुनेर राजा अगाडि नवढ्नु, राजाले मालीलाई सोध्नु, मालीका चारकुरा मध्ये अन्तिम कुरा राजालई विश्वास नलाग्नु, मालीले विश्वास दिलाउनको लागि राजासँग रानीको गहना माग्नु, राजाले रानीको गहना खोपीबाट चोरेर मालीलाई दिनु, मालीको त्यो गहना श्रीमतीलाई दिनु, श्रीमतीले गाउँभरि हल्ला गर्नु, मालीलाई फाँसीको सजाय मिल्नु, आदि यस कथाको विकास भाग हो । राजाले सबै कुरा बुझ्रेर मालीलाई फाँसी नदिनु, बगैंचामा काम गन माली आफूभन्दा बाठो भएको ठहर गर्दै मालीलाई सबै गहना पुरस्कार स्वरूप फिर्ता दिनु, आफ्नी रानीले आफूमाथि गरेको शङ्का निवारण गर्नु, त्यही समयदेखि श्रीमान र श्रीमती बिच आलोचनात्मक दृष्टिकोणको सुरूवात हुनु आदि यस कथाको समापन भाग हो । एउटा साधारण माली राजाको दरबारमा काम गरे पनि ऊ भविष्य र वर्तमान प्रति सचेत रहेको छ । यहाँ कथाको सुखद अन्त्य भएको छ । संक्षिप्ततामा पूर्णता दिन सक्नु यस कथाको विशेषता रहेको देखिन्छ । घटनाहरूको तालमेलले कथा आकर्षक बन्न सफल रहेको छ ।

यस कथामा माली र मन्त्रीलाई समान तलब दिनु, मन्त्री भन्दा माली चलाख हुनु, राजाले रानीको गहना चोर्नु, श्रीमान श्रीमती बिच एक आर्कालाई हेर्ने आलोचनात्मक दृष्टिकोणको सुरूवात हुनु आदि अभिप्रायहरू रहेका छन् । यिनै अभिप्रायको संयोजनले कता सङठित, प्रभावकारी र आकर्षक बन्न पुगेको देखिन्छ ।

**(ख) पात्र ( चरित्र)**

यस कथामा राजदरबार भित्रका सदस्यहरू नै पात्रका रूपमा रहेका छ । यहाँ माली र राजाको वैचारिक प्रतिनिधित्व रहेको छ । माली यस कथामा साधारण तर विशिष्ट वैचारिक शक्ति भएको पात्र हो । ऊ आफ्नो चलाखी पूर्ण वोलीका कारण राजाबाट पुरस्कृत हुन्छ । राजा यस कथाको मुख्य सहायक पात्र हो । ऊ जनतालाई कम तलब प्रदान गरेर धेरै लाभ उठाउने खालको ठग पात्र जस्तो देखिए तापनि अन्त्यमा मालीलाई पुरस्कृत गरे सत् पात्रको भूमिका निर्वाह गर्ने पात्र हो । रानी यस कथाको सहायक पात्र हो । उसले राजालाई राजकाजमा सहयोग पुऱ्याउने र बगैंचामा घुम्न जानु साथै राजामाथि सुन चोरी शङ्का गर्नु बाहेक त्यति महत्त्व पूर्ण भूमिका रहेको पाइँन्दैन् । मालीकी श्रीमती यस कथाको सहायक पात्र हो । उनले ग्रामीण वस्तीमा रहने गृहिणीको भूमिका निभाएकी छिन् । उनी सोझ्रो गाउँले पात्रका रूपमा देखिएकी छिन् । एउटा घरलाई सपार्ने वा विगार्ने हात नारीमा हुन्छ भन्ने कुरा यस कथामा प्रस्ट पार्न खोजिएको छ । अन्य सहयोगी पात्रहरूमा मालीको बाबु–आमा, छोराछोरी, रानीको सुसारे आदि यस कथामा चित्रण गरिएको छ । यी सबै पात्रहरूको समन्वय र उचित प्रयोगबाट कथा रोचक र प्रभावकारी बन्न पुगेको देखिन्छ ।

**(ग) परिवेश**

प्रस्तुत कथा दरबारिया परिवेशमा निर्मित छ । राजदरबार र मालीको घरसम्मको परिवेशलाई यस कथामा समेटिएको छ । यस कथामा आन्तरिक परिवेश, वाह्य परिवेश भन्दा सशक्त रूपमा रहेको छ । राजाले

माली र मन्त्रीलाई प्रश्न सोध्नु, मन्त्रीको चलाखी पूर्ण कुरा राजाले बुझ्नु, आदि आन्तरिक परिवेशको चित्रण गरिएको छ । बाह्य परिवेशको रूपमा राजदरबार, खोपी, बगैंचा, मालीको घर गाउँ आदि रहेका छन् । यस कथामा आन्तरिक र बाह्य परिवेशको सशक्त प्रयोगले कथा रोमाञ्चक बन्नुका साथै रहस्यमय र कुतूहल पूर्ण बनेको छ ।

**(घ) कथोपकथन**

प्रस्तुत कथा मूलतः वर्णन प्रधान रहेको छ । कथायिताले वर्णनका माध्यमद्वारा प्रत्येक चरित्रको आन्तरिक तथ्य प्रकट गरेको पाइन्छ । तर पनि पात्रहरूका बिचमा भएको कुराकानीका माध्यमद्वारा पनि केही रहस्यहरू प्रकट भएका छन् । राजा र मन्त्री बिचको कथोपकथन, राजा र माली बिचको कथोपकथन, राजा र रानी बिचको कथोपकथन, माली र उसकी श्रीमती बिचको कथोपकथनहरू प्रभाव कारी र रहस्यको प्रस्तुति गर्ने प्रकृतिका पाइन्छ ।

**(ङ) द्वन्द्व**

प्रस्तुत कथाको शीर्षक नै द्वन्द्वबाट प्रभावित रहेको छ । मालीले भनेका चार मध्ये चौथो कुराले राजाको मनमा आन्तरिक द्वन्द्व हुनु, राजाले रानीको गहना चोरेर मालीलाई दिँदा रानीको मनमा द्वन्द्व सिर्जना हुनु, मालीको मनमा कथाको शुरूबाट नै आन्तरिक द्वन्द्वले प्रभावित हुनु, माली र उसकी श्रीमती बिच द्वन्द्व हुनु आदि सशक्त द्वन्द्वको प्रयोगले कथा उत्कृष्ट बन्न पुगेको पाइन्छन् ।

**(च) उद्देश्य**

प्रस्तुत कथाको मूल उद्देश्य लोकवासीलाई मनोरञ्जन प्रदान गराउनु हो । यहाँ मालीले कुशल बुद्धिको प्रयोग गरी राजालाई नैतिक शिक्षा दिएको छ । साधारण मान्छे पनि अन्य ठूला मनिस भन्दा चलाख, चतर् र व्यावहारिक बन्न सक्छ भन्ने कुरा यस कथामा उतारिएको छ । राजा, मन्त्री र मालीका वैचारिक एवम् मानसिक स्थितिको चित्रण गर्नु पनि यस कथाको उद्देश्य रहेको पाइन्छ । गरिब र सामान्य मान्छे अबुझ र मुर्ख मात्र हुँदैन् ऊ विशिष्ट बुद्धि र व्यावहारिक पनि हुन सक्छ भन्ने उद्देश्य रहेको छ । यी विविध उद्देश्यहरू पूर्ण रूपले पूरा गरिएकाले कथा उद्देश्यमूलक बन्न पुगेको छ ।**(छ) भाषाशैली**

प्रस्तुत कथाको भाषा सरल र सरस पाइन्छ । यसमा मानक नेपाली भाषाको प्रयोग भएको छ । अन्य लोककथाहरू जस्तै यस लोककथामा पनि कथायिताले घटना र चरित्रको वर्णन गरेको हुँदा कथा वर्णानात्मक शैलीमा आवद्ध रहेको छ ।

**(ज) निष्कर्ष**

समग्रमा भन्ने हो भने प्रस्तुत कथा दरबारिया विषय वस्तुको चित्रणका साथै मानवीय मनस्थितिको चित्रण पनि यस कथामा गरिएको छ । यसमा मालीको चतुऱ्याई वा तार्किक शक्तिले कथालाई रोमाञ्चकारी बनाएको छ । आख्यानको सङठन, पात्रहरूको छनोट, कुतूहल प्रधान परिवेशको रोचक प्रयोगले कथा रोमाञ्चकारी एवम् पूर्ण हुन पुगेको छ ।

### ५.३ नौसिङगे राँगाको कथा

एकादेशमा एक जना राजाको छोरी थियो । जो अति सुन्दरी थिई । उनलाई एक दिन जङ्गलमा शिकार खेल्न जान मन लागेछ । अनि आफ्नी साथी सङ्गीसँग शिकार खेल्न जान इच्छा प्रकट गरी त्यसपछि जङ्गल तिर लागेछन् । उनीहरूफ जाँदा-जाँदा बाघ, भालु लाग्ने घना डरलाग्दो जङ्गलमा पुगेछन् । त्यस

जङ्गलमा थकाई मारी रहेका थिए । त्यही समयमा जङ्गलमा भयड्कर डरलाग्दो आवाज आयो । राजकुमारी डरले आतिन थाले अनि साथीहरूसँग हारगुहार माग्न थालेछन् । राजकुमारी पनि भाग्न आटेकी मात्र के थियो ।

लामा-लामा दाह्रा, नङ र शरिर भरि भुत्ला भएको विशाल राक्षस आयो । राजकुमारी बचाउ, बचाउ भन्दै चिचाउन थालिछे । त्यो अनाकन्टर जङ्गलमा राजकुमारीको चिच्यावट सुन्ने मान्छे कोही भएन । त्यो विशाल राक्षसले राजकुमारीलाई खाने मार्ने कुरा गर्न थाल्यो । राजकुमारी डरले काप्दै भनिछन् । मेरो घरमा आमा, बाबु, भाई बहिनी दाजु दिदी छन् । म एक पल्ट भेटेर आउछु । त्यसपछि मलाई खानु भनेछ । राक्षस पनि राजकुमारीको सर्त स्विकार्न राजी हुँदै भनेछ म केही समय तलाई दिन्छु । त्यतिन्जेल सम्म म अरू कतै शिकार खोज्दै गर्छु तर यो कुरा स्वीकार्दैनस भने म तलाई यी खान्छु । राजकुमारी डराउँदै अवश्य आउने वाचा गर्छ । राक्षस अर्को शिकारको खोजीमा लाग्छ । राजकुमारी पनि आफ्नो देश तिर जान लागेको समयमा एक जना राजकुमार धनुष काँड भिरेर उसको अघि आइपुग्छ । त्यो धनुष काँडघारी राजकुमारले तिमी को हौ ? कहाँबाट यो अनाकन्टर जङ्गलमा आई पुग्यौ भनी सोध्छ । राजकुमारीले हतपत् आतिदै सबै घटनाहरू सुनाउछिन् । राजकुमारले राजकुमारीलाई सान्त्वना दिदै भन्छ । मैले अचानक एउटा केटीको चिच्यावट सुने दौडदै यहाँ आएको हुँ । अब म तिमीलाई बचाउछु । राजकुमारी खुसी हुँदै म कसरी हजुरलाई सहयोगको लागि जानकारी दिनु । राजकुमारले भन्छ म तिमीलाई एउटा सुनको मुरली दिउला । जतिबेला तिमीलाई आपत् पर्छ त्यो मुरली तिरीरी पारेर बजाउनु म तिमीलाई बचाउनको लागि नौ सिङे राँगा पठाउला भनि राजकुमार आफ्नो गन्तव्य तर्फ लाग्छ । राजकुमार आफ्नो गन्तव्य तर्फ लागेको केही क्षण पछि राजकुमारीले अर्को एउटा राक्षससँग भेट हुन्छ । त्यो राक्षसले पनि राजकुमारीलाई खाने कुरा गर्छ । त्यसपछि राजकुमारीले सुनको मुरली तिरीरी पारेर बजाई त्यही समयमा एउटा नौसिङगे राँगा दौडदै-दौडदै आएर त्यस भयङ्कर राक्षसको पछाडिबाट सिङले प्रहार गरेर मारिदिन्छ । अनि त्यो नौसिङगे राँगाले भन्छ । हे सुन्दरी फेरी पनि आपत पऱ्यो भने त्यही मुरली बजाउनु म फेरी आउला भनेर त्यस राँगा त्यहाँबाट फर्किएर गयो । केही समयको काल खण्डमा राक्षसहरू राजकुमारीलाई खान भनेर आउन थाले सदा झैँ राजकुमारीले मुरली तिरीरी पारेर फूक्ने गर्थी । त्यही समयमा राँगा आएर नौसिङ प्रहार गरेर मौदै जाँदा राक्षसको सन्तान नै समाप्त हुन्छ । फेरी आउने क्रम टुट्छ । त्यो पहिलाको राजकुमार फेरी घुम्दै आइपुग्छ । त्यो राजकुमारलाई देखेर राजकुमारीले भन्यो हे सुन्दरी यसरी किन रोएको, के भयो तिमीलाई ? राजकुमारीले आँशु पुस्दै भनी हे धनु काँड घारी राजकुमार म हजुरको कृपाले यो अनाकन्टर जङ्गलमा बाँच्न सफल भए । म यसको वदलामा के दिऊ ? राजकुमारले भन्छ हे सुन्दरी मलाई केही दिनु पर्दैन । तिमीले मेरो केवल एउटा सर्त स्विकार गर्नु पर्छ । त्यो नै मेरो लागि पर्याप्त हुने छ । राजकुमारीले भन्छ म हजुरको जुनै शर्त पनि स्विकार्न तयार छु । त्यसपछि राजकुमारले भने म तिमीसँग विवाह गर्न चाहन्छु के तिमी मान्न तयार छौं ? त्यसको प्रतिउत्तरमा राजकुमारीले ठिकै छ तपाईले मलाई चाहानु हुन्छ भने वरमाला पहिराई दिन्छु । त्यसपछि राजकुमारलाई राजकुमारीले वरमाला पहिराई दिन्छे भने राजकुमारले राजकुमारीलाई सिन्दुर हाली दिन्छ । अनि दुवै जना राजकुमारको दरबार तर्फ लाग्छन् ।

भन्नेलाई फूलको माला । सुन्नेलाई सुनको माला ।

यो कथा वैकुण्ठ जाला । भन्ने वेला खुरूखुरू आउला ।

### ५.३.१ 'नौसिङगे रागाको कथा' को विश्लेषण

**(क) कथानक**

प्रस्तुत कथाको कथानक स्वैरकल्पनामा आधारित छ । एउटी राजकुमारी शिकार खेल्न जानु, ठूलो जङ्गलमा पुग्नु जङ्गलमा राक्षेसले आक्रमण गर्नु राजकुमारले राजकुमारीलाई सुनको मुरली दिनु सुनको मुरली बजाउने वित्तकै नौसिङगे राँगा आएर राक्षेसहरूलाई मार्नु, अन्त्यमा राजकुमार र राजकुमारीलाई विवाह हुनु आदि मूल घटनाहरूको सङठनबाट प्रस्तुत कथा निर्मित छ । राजाको छोरी राजकुमारी अति सुन्दर हुनु एक दिन जङ्गलमा शिकार खेल्न जानु अनाकन्टर डरलाग्दो जङ्गलमा पुग्नु कथाको आदि भाग हो । रक्षेससँग भेट हुनु राक्षेसले खाने मार्ने धम्की दिनु, राक्षेसलाई घरपरिवारसँग भेटेर आउँछु भन्नु, राक्षेस अर्को शिकारको खोजीमा निस्कनु राजकुमारसँग भेट हुनु, राजकुमारले बचाउने बाँचा गर्नु, राजकुमारले सुनको मुरली दिनु, राजकुमारीलाई फेरी आपत् त्यहीबेला सुनकोमुरली बजाउनु, नौसिङगे राँगा आएर राक्षेस मार्नु मध्य भाग हो । राजकुमार र राजकुमारीका पुनः भेट हुनु, राजकुमारले विवाहको प्रस्ताव राख्नु, राजकुमारले पनि स्विकार्नु राजकुमार र राजकुमारीले विवाह गरेर राजदरबार जानु अन्त्य भाग हो । रहस्य र रोमाञ्चकले भरिएका यी घटनाहरूको संयोजनबाट प्रस्तुत कथा निमित छ । आख्यानका बनोटका दृष्टिले यो कथा रहस्यमूलक, कुतूहलपूर्ण र स्वैरकल्पनाले युक्त सफल एवम् रोमाञ्चकारी बन्न पुगेका छ ।

यस कथामा राजकुमारी शिकार खेल्न निस्कनु, राक्षससँग राजकुमारीको वार्ता हुनु, राक्षेसले राजकुमारीलाई केही समय दिनु, सुनको मुरली बजाउँदा नौसिङ राँगा आउनु, राजकुमारी र राँगाको वार्ता हुनु, राँगाले राक्षेसका अन्त्य गर्नु, आदि अभिप्रायहरू रहेका छन् । यी अभिप्रायले कथा सङठित, आकर्षक र रोमाञ्चकारी बन्न पुगेको छ ।

**(ख) पात्र (चरित्र)**

यस कथामा सामान्य र अति विशिष्ट शक्तियुक्त पात्रका प्रयोग गरिएको छ । राजकुमारी यस कथाकी केन्द्रीय चरित्र हो । नारी भएर पनि शिकार खल्न मन पराउने नारी पात्र हो । घना जङ्गलमा राक्षेसको आक्रमणबाट राजकुमारले नौसिङगे राँगाको सहयोग मार्फत उनलाई बचाउँछ पछि त्यही राजकुमारसँग विवाह गर्न पुग्छे । यस कथाको नायक राजकुमार हो । उसले राजकुमारीको ज्यान जोगाउन सफल हुन्छ । राजकुमारका राज्य र बाब–आमाको चर्चा यस कथामा गरिएता पनि उ एक सुखी र प्रतापी र निष्ठावान राजकुमार हो । अर्को मुख्य पात्रका रूपमा नौसिङगे राँगा रहेको छ । उसले राक्षेसलाई मारेर राजकुमारीलाई बचाउने कार्य भएको छ । नौसिङगे राँगा भएर पनि मानव झैं बोल्ने र मानवीय व्यवहारबाट ओतप्रोत रहेको पंशु पात्र हो । यस कथाको सहायक पात्रको रूपमा उसलाई लिइन्छ । राक्षेस दानवीय चरित्र भएको पात्र हो । मूर्खता र ऋुरताका रूपमा यस कथामा देखा परेको छ । यस कथालाई अघि बढाउन सहयोगी पात्रका रूपमा उपस्थित रहेको छ । साथै अन्य सहयोगी पात्रका रूपमा राजकुमारीको सङीहरू राक्षेसहरू आदि रहेका छन् । यी सबै पात्रहरूको समन्वय र उचित प्रयोगबाट यो कथा रोचक र प्रभावकारी बन्न सफल भएको छ ।

**(ग) परिवेश**

प्रस्तुत कथा अलौकिक परिवेशमा संरचित रहेको छ । यहाँ राजदरबार, घना जङ्गल जस्ता अलौकिक परिवेशको चित्रण गरिएको छ । राजकुमारीको राजदरबारदेखि घना जङ्गल हुँदै राजकुमारको दरबार सम्मको परिवेशलाई चित्रण गरिएको छ ।

(घ) **कथोपकथन**

प्रस्तुत कथा मूलतः वर्णानात्मकता रहेको छ । कथायिताले वर्णनका माध्यमद्वारा प्रत्येक चरित्रका आन्तरिक तथ्य प्रकट गरेको पाइन्छ । तर पनि पात्रहरूको विचमा भएका कुराकानीका माध्यमबाट पनि रहस्य प्रकट भएका छन् । राजकुमारी र सङ्गीहरू विचको कथोपकथन, राजकुमारी र राक्षेस विचको कथोपकथन, राजकुमारी र नौसिङ राँगा विचको कथापकथन, राजकुमार र राजकुमारी विचको कथोपकथन, राजकुमार र राजकुमारी विचको कथोपकथनहरू प्रभावकारी रूपमा प्रस्तुत भएको पाइन्छन् । यस कथामा नाटकिय संवाद नभएता पनि उल्लिखित पात्रहरूको कथोकथनले कथालाई रोचक र प्रभावकारी बनाएको देखिन्छ ।

(ङ) **द्वन्द्व**

प्रस्तुत कथा द्वन्द्व प्रधान रहेको छ । यसमा राजकुमारी र राक्षेस विचको अस्तित्व मूलक द्वन्द्व, राक्षेस र नौसिङ राँगाविचको भौतिक द्वन्द्व आदि महत्वपूर्ण र प्रभावकारी द्वन्द्व हुन् । यी सबै राजकुमार र राजकुमारीको मिलनमा सहयोग पुऱ्याएका छन् ।

(च) **भाषा शैली**

यो कथा सरल र सरस मानव नेपाली भाषामा प्रस्तुत गरिएको छ । यसमा वर्णात्मक शैलीको प्रयोग भएको छ ।

(छ) **निष्कर्ष**

समग्रमा भनुपर्दा यो कथा दुःखान्त र सुखान्त मिश्रित कथा हो । मनोरञ्जनले भरिएको यो कथा राजकुमारीमा निहीत रहेको छ । यसमा राजकुमारी शिकार खेल्न जानु, घनाजङ्गलमा राक्षेसले आक्रमण गर्नु, नौसिङ्गे, राँगाले राक्षेसलाई मार्नु, राजकुमारसँग विवाह हुनु आदिका संयोगले कथा रोमाञ्चकारी बन्न सफल छ । आख्यानको सङठन पात्रहरूको छनोट, कुतूहल प्रधान परिवेशको छनोट द्वन्द्वविधान, भाषा-शैलीमा रोचकता आदि आख्यान तत्त्वको सन्तुलित र रोचक प्रयोगले यस कथा अति रोमाञ्चकारी एवम् पूर्ण हुन पुगेको छ ।

## ५.४ राक्षसनी बुढीको कथा

प्रस्तुत कथा ताप्लेजुङ जिल्लाको क्षेत्र नं. १ मा प्रचलित रहेकको छ । यसमा राक्षस र कटीलाई पात्र बनाई बढी लोभ गर्नाले जिन्दगीमा दुःख पाइन्छ साथै एकदिन दुखीको पनि दिन आउँछ भन्ने विषयवस्तु समेटिएको पाइन्छ ।

### मूलपाठ

धेरै वर्ष पहिले एउटा गाउँमा बाबु आमा र छोरी बस्दथे । तिनीहरू जिविका पार्जन खुसी साथ गरिरहेका थिए । एक दिन अचानक आमाको निधन भएछ । सानै उमेरमा छोरी टुहुरी भइछे । बाबु पनि श्रीमतीको निधनमा ज्यादै दुःखी भएछ । बुढा दुःखी जिन्दगी बिताउन विवश थियो । एकदिन छरछिमेक र आफन्त जन आएर बाबुलाई अर्को श्रीमती विवाह गर्ने सल्लाह दिन थाले । बुढाले त्यो छिमेकीको कुरा केही समय त मानवेतर तर एक दिन कान्छी ल्याउन मन्जुरी भएछ । अब फेरी तीन जनाको परिवार भयो । कान्छी श्रीमतीले जेठी पट्टीको छोरीलाई माया गर्ने वाहना गर्न थाली । एकदिन कान्छी पट्टी पनि छोरी भई अनि जेठी पट्टिकी छोरीलाई खान पनि नदिने खाली काम मात्र लगाउने कुट्ने,पिट्ने काम गर्न थालेछ । एक दिन जेठी पट्टीको छोरीलाई साह्रै रिस उठेछ । त्यसपछि घर छोडेर लागेछ । बाटै-बाटो जाँदा जाँदा धेरै पर पुगे पछि बाटोको छेऊमा एउटा आँपको रूख भेटेछन् । ती केटी त्यस आँपको रूखमा चढेर आँप कथाकप खाँदै गर्दा

रूखको फेदमा एउटी डरलाग्दी राक्षेसनी घोक्रा बोकेर आई पुगेछ । राक्षेसनीले त्यस केटीलाई भनेछ । ऐ केटी मलाई पनि आँप झारी दे । केटीले त्यस राक्षेसनीलाई आँप झारी दिएछ । जतिपल्ट आँप झारी दिएपनि कहिले दिशामा पऱ्यो । भन्थी कहिले पिसाबमा पऱ्यो भन्थी र कुनै आँप पनि खादिन थिइन । आँप झारि दिँदा दिँदा केटीलाई वाक्क लागेर सोधेछ । कस्तो आँप झारिदिनु ? त्यो राक्षेसनीले हत न पत् भनेछ, सुकेको हाँगामा टेकेर सुकेको हाँगा समाएर फालेको आँप मात्र खान्छु । अनी त्यो केटीले सुकेको हाँगामा टेकेर सुकेको हाँगा समाएर फालेको आँप मात्र खान्छु । अनी त्यो केटीले सुकेको हाँगामा समाती सुकेको हाँगामा टेकेर आँप झार्न आटेकी थिई तर सो हाँगो नै भाचिएर केटी तलझरि त्यही बेला राक्षेसनीले बोरा थापी राखेकी थिइन । त्यो केटी त्यही बोरामा पसेछ । त्यसपछि राक्षेसनीले बोरामा पोको पारेर त्यस केटीलाई लगेर गएछ । लाँदा-लाँदा पिसाब फेर्न गएछ । त्यही मौका पारेर केटी बोराबाट निस्कीएर बोरामा हिलो हाली दिएर त्यहाँबाट भागेछ । एकछिन पछि राक्षेसनी फर्कीएर आएछ अनि पोको बोकेर लागि जति हिड्छ अति चिसो पानी आउँछ । अनि राक्षेसनी फतफताउदै भन्छे पिसाप फेर्दै गर । घर पुगे पछि तर्ला मैले जानेको छु । केही समय पछि राक्षेसनी घर पुगेर पोको खोल्दा त पोकोमा त हिलो मात्र देख्छ । राक्षसनी रिसले चुर हुँदै फतफताउन थाल्छ । भोलीपल्ट विहान उठेर वोरा बोकेर त्यो राक्षेसनी पुनः त्यो आँपको रूखमा पुग्छ । फेरी ती केटीलाई आँपको रूखमा देख्छन् । हिजो जस्तै गरी आँप झार्न लगाउछिन् र केटीलाई फेरी वोरामा हालेर बाटै लग्छिन् । हिजो कै ठाउँमा पुगेपछि बाटोको छेउमा पोको राखेर हिजो झैँ पिसाब फेर्न जान्छिन् । केटीले पनि हिजो झैँ बोराबाट निस्किएर बोरामा सिस्नोको बिटो राखेर कुलेलाम ठोक्छिन् । केही समय पछि राक्षेसनी पिसाब फेरेर आई पोको बोकेर लाग्छिन् । सिस्नुले उसको डडल्नुमा चिल्छ तर राक्षसनीले त्यो केटीले चिमोठेको सम्झिएर फतफताउँदै अहिले चिमोट्दै गर घर पुगे पछि मैले जाने को छु । राक्षेसनी मिठो खाने कुरा पाइयो भनि मनमनै सोच्दै जादै थियो । केही समय पछि घरमा पुगी बोरा खोलेर हेर्दा त सिस्नोको वोट मात्र भेट्छिन् । फेरी भोली पल्ट पनि आँपको फेदमा पुग्छिन् र सदा झैं त्यो केटीलाई वोरामा हालेर ल्याउछिन् । सधै पिसाप फेर्ने ठाउँमा पनि नविसाई घर ल्याएर आउँछिन् । घरमा ल्याए पछि केटीलाई रोटी पोल्न लगाएर केटीलाई खानको लागी खोलाको ढुङ्गामा दाँत तिखार्न जान्छिन् । केटी रोटी पोल्न थाल्छिन् । केटीले रोटी पोल्दै गर्दा एउटा मुसा आएर चि.चि.चि. एउटा रोटी दे म एउटा कुरा भन्छु भन्छ । केटीले एउटा रोटी दिन्छु अनि मुसाले भन्छ त्यो राक्षेसनीले वुढी तलाइ खानको लागि खोलाको ढुङ्गामा दाँत तिखार्न गएको छ । यहाँ भएको सुनका बाकस बोकेर चाडै घर जा नत्र राती तलाइ खान्छ । मुसाको सल्लाह बमोजिम त्यो केटी सुनको बाकस बोकेर घर जान्छ । सुनको बाकस देख्दा बाबु र कान्छी आमा खुशी हुन्छन् । कान्छी आमाले कहाँबाट ल्याइस् भनि सोध्छ ? त्यस केटीले सबै कुरा बताउँछ ।यो कुरा सरनेर कान्छी आमाले पनि उसकी छेरीलाई आँपको रूखमा चढेर आँप खान पाठाउँछ । त्यो केटीलाई पनि बोरामा हालेर राक्षेसनीले लैजान्छ । घरमा पुऱ्याएर राक्षेसनीले त्यस केटीलाई रोटी पोल्ने काम लगाउदै ऊ खोलामा दाँत तिखार्न लाग्छ । रोटी पोल्दै गर्दा त्यो अस्ति आउने मुसा फेरी आउँछ । चि.चि.चि. एउटा रोटी देऊ म एउटा कुरा भन्छु । तर त्यस केटी सोतेले हिर्काएर मुसालाई मार्छिन् । भरै राती राक्षेसनी खोलाबाट दाँत तिखारेर आउँछ र त्यस केटीलाई बेलुका सुतेका बेला खुट्टाबाट खान थाल्छ । यता वुढा वुढी छोरीको पर्खाइमा बस्दा बस्दै एक दिन भर्ने बेला हुन्छ । तर छोरी आउँदिनन् ।

भन्नेलाई फूलको माला । सुन्नेलाई सुनको माला ।

यो कथा वैकुण्ठ जाला । भन्ने वेला खुरूखुरू आउला ।

### ५.४.१ 'राक्षसनी वुढीको कथा' को विश्लेषण

**(क) कथानक**

प्रस्तुत कथाको कथानक स्वैरकल्पनामा आधारित छ । एउटा राक्षसनीले केटीलाई वोरामा हालेर लानु, बाटोमा राक्षेसनीलाई पिसाप आउनु, राक्षेसनी पिसाप फेर्न जाँदा कहिले हिलो त कहिले सिकनो हालेर केटी भाग्नु, तेस्रो पल्टमा राक्षसनीले केटीलाई घर पुऱ्याउनु, राक्षेसनी दाँत तिखो वनाउन खोला जानु, केटीलाई मुसाले भाग्ने सल्लाह दिनु आदि मूल घटनाहरूको संगालोबाट यस कथाको निर्माण भएको छ । एउटा गाउँमा आमा, बाबु र छोरी वस्नु, एकदिन आमाको निधन हुनु, वावुले कान्छी आमा ल्याउनु, कान्छी आमाले जेठी पट्टीकी छोरीलाईखान नदिनु आदि यस कथाको प्रारम्भिक भाग हो । केटी घर छोडेर जानु, आँपको रूखमा आँप खाँदै वस्नु, राक्षेसनी आएर केटीलाई वोरामा हालेर लानु, राक्षेसनीलाई आधाबाटोमा पिसाप आउनु, केटी राक्षेसनी पिसाप फेर्न गएका बेला वोरामा हिलो र सिक्नु हालेर भाग्नु तेस्रो पटक मात्र राक्षसनीले केटीलाई घर पुऱ्याउन सफल हुनु, केटीलाई रोटी पोल्न लगाएर राक्षसनी खोलामा दाँत तिखार्न जानु मुसा आएर केटीलाई भाग्ने सल्लाह दिनु, केटी सुनको वाकस वोकेर भाग्नु केटीले सुनको वाकस लिएर आएका देखेर कान्छी आमाले डाह्री गर्नु आदि यस कथाको मध्ये भाग हो । कान्छी आमाको छोरी पनि आँपको रूखमा जानु, राक्षेसनीले लानु, राक्षेसनी रोटी पोल्न लगाएर खोलामा दाँत तिर्खोन जानु, मुसाले केही सल्लाह दिन खोज्दा मुस्सालाई हिर्काएर मार्नु, राती राक्षसनीले त्यस केटीलाई खानु आदि यस कथाको अन्त्य भाग हो । रहस्य र रोमाञ्चले भरिएको यी घटनाहरूको संयोजनबाट प्रस्तुत कथा निर्मित छ ।

यस कथामा वुढाका जेठी श्रीमतीको निधन हुनु, कान्छी श्रीमतीले जेठी पट्टीकालाई खान नदिनु, जेठी पट्टीकी छोरी घर छोडेर आँप खाँदै वस्नु, राक्षसनीले देख्नु, राक्षेसनीले सुकेको हाँगामा समाएर सकेकै हाँगामा टेक्न लगाउनु, केटीलाई वोरामा हालेर लानु, राक्षेसनी बिच बटोमा पिसाप फेर्न निस्कनु बोरामा हिलो र सिस्नु हालेर केटी भाग्नु, मुसाले केटीलाई सुनको बाकस लिएर भाग्ने सल्लाह दिनु आदि अभिप्रायहरू रहेका छन् । यी अभिप्रायका गुम्फनले कथा आकर्षक, मनोरञ्जनपूर्ण र सङठित बन्न पुगेको छ ।

**(ख) पात्र (चरित्र)**

यस कथामा सामान्य पात्रहरूको प्रयोग गरिएको छ । जेठी पट्टीकी छोरी यस कथाको मुख्य पात्रको रूपमा उपस्थित भएकी छिन् । ऊ अति सरल र सोझो पात्र हुन् । शुरूमा आमाले टुहुरी वनाएर जानु र खान नपाएर आँपको रूखमा चढेर आँप खानु, राक्षसनी आएर लानु, राक्षेसनीको घरबाट सुनको वाकस वोकेर घर आउनु यसरी आएको देखेर बाबु आमा चकित पर्नु उनी सत् पात्र हुन् । राक्षेसनी वुढी यस कथाको खल पात्रका रूपमा उपस्थित रहेकी छिन् । उसले आफ्ना आहाराका निम्ति केटा-केटीलाई शिकार बनाउनु, उनी असत् र खल पात्रका रूपमा यस कथामा प्रस्तुत भएकी छिन् । कान्छी आमा यस कथामा खल पात्रका रूपमा आएकी छिन् । जेठी पट्टीकी छोरीलाई खान नदिनु, हेप्नु, हिर्काउनु जस्ता खल चरित्र यसमा रहेको छ । कान्छी पट्टीकी छोरी यी नावालक सोझी पात्रका रूपमा उपस्थित छिन् । आमाको आज्ञा वमोजिम कार्य गर्ने आज्ञाकारी पात्र हुन् । मुसा मानवेत्तर पात्र हो ता पनि यो मान्छेसँगै कुरागर्ने वा मानवीय व्यवहार भएको मानवेत्तर पात्र हो । बाबु यस कथामा रहेको एउटा सरल र सोझो पात्र हो । यी सबै पात्रहरूको समन्वय र उचित प्रयोगबाट कथा रोचक र प्रभागकारी बन्न पुगेको देखिन्छ ।

**(ग) परिवेश**

प्रस्तुत कथा मूलतः वर्णन प्रधान रहेको छ । कथायिताले वर्णनका माध्यमबाट प्रत्येक चरित्रको आन्तरिक तथ्य प्रकट गरेको पाइन्छ । तर पनि पात्रहरूका बिचमा भएको कुराकानीका माध्यमबाट पनि केही रहस्यहरू प्रकट भएका छन् । बाबु र कान्छी आमा बिचको कथोपकथन, राक्षेसनी र केटीको बिचको कथोपकथन, मुसा र केटीको बिचको कथोपकथन, राक्षेसनी बुढी र कान्छी आमाकी छोरी बिचको कथोपकथन, कान्छी पट्टीकी छोरी र मुसाका बिचको कथोपकथनहरू प्रभावकारी र रहस्यको प्रस्तुति गर्ने प्रकृतिका पाइन्छन् । नाटकीय संवाद नभएता पनि पात्रहरूको कथोपथनले कथालाई रोचक र प्रभावकारी वनाएको देखिन्छ ।

**(घ) द्वन्द्व**

प्रस्तुत कथा द्वन्द्व मूलक रहेको छ । यसमा कान्छी आमा र जेठ्ठी पट्टीका छोरी बिचको भौतिक द्वन्द्व, जेठ्ठी पट्टीका छोरीको आत्मिक द्वन्द्व, कान्छी पट्टीका छोरी र मुसा बिचको अस्तित्व मूलक द्वन्द्व आदि महत्वपूर्ण द्वन्द्वले कथालाई अघि बढ्न सहयोग पुगेको छ ।

**(ङ) उद्देश्य**

प्रस्तुत कथाको मूल उद्देश्य मनोरञ्जन गर्नु हो । सामान्य पात्र वा लौकिक पात्रहरूको चरित्र चित्रणका माध्यमबाट विभिन्न परिवेशको चित्रण गर्दै लोकवासीमा मनोरञ्जन प्रदान गर्न यस कथाको मुख्य उद्देश्य हो ।

**(च) भाषाशैली**

यो कथा सरल र सरस मानक नेपाली भाषामा प्रस्तुत गरिएको छ । यसमा वर्णानात्मक शैलीको प्रयोग भएको छ ।

**(छ) निष्कर्ष**

प्रस्तुत कथा लौकिक परिवेशमा आधारित सुखान्त-दुखान्तको मिश्रण गरिएको मनोरञ्जन प्रधान कथा हो । यसमा आँपको रूखमा चढेर बसेकी केटी, राक्षेसनी बुढी मुसो आदि पात्रहरूले यस कथालाई रोमाञ्चकारी वनाएका छन् । आख्यानका सङठन, पात्रहरूको छनोट कुतूहल प्रधान परिवेसको छनोट, द्वन्द्व विधान भाषा शैलीमा रोचकता आदि आख्यान तत्त्वका सन्तुलित र रोचक प्रयोगले कथा रोमाञ्चकारी एवम् पूर्ण हुन पुगेको छ ।

## ५.५ कोइली चरीको कथा

प्रस्तुत कथा ताप्लेजुङ जिल्लामा प्रचलनमा रहेको छ । यस कथामा कुर्ले ढुकुरका मार्फत नैतिक शिक्षा प्रदान गर्न खोजेको छ ।

### मूलपाठ

एकादेशमा एउटा ठुलो घना जङ्गल थियो त्यस जङ्गलमा धेरै किसिमका चराहरू बस्दथे । ति मध्ये त्यस जङ्गलमा एउटा कागको जोडी र कोइलीको जोडी उनी बस्ने गर्दथ्यो । एक दिन कोइली चरीले अण्डा पारेछ । त्यसपछि काइली चराले कोइली चरीलाई त आथारी बस् । म चोरी खोजेर ल्याउछु भनेछ । अनि कोइली चरीले सम्झाउदै अलि होसियार साथ चारो टिप्नु । शिकारीले मार्लानी भनेछ । हुन्छ भन्दै त्यो कोइले चरा चारो खोज्न लागेछ । साँझ पर्न लाग्यो कोइले चरा नआएपछि कोइली चरीलाई चिन्ता लाग्न थालेछ । रात झमक्क पऱ्यो काइले चरो आउने सुरसार छैन् । रात भरी काइली चरीका मन विभिन्न सङ्का उपसङ्का र चिन्ताले सताइ रहयो । विहान काइली चरीले अब म खोज्न निस्नन् पर्यो । कोइली चरीलाई अण्डाहरू विग्रने पर्यो भनेर अर्को चिन्ताले सताउन थाल्यो त्यही समयमा उसको दिमाकमा एउटा जुक्ति

आएछ । त्यसपछि आफ्नो अण्डा चुच्चाले च्याप्दै कागको गँडमा हालि दिएछ । अनि कोइली चरी कोइली चराको खोजीमा निस्कियो । खोज्दा खाज्दै दिन बित्यो रात बित्यो, हप्ता बित्यो, महिना बित्यो भेट्न सकेन् ।

कागको गुँडमा कोइलीको अन्डाबाट कागको अन्डा सँगै बच्चा निस्कियो कागले आफ्नै सन्तान सम्भिएर चारो खुवाउन थाल्यो । एक दिन ती सबै बचेराहरू हुर्के तर काग र कोइलीको बचेरो छुट्टिन थाल्यो । कागलाई अचम्म लागेछ । यो कसरी भयो भनेर ? कागले सङ्का गर्न थाल्यो । यो मेरो बच्चा होइन् भनेर अनि कागले त्यो कोइलीका बच्चाहरूलाई चारो दिन छोडेन । कोइलीका बच्चाहरू भोकले भन् साह्रो कराउन थालेछ । कागलाई अति नै रिस उठेछ । त्यसपछि कोइलीका बच्चालाई चुच्चाले च्यापेर गुँडबाट भारी दिएछ । त्यस समयदेखि अहिले सम्म कोइली मेरा आमा बाबु को हो ? को हो ? भनि खोजी रहेको छ ।

भन्नेलाई फूलको माला । सुन्नेलाई सुनको माला ।

यो कथा वैकुण्ठ जाला । भन्ने वेला खुरूखुरू आउला ।

### ५.५. १ 'कोइली चरीको कथा' को विश्लेषण

#### (क) कथानक

प्रस्तुत कथाको कथानक अलौकिक - काल्पनिकतामा आधारित रहेको छ । कोइले चराले कोइली चरीलाई अण्डा ओर्थान लगाएर चारो खोज्न निष्कनु, चारो खोज्न निष्कीएको कोइले चरा नआए पछि आफ्नो अण्डा कागको गुँडमा हालेर कोइलेको खोजीमा निष्कनु, कागको गुडमा कोइलीको बच्चा निष्कनु, कागले कोइलीका बच्चालाई चुच्याले च्यापेर गँडबाट फाल्नु, आमाबाबु खोज्दै जङ्गल चार्नु आदि मूल घटनाहरूको संगङठनबाट प्रस्तुत कथा निर्मित रहेको छ । कोइली चरीले एक दिन अण्डा काड्नु, कोइली चरीलाई अण्डा ओथार्न लगाएर कोइले चरा चारोको खोजीमा निष्कनु, कोइलीलाई  रातभरि चिन्ता पर्नु कथाको प्रारम्भ भाग हो । विहान उज्यालो भए पनि आफ्नो अण्डा कागको गुँडमा हालेर कोइले चराको खोजीमा निष्कनु, सारा जङ्गल खोज्दा पनि कोइले चरालाई नभेट्नु, कागको गुँडमा कोइलीको बच्चा, कागको बच्चा र कोइलीको बच्चसँगै निष्कनु, कोइलीको बच्चा ठूलो भएपछि कागको बच्चा भन्दा भिन्न देखिनु, कागले आफ्नो बच्चा नभएको भनि कोइलीका बच्चालाई गुँडबाट भुँईमा फालि दिनु कथाको विकास भाग हो । कोइलीका बच्चा सारा जङ्गल आफ्नो बाबा-आमा खोज्दै हिड्नु, अभै सम्म कोइलीका बच्चाले आफ्नो आमा-बाबा नभेटाउनु समापन भाग हो । रोमाञ्चक र रहस्यले भरिएको घटनाहरूको संयोजनबाट प्रस्तुत कथा निर्मित रहेकोछ । आख्यानको वनावटको दृष्टिकोणले यो कथा रहस्यमूलक, कुतूहल एवम् काल्पनिकता युक्त रोमाञ्चकारी बन्न पुगेको छ ।

यस कथामा कोइली र कोइले चरा विच मानव भैँ संवाद हुनु, कोइलीलाई रातभरि पीर पर्नु, कागको गुँडमा आफ्नो अण्डा लगाउनु, कोइलीका बच्चाहरू आफ्नो आमा बाबु खोज्दै जङ्गल-जङ्गल भौतारिनु आदि अभिप्रायहरू रहेका छन् । यी अभिप्रयाहरूको संगमले कथा सङठित रोमाञ्चक र आकर्षक बन्न पुगेको छ ।

#### (ख) पात्र (चरित्र)

यस कथामा अलौकिक-काल्पनिक एवम् मानवेत्तर पात्रको प्रयोग गरिएको छ । यस कथाको प्रमुख पात्र कोइली चरी रहेको छ । कोइलीको यस कथामा स्त्री चरित्रमा देखिएकी छिन् । कोइली चरी मानवेत्तर पात्र भए पनि मानवभैँ सम्पूर्ण कुरा गर्न सक्षम छ । यी पात्र अति चलाख पात्रका रूपमा उपस्थित छन् । कोइले

चरालाई सल्लाह सुझाव दिनु, आफ्नो अन्डा कागको गुडाँमा हाली दिनु, आदि चतुऱ्याई गर्छ । कोइली चरी एक असल श्रीमतीका रूपमा उपस्थित भएकी छिन् । कोइली चरा यस कथाको नायक हो । ऊ मानवेत्तर पात्र भईकन पनि मानव झैँ बुढीलाई अण्डा ओथ्रार्न लाएर चरो खोज्न जान्छ । यस कथाको अर्को प्रमुख पात्रको रूपमा काग रहेको छ । उसको भूमिमा शुरूमा सहज सरल किसिमको छ । पछि जब कोइलीका बच्चालाई निर्दही तरीकाले फाली दिन्छ त्यसबेला दृष्ट चरित्रको जस्तो देखिन्छ । यस कथामा सहायक पात्रका रूपमा कोइलीका बच्चाहरू रहेका छन् । उनीहरू निर्दोष भईकन पनि दुःख पाउने एक असाहय पात्रका रूपमा खडा भएका छन् । अन्य पात्रमा कागका बच्चाहरू छन् । यी सबै पात्रहरूको समन्वय र उचित प्रयोगबाट कथा रोचक र प्रभावकारी बन्न पुगेको देखिन्छ ।

(ग) **परिवेश**

प्रस्तुत कथामा साधारणतयाः अलौकिक-काल्पनिक परिवेशको चित्रण पाइए तापनि यस कथामा लौकिक परिवेशको चित्रण पाउन सकिन्छ । यहाँ कोइली चरीको गुँड कागको गुँड, वनजङ्गल जस्ता लौकिक परिवेशको चित्रण यहाँ पाउन सकिन्छ । यी परिवेशको चित्रणले कथा अति रोमाञ्चक बन्न पुगेको देखिन्छ ।

(घ) **कथोपकथन**

प्रस्तुत कथा मूलत : वर्णन प्रधान रहेको छ । कथायिताले वर्णनको माध्यमद्वारा प्रत्येक चरित्रको आन्तरिक तथ्य प्रकट गरेको पाइन्छ । तर पनि पात्रहरूको विचमा भएको कुराकानीको माध्यमबाट पनि रहस्यहरू प्रकट भएका छन् । कोइले चरा र कोइली चरी विचको कथोपकथन, काग र कोइली चरीको बचेरा विचको कथोपकथन आदि प्रभावकारी र रहस्यको प्रस्तुति गर्ने प्रकृतिका पाइन्छ ।

(ङ) **द्वन्द्व**

प्रस्तुत कथामा द्वन्द्वले पनि प्रश्रय पाएको छ । यसमा कोइले चरा रातभरि सम्म नआउदा कोइली चरीको मनमा आन्तरिक द्वन्द्व चल्नु, कागले कोइलीका वच्चालाई चुच्चाले च्यापेर फ्यालि भौतिक द्वन्द्व सृजना गर्नु, कोइलीका बच्चाहरूमा कागले फाले पछि आन्तरिक द्वन्द्व शरू हुनु आदि महत्वपूर्ण र प्रभावकारी द्वन्द्व हुन् । यी सम्पूर्ण द्वन्द्वले कथनकको विकासमा सहयोग पुऱ्याएको छन् ।

(च) **उद्देश्य**

प्रस्तुत कथाको मूल उद्देश्य मनोरञ्जन प्रदान गर्नु हो । अलौकिक काल्पनिक विषयवस्तुको चित्रण गर्दै विभिन्न मानवेत्तर पात्र बनाएर मानव झैँ व्यावहार गर्न सक्षम बनाई लोकबासीलाई रमाइलो दिन सफल रहेको छ । प्रस्तुत कथाले मनोरञ्जन र आनन्द प्राप्त गर्न सकिने हुनाले कथा उद्देश्यमूलक बन्न पुगेको छ ।

(छ) **भाषाशैली**

यो कथा सरल नेपाली भाषामा प्रस्तुत गरिएको छ । यसमा वर्णनात्मक शैलीमा प्रयोग भएको छ ।

(ज) **निष्कर्ष**

प्रस्तुत कथा अलौकिक काल्पनिक विषयवस्तुमा आधारित दुःखान्त कथा हो । यसमा मिलन भन्दा बढी विछोडलाई प्रश्रय दिएको पाइन्छ । कोइले चरा र कोइली चरीको विछोड, कोइली चरीका वचेरा र कोइली चरीको विछोड आदि दुःखात्मकतालाई प्रस्तुत गरिएको छ । यसमा कोइली चरीको विछोड, आफ्नो अण्डा अर्काको गुँडमा हाल्नु, कागले सानोमा चारो खुवाउनु, ठूलो भएपछि चुच्चाले च्यापेर फादिदिनु, कोइलीका बच्चाहरू वावा-आमा खोज्दै हिड्दै आदि वस्तुहरूको प्रयोगले कथा अति उत्कृष्ट छनोट, कतूहल प्रधान परिवेशको छनोट, द्वन्द्वविधान, भाषाशैलीमा रोचकता आदि आख्यन तत्त्वको सन्तुलित प्रयोगले कथा सहज, सरल र उत्कृष्ट हुन पुगेको छ ।

## ५.६ उत्तिस र बाँसको कथा

प्रस्तुत कथा ताप्लेजुङ जिल्लाको दोखु गा. वि. स. मा प्रचलनमा रहेको छ । उत्तिर बढि पहिरोमा उम्रनु र बाँसको टुप्पा निहुरनु आदिसँग सम्बन्धित विषयवस्तु प्रस्तुत कथामा रहेको पाइन्छ ।

**मूलपाठ**

एकादेशमा एउटा गाउँमा उत्तिस र बाँस सानैदेखि साथी थिए । एक दिन उत्तिस र बाँस दुवै २५ वर्षको लर्के भएछ । उत्तिसको घरमा बुढी आमा मात्र भएकीले आमालाई काम सघाउने एउटी बुहारीका खाँचो रहेको महशुस गरी उत्तिस र बाँस चैत्र बैशाखको समयमा केर्टा खोज्न लेकतिर लागेछ । बाँसले उत्तिसलाई धेरै केटी देखायो । ती सवै केटीहरू उत्तिसले मन पराएन । त्यसपछि उनीहरू केटी खाज्दै खोज्दै अझै लेक तर्फ लागे । उकालो जाँदा जाँदा लालीगुराँसको घरमा पुगेछन् । बाँसले उत्तिसलाई लालीगुराँसलाई देखायो । उत्तिसले लालीगुराँसलाई पनि मन पराएनन् । गुराँस चैत्र बैशाखमा पात झरेर कुरूप जस्ती भएकी थिई । त्यसैले गुराँस नराम्री देखिन्थिन् । उनीहरू थाकित भएर भर फर्किए फेरी उत्तिस र बाँस मिलेर असार साउनमा केटी हेर्न लेक तर्फ लागेछ । केटी हेर्दै जाँदा जाँदा पुन : गुराँसका घरमा पुगेछन् । त्यो समयमा गुराँस ढकमक फूलेर परम् सुन्दर भएर बसेकी थिइन् । यस्ती सुन्दरी देखेर लालीगुराँस देखेर उत्तिस लाजले पछि सर्दै गर्दा उत्तिस चिप्लिएर तल पहिरोमा झरेछ । त्यही समयदेखि उत्तिस पहिरोमा मात्र उम्रन्छ । बाँसले मेरो साथी कता लडी झर्‍यो भनेर यसो निहुरिएर हेरेछ । त्यस समयदेखि बाँस निहुरिएको निहुरिएकै भएछ । त्यसैले बाँस आज भोली पनि किहुरिएको हन्छ ।

भन्नेलाई फूलको माला ।
सुन्नेलाई सुनको माला ।
यो कथा वेकुण्ठ जाला ।
भन्ने वेला खुरूखुरू आउला ।

### ५.६.१ 'उत्तिस र बाँसको कथा' को विश्लेषण

**(क) कथानक**

प्रस्तुत कथा अलौकिक-काल्पनिक लोक विषयवस्तुमा आधारित छ । उत्तिस र बाँसको बोट केटी खोज्न जानु, कुनै केटी मन नपराउनु फेरी हेर्न जाँदा गुराँसलाई मन पराउनु, आदि मूल घटनाहरूको सङठनबाट प्रस्तुत कथा निर्मित छ । उत्तिस र बाँस सानै देखिको साथी हुनु, उत्तिसबाँस केटी खोज्न जानु कुनै पनि केटी उत्तिसले मन नपराउनु, कथाको प्रारम्भिक भाग हो । केटी खोज्दै जाँदा गुराँसको घरमा पुग्नु, गुराँसलाई उत्तिसले मन नपराउनु, गुराँस चैत्र बैशाखको खडेरीले सबै पात झरेर कुरूप जस्तो देखिनु, उत्तिस र बाँस फेरी केटी खोज्न असार साउनमा लेक तिर जानु, केटी खोज्दै खोज्दै जाँदा फेरी गुराँसको घरमा पुग्नु आदि विकास भाग हो । गुराँसलाई देखेर उत्तिस लाजले बाँसले साथी कहाँ चिप्लिएर झरेछ भनि मुनि हेर्नु यस कथाको समापन भाग हो । रहस्य र रोमाञ्चले भरिएको यी घटनाहरूको संयोजनबाट प्रस्तुत कथाको निर्माण भएको छ । आख्यानको वनावटका दृष्टिले यो कथा कुतूहलपूर्ण, रहस्मय र काल्पनिक युक्त रोमाञ्चकारी हुन पुगेको छ ।

**(ख) पात्र (चरित्र)**

यस कथामा अमानवीय पात्रहरूलाई मानवको चालचलनमा ढालेर प्रस्तुत गरिएको छ । उत्तिस र बाँस दुई यस कथाको केन्द्रीय पात्र हुन् । उत्तिस र बाँस बनजङ्गलमा पाइने रूख भए पनि यस कथामा मानव झैं केटी खोज्न जाने, केटी हेर्न, मन नपराउने गुराँसको बोट यस कथाको प्रमुख नारी पात्र हुन् । पहिलो पटक उत्तिस र बाँस हेर्न आउदा गुराँसलाई मनपराउदैन, दोस्रो पटक असार, साउनमा हेर्न जाँदा ढकमक्क फूलेर सुन्दरी भएर बसेकी हुन्छ । उसको सुन्दरता देखेर उत्तिस र बाँस छक्क पर्छ । यस कथामा गुराँसको बोटले नारी पात्रको प्रतिनिधित्व गरेकी छिन् । अन्य पात्रहरूमा उत्तिसको बाबु-आमा, गुराँसको बाबु-आमा आदि रहेका छन् । यी सबै पात्रहरूको समन्वय र उचित प्रयोगबाट कथा रोचक र प्रभावकारी बन्न पुगेको पाइन्छ ।

**(ग) परिवेश**

प्रस्तुत कथामा लौकिक परिवेशको चित्रण पाइन्छ । यहाँ उत्तिसको घरबाट केटी खोज्दै लेकतिर जानु, लेकमा गुराँसको घरमा पुग्नु, उत्तिस लाजले पहिरोमा चिप्लिएर झर्नु आदि लौकिक परिवेशको चित्रण यस कथामा पाइन्छ ।

**(घ) कथोपकथन**

प्रस्तुत कथा वर्णन प्रधान रहेको छ । कथायिताले वर्णनका माध्यमद्वारा प्रत्येक चरित्रको आन्तरिक तथ्य प्रकट गरेका पाइन्छ । तर पनि पात्रहरूको विचमा भएको झिनो संवादले केही रहस्यहरू प्रकट गरेका छन् । उत्तिस र बाँस विचको संवाद, उत्तिस, बाँस र गुराँस विचको संवाद जस्तो ज्यादै कम संवाद मात्र यस कथामा पाउन सकिन्छ । तर पनि यी थोरै संवादले पनि कथालाई अघि बढ्न सहयोग मिलेको छ ।

**(ङ) उद्देश्य**

प्रस्तुत कथाको मूल उद्देश्य लोकवासीलाई मनोरञ्जन प्रदान गर्नु हो । अलौकिक काल्पनिक पात्रहरूको प्रयोग गरी ती पात्रहरूको चालचलन र बानीव्यवहारलाई मानवीय चालचलनमा उर्तानु यस कथाको मुख्य अभिप्राय हो । प्रस्तुत कथाबाट पनि मनोरञ्जन र आनन्द प्राप्त गर्न सकिने हुनाले कथा उद्देश्यमूलक बन्न पुगेको छ ।

(च) **भाषाशैली**

यो कथा सरल नेपाली भाषामा प्रस्तुत गरिएको छ । यसमा वर्णनात्मक शैलीको प्रयोग भएको छ ।

(छ) **निष्कर्ष**

समग्रमा भन्ने हो भने प्रस्तुत कथा अलौकिक कल्पनामा आधारित मनोरञ्जन प्रधान कथा हो । मनोरञ्जनले भरिएको यस कथामा मानवेत्तर मात्रको प्रयोग भए पनि मानवीय चालचलन र वानी व्यवाहरसँग मिल्दो जुल्दो रहेको छ । उत्तिस र बाँस केटी खोज्न जानु, कुनै केटी मन नपराउनु, गुराँसलाई सुरूमा मन नपराउनु, अन्त्मा मन पराउनु, उत्तिस पहिरोमा चिप्लिएर झर्नु आदि वस्तुहरूको प्रयोगले कथा रोमाञ्चकारी बन्न पुगेको छ । पात्रहरूको छनौट, कुतूहल प्रधान परिवेशको छनोट, भाषाशैलीमा रोचकता, आख्यानको सङठन आदि आख्यान तत्त्वको सन्तुलित र रोचक प्रयोगले कथा अति नै रोमाञ्चकारी र पूर्ण बन्न सफल भएको छ ।

**५.७ बाँदर बाघको कथा**

प्रस्तुत कथा ताप्लेजुङ जिल्लाको क्षेत्र नं. १ को दोखु, फुङलिङ र हाङदेवा गा. वि. स.हरूमा प्रचलनमा रहेको छ । यस कथामा मित्रता शत्रुतामा बदलियो भने त्यसले हिंसात्मक रुप लिन पुग्छ । साथै आफ्नो औकात भन्दा बाढि बाठो हुन खोज्दा अकालमा ज्यान गुमाउनु पर्छ भन्ने विषयवस्तु यस कथामा रहेको पाइन्छ ।

**मूलपाठ**

उहिले उहिले चिचिला पातालको जङल मत्स्य पोखरीसम्म फैलिएको थियो । जङल घना थियो र त्यहाँ थुप्रै किसिमका पशुपन्छीहरू बसोबास गर्थे । त्यस्ता वन्यजन्तुहरूमध्ये स्याल, बाघ, बाँदरको मुख्य थलो मत्स्यपोखरीको जङल नै थियो । स्याल, बाँदर (डुङ्गु) र बाघ (गिवा) का बीच निकै ठूलो मित्रता थियो । सबैले सबैलाई सम्मान गर्थे र वनको वातावरण निकै रमाइलो थियो । सबै सँगै आ-आफ्ना काममा निस्कन्थे । बाघ सिकार गर्थ्यो र स्याललाई सिकारको भारी बोकाएर साँझमा घर फर्कन्थ्यो । दिनहरू रमाइलोसँग बितिरहेकै बेला एक पटक जङलमा सिकारको ठूलो अभाव भयो । बाघ सिकार गरेर आफू र आफ्नो जहानबच्चालाई मात्र पुऱ्याउँथ्यो, नजिकै सिकार नपाइने हुनाले सिकार खोज्न टाढाटाढा जानुपर्थ्यो । स्याल टाढा गएर सिकार पनि खेल्न सक्तैनथ्यो र बाघले छाडेको सिकार पनि नपाउने भएकोले ठूलो सङ्कटमा परको थियो । एक दिन बाघका जोईपोइ बच्चालाई ओडारमै छोडेर सिकार खेल्न टाढा गएछन्, त्यही मौका छोपेर स्यालले बाघका बच्चा खाइदियो ।

बाघका जोईपोइ बेलुका सिकार लिएर घर फर्किए । अघि आफूहरूले ओडारमा छोडेर हिँडेका बच्चाहरू के गर्दै छन् भनी हेर्न गए । ओडार खाली नै थियो । बाघ र बघिनी आफ्ना छोराछोरी कता गए भनी खोज्दै हिँडे । उनीहरूले आफ्ना छोराछोरी भेट्टाउन सकेनन् । उल्टै आफ्ना ससाना छोराछोरीका हड्डीखुड्डी ओडारको मुखनजिकै छरिएको पाइए । बाघको जोईपोइले आफ्ना छोराछोरी मारिएकोमा बहुत शोक गरे । शोक गरेर के पो हुन्थ्यो र ! हुनेहुनामी भइसकेको थियो । जति शोक गरे पनि मरिसकेका बच्चाहरू फर्किदैनथे ।

आफ्ना बच्चाहरू कसले माऱ्यो होला ? बाघका जोईपोइ लख काट्न थाले । उनीहरूलाई स्यालमाथि शङ्का लाग्यो । आफ्नोशङ्कानिवारणका लागि बाघबघिनीले स्यालको गतिविधिको चियो गर्ने सल्लाह गरे । त्यसका लागि उनीहरूले स्यालको घरसम्मै गएर हेर्ने सल्लाह गरे । बेलुकाको समय, स्याल उसको घर जाँदै थियो र

उसलाई पछयाउँदै बाघ पनि गयो । बाघले उसलाई पछयाउँदै छ भन्ने कुरा स्यालले बुझिहाल्यो र कुद्‌दै गएर घरमा श्रीमतीलाई सिकायो -"हेर बुढी ! बाघ हाम्रो घरतिर आउँदै छ । ऊ हाम्रो घरनजिकै आइपुगेको छ । बाघलाई उसको डमरू हामीले खाएको शङ्का छ र ऊ त्यो शङ्का पुष्टि गर्न हाम्रो घरमा चियो गर्न आउँदै छ । उसले शङ्का गर्न नपाओस् भनी म अहिले बारीमा जान्छु अनि तैँले चिच्याएर कराउँदै 'ए बूढा ! के तिहुन पकाउने ? भन्नू । बाँकी गर्ने काम म गरिहाल्छु ।' यति भनी स्याल हतारहतार बारीतिर कुदयो र बारीमा बोटविरूवा गोडमेल गरेझैँ गर्न लाग्यो । सल्लाहबमोजिम श्रीमान् स्याल बारीमा पुग्न नभ्याउँदै श्रीमती स्याल कराउन थालिन्"एऽऽऽऽ............बूढा के तिहुन पकाउने ? घरमा तिहुन छैन, सिकार पनि ल्याउँदैनौ, मेरो बाउले कस्तो घर हेरेर दिएछन् मलाई .....।" बाघ स्यालको घरनजिकै पुगेको थियो तर कति पनि नहडबडाई, नआत्तिई श्रीमान् स्यालले बारीबाटै आफ्नी श्रीमतीलाई गाली गर्न थाल्यो -"ओइ नकचचरी ! अलच्छिनी बूढी ! के अभासी बोलेकी तैँले ? अस्तिको दिन मात्रै मैले तँलाई चिचिलाको जङलमा पाँचवटा बाघ मारेर ल्याइदिएको हैन । बाघको सुकुटी क्या मीठो हुन्छ भन्दै खाँदै थिइस् । सकि पो हालिस् कि क्या हो ? कि तेरो अर्को नाठो पोइ पनि छ, जोसँग बसेर लुकीलुकी बाघको मासु खान्छेस् कि क्या हो ? नत्र यति छिट्टै बाघको मासु कसरी सकिन्छ ? आफूलाई बाघको मासुको स्वाद जिब्रामा गाडिएर कस्तो भइरहेछ, जहाँ स्वास्नीचाहिँ तिहुन नै छैन भन्छे खै अब यसलाई त !"

स्यालले आफ्ना बच्चा खाएको शङ्कालाई अरू प्रष्ट पार्न स्यालको घरनजिकै पुगेको बाघले स्यालका जोईपोइको कुरा प्रस्टैसँग सुन्यो । उसले कुरा मात्रै सुनेन कुरा सुनेर अत्यन्तै डरायो पनि । बाघ त्यहाँबाट ओरालो लागि हामफाल्दै हतारहतार ओडारमा आयो र सबै घटना आफ्नी श्रीमतीलाई बेलीबिस्तारसाथ सुनायो । सबै घटना सुनेपछि बाघ र बघिनी दुवैले आपसमा सल्लाह गरी त्यहाँबाट भाग्ने निर्णय गरे । उनीहरू त्यहाँबाट भाग्दै ओरालो लागि ओराङ खोला र डुङ्ग्रे खालाको बेसी दोभानमा पुगे । त्यहाँको एउटा अग्लो रूखमा बाँदर (डुङ्गु) बस्दथ्यो । ऊ रूखको टुप्पोमा आरामसाथ बसिरहेको थियो । त्यसैबेला त्यही रूखको फेदमा बाघबघिनी स्याँस्याँ र फ्याँफ्याँ गर्दै पुगे ।

डुङ्गुले रूखको टुप्पाबाटै भुइँमा बसेका बाघ र बघिनीलाई (गिवा) बोलाएर सोध्यो-"हौ नातिनातिनाहरू (याङबेनची) ! त्यसरी बेहिसाबसँग किन दौडेको हो तिमीहरू ! कस्तो आपत्‌विपत् आइलाग्यो कुन्नि ? सुन्न पाए सघाउन सकिन्थ्यो कि ?"

बाँदरको कुरा सुनेर बाघका जोईपोइ अलि आश्वस्त भए र बाँदरसँग कुस्ती गर्न थाले -"हैन बाजे ( अप्पा) हामी, घरमा बच्चा छाडेर सिकारमा गएका मौका छोपेर स्यालले दुवै बच्चा मारिदियो । हो कि होइन भनेर एक चोटि स्यालको घरको चियो गर्न गएका थियौं । त्यही बेला स्याल बूढाले स्यालकी बूढीलाई बाघ मारेर सुकुटी सुकाउन दिएको, त्यही तिहुन पका" भन्दै तथानाम गाली गर्‍यो त्यसपछि त त्यसले हाम्रा छोराछोरी त मार्‍योमार्‍यो, अब हामीलाई पनि मार्छ भनेर ज्यान जोगाउन हिँडेको नि ! बरू तिमी पनि हिँड हामीसँगै । हामी अन्तै बसाइँ सरौं । स्यालले कुनै दिन तिमीलाई पनि मार्न सक्छ । छिट्टै बसाइँ सरे हामी सबैको भलो हुन्छ ।"

बाँदरले (डुङ्गु) ले छुट्टू स्यालको कुरा बुझिहाल्यो । उसलाई स्यालको स्वभाव थाह थियो र बाघ ( गिवा) का बूढाबूढीलाई सम्झयो-"हेर नातिनातिना (याङबेनची) हो ! तिमीहरूलाई हप्काउने त्यो स्याल हो । त्यसले तिमीहरूलाई मार्ने हिम्मत गर्नै सक्दैन । अस्तिसम्म तिमीहरूले सिकार बोक्ने भरिया भएर काम गरेको

स्याल यति छिट्टै बाघको मासुको तिहुन खाने कसरी हुन सक्छ ? कुरा सुन्दै छक्क पर्नु, हिँड हामी सबै सँगसँगै ऊसँग कुरा गर्न जाऔँ । तिमीहरूको यो मामिला मिलाइदिन्छु ।"

बाँदर (डुङ्गु) ले भनेको कुरा बाघ (गिवा) ले पत्याएन र बाघले बाँदरलाई भन्यो -"हौ हजुरबा (अप्पा) !यस बखत हामीलाई अति डर लागिरहेको छ, कसरी जाने होला त्यहाँसम्म ।"

"त्यसो भए आऊ, तिमी र तिम्री श्रीमतीको पुच्छर म बाँधिदिन्छु । यसो भएपछि दुवै छुट्टिनु पर्दैन र डर पनि हराउँछ ।" बाँदरले भन्यो । बाँदरको कुरा बाघलाई ठीकै लाग्यो । बाघका भालेपोथीको पुच्छर बाँदरले दह्रो गरी बाँधिदियो । भालेपोथी सँगसँगै हिँड्न लागे । त्यही पनि बाघको मनबाट डर हराएन । डराएको बाघले आफ्नी श्रीमतीमाथि त्यस्तो डर भगाउन सक्ने गरी साथीको रूपमा लिनै सकेन । उसले बाँदरलाई भन्या-"लौन बाजे ! मलाई त डर लागिराखेको छ । तपाईएं पनि हामीसँगै आउनुस् र तीनै जनाको पुच्छर एकै ठाउँमा गाँठो पारौँ । अनि हामी तीन जना एकै स्वरमा गीत गाउँदै जाऔं न । स्याल पनि डराउँछ हाम्रो डर पनि भागिहाल्छ ।" अनि मनलाई अलि सन्चो हुन्छ कि ?

बाघ अत्यन्तै डराएको ठानी डुङ्गुलेअ पनि आफ्नो पुच्छर बाघका भालेपोथीको गाँसिएको पुच्छरसँग गाँस्यो । अब तीनै जना गीत गाउँदै डर भगाएर स्यालको घरतिर लागे । स्यालले परैबाट बाँदर, बाघ र बघिनी आफ्नो घरतिर आउन लागेको देखेर छिट्टै उपाय नगरे आफू र आफ्नो परिवारमाथि ठूलो सङ्कट आइलाग्ने कुरा सम्झियो । केही सोच्यो र आँगनको डिलमा उभिएर स्यालले बाँदरलाई गाली गर्दै भन्न थाल्यो -"थुइक्क बाँदर ! बाँदर आफू पनि घर बनाउँदैन अरूलाई पनि बनाउन दिँदैन भन्थे बूढापाका । हो रहेछ, आजदेखि पत्याएँ । मैले तँलाई सानैदेखि बाघको मासु खुवाएर यत्रो जवान बनाएँ । बाघको सिकार खाएरै यत्रो भइस् । तँ सधैँ मेरो घरमा भतुवा बसेर तेरो जीविका कसरी हुन्छ ? त्यसैले बाघको मीठो मासु खाने भए आफैँले बाघको सिकार गरेर लिएर आइज भनी मैले पठाएको एक हप्ता भइसक्यो । बाघ मारेर उरूङ लगाइसक्यो होला, कतिखेर बाघको मासु लिन मलाई बोलाउँछ भनेर बाटो हेरिरहेको त, बजिया त ठिनठिन ती दुईवटा मात्रै बाघ लिएर पो घर आउँछ । यसै गरेर खान पुग्ला नि तँलाई ! भइगो, एक पटकलाई माफी दिएँ । ती दुवैलार्य नछोडी लिएर आइज । एक छाक भए पनि मीठै गरी खाउँला ।"

स्यालका कुरा सुनेर बाघका भालेपोथीले आफूहरू त बाँदरको षड्यन्त्रमा परेको ठहऱ्याए । उनीहरूले स्यालले भनेको कुरा पत्याए र बाँदरले भनेको कुरा पत्याएनन् । फलस्वस्प बाघ र बघिनी स्यालको डरले बेतोडले दौडँदै भाग्न थाले । यसरी भाग्दाभाग्दै लामो पुच्छर भएको बाँदर उम्किएर भाग्न सकेन र घिसिएर मऱ्यो । त्यस दिनदेखि बाघ रूखको फेदमा उभिँदा बाँदर रूखको टुप्पोमा हुन्छ । जबसम्म बाघले रूखको फेद छाड्दैनन् तब सम्म बाँदरले जस्तै परे पनि रूखबाट भुइँमा ओलिदैनन् । राम्रो गर्न खोज्दाखोज्दै बाघ र बाँदरको बीचमा शत्रुता भयो । त्यस दिनदेखि बाघ र बाँदर कहिल्यै आपसमा भेट हुँदैनन् ।

भन्नेलाई फूलको माला । सुन्नेलाई सुनको माला ।
यो कथा वैकुण्ठ जाला । भन्ने वेला खुरूखुरू आउँला ।

### ५.७.१ 'बाँदर र बाघको कथा' को विश्लेषण

**(क) कथानक**

प्रस्तुत कथाको कथानक अलौकिक कल्पनामा आधारित रहेको छ । एउटा बाघले सिकार गरी साँझमा घर फर्कदा स्याललाई बोकाएर घर फर्कनु,स्याललाई एक दिन बाघ सिकारमा निस्कीएको बेला स्यालले बाघको डमरू खाई दिनु, बाघले स्याल माथि सङ्का गर्नु, बाघ स्यालको घरमा च्याउन पुग्नु, स्यालले ज्यान जोगाउन बूढीसँग सल्लाह गरी बाघका बारेमा नानाथरी भन्नु, बाघ डरले भाग्नु, बाघ र बाघको श्रीमती भाग्नु, भागेर बेसीमा पुगेका बेला बाँदरसँग भेटहुनु, बाँदरले बाघको कुरा सुनेर स्यालको तचुर्‍याई थाहा पाउनु, बाँदर स्याल उल्टै विभिन्न कुरा बनाउनु, स्यालको कुरा सुनेर बाघ र बाँदर भाग्नु, बाँदरको लडेर मृत्यु हुनु आदि मूल घटनाहरूको सङठनबाट प्रस्तुत कथा निर्मित छ । चिचिलापातालको जङ्ल मत्स्यपोखरीसम्म फैलनु, त्यहाँ बाघ, बादर र स्याल निकै ठूलो मित्रताका साथ बसोबास गर्नु, बाघ सिकार गरेर बेलुका स्याललाई बोकाएर घर फर्कनु, एक समय जङ्गलमा सिकारको हाहाकार मच्चिनु, बाघको बुढाबूढी सिकारमा निस्कनु, स्यालले बाघको डमरू खानु अघि यस कथाको प्रारम्भ भाग हो । सिकार लिएर ओडारमा आउँदा बच्चाहरू नहुनु, बाघलाई अति पीर पर्नु, स्यालको घर सम्म पछ्याउनु, चतुर स्यालले बूढीलाई कुरा सिकाएर बारी तीर जानु, स्यालका बूढा-बूढी अघि सल्लाह गरे बमोजिम चिच्याउँदै कुरा गर्नु, स्यालको कुरा सुनेर बाघको बुद्धाबूढी त्यहाँबाट कुलेलाम ठोक्नु, हस्याङफस्याङ गरेर भाग्दै गर्दा बाँदरसँग भेट हुनु, बाँदरले बाघको बुढाबूढीलाई सम्झाउनु, तिनैजना मिली स्यालको सिकार गर्न आउनु , बाघका बुढाबूढी र बाँदर आफ्नो हत्या गर्न आउदै छ भनि स्यालले बुझ्नु आदि यस कथाको विकास भाग हो । बाघका बुढाबूढी र बाँदर स्यालको घरमा पुग्नु,स्यालले बाँदरलाई तथानाम गाली गर्नु, स्यालले बाँदरलाई गाली गरेको सुनेर बाघका बुढाबूढी डरले भाग्नु, बाघको पुच्छर र बाँदरको पुच्छर बाधिएकाले बाघ तोडले भाग्दा बाँदरको पछारिए मृत्यु हुनु आदि यस कथाको समापन भाग हो । रहस्य र रोमाञ्चकले भरिएको यी घटनाहरूको संयोजनबाट प्रस्तुत कथा निर्मित छ । आख्यानका बनावटका दृष्टिले यो कथा रहस्यमूलक, कुतूहलपूर्ण र रोमाञ्चकारी बन्न पुगेको छ ।

यस कथामा बाघ र स्यालको मित्रता हुनु, स्यालले बाघको सिकार बोक्नु, बाघका बुढाबूढीले आफ्नो बच्चाको हत्या स्यालले गर्‍यो भनि लख काट्नु, शङ्कानिवारणका लागि स्याल घरमा बाघचियो गर्न जानु, स्यालले बाघको सबै गतिविधि थाहा पाउनु, स्यालको बुढाबूढीले सल्लाह गर्नु बाघ र बाँदर विच कुराकानी हुनु, बाँदर बाघको बुढा-बूढीलाई जिस्काउनु, बाँदरको कुरा बाघले मान्नु, स्यालले बाँदरलाई हप्काउनु आदि अभिप्रायको गुम्फनले प्रस्तुत कथा सङठित आर्कषक र रोमाञ्चकारी बन्न पुगेको छ ।

**(ख) पात्र (चरित्र)**

यस कथामा मानवेत्तर पात्रहरूको प्रयोग गरिएको छ । स्याल यस कथाको केन्द्रीय पात्र हो । ऊ पहिले बाघको भरिया हुन्छ पछि बाघको डमरूको सिकार गर्न पुग्छ । त्यसपछि स्याल अत्यन्तै चलाख पात्रका रूपमा निस्कन्छ । उसको चतुर्‍याईको कारण बाँदरको पनि मृत्यु हुन पुग्छ । बाघ यस कथाको सहायक पात्र हो । ऊ सुरूमा स्याललाई भरिया बनाएर हिडाउँछ तर पछि स्यालले उसको डमरू खाए पछि स्यालको गतिविधि देखि अति डराउँछ । ऊ अत्यन्तै साधारण र सोझो पात्रका रूपमा यस कथामा देख्न सकिन्छ । बाँदर यस कथाको अर्को सहायक पात्र हो । ऊ अरूलाई खिसी टिउरी गर्ने र वढी वाठो हुने खोज्ने पात्र हो । पछि यहि कारणले

उसको निधन हुन्छ । अन्य पात्रहरूमा स्यालको वुढी, बाघको वुढी आदि रहेको छन् । यी सबै पात्रहरूको समन्वय र उचित प्रयोगबाट कथा रोचक र प्रभावकारी बन्न पुगेको देखिन्छ ।

**(ग) परिवेश**

प्रस्तुत कथा सामान्यत : लौकिक परिवेशमा संरचित रहेको पाइन्छ । चिचिपातालाको जङ्गलदेखि मत्स्यपोखरी सम्मको परिवेश यस कथामा पाइन्छ। बाघको ओडार, स्यालका घर आदि लौकिक परिवेशको चित्रणले कथा रोमाञ्चक बन्न पुगेको छ ।

**(घ) कथोपकथन**

प्रस्तुत कथा मूलत : वर्णन प्रधान रहेको छ । कथायिताले वर्णनका माध्यमद्वारा प्रत्येक चरित्रको आन्तरिक तथ्य प्रकट गरेकोपाइन्छ । तर पनि पात्रहरूको विचमा भएको कुराकानीको माध्यमबाट पनि रहस्यहरू प्रकट भएको छन् र स्यालका वुढा वुढी बिचको कथोपकथन, बाघको वुढावुढीको बिचको कथोपकथन, बाघ र बाँदर बिचको कथोपकथन, बाँदर स्याल बिचको कथोकथन आदि कथोपकथनहरू प्रभावकारी र रहस्यको प्रस्तुती गर्ने प्रकृतिका पाइन्छन् ।

**(ङ) द्वन्द्व**

प्रस्तुत कथामा द्वन्द्वको केही अंशहरू पाइन्छ । स्यालले बाघको बच्चा खाएपछि बाघको मनमा आन्तरिक द्वन्द्व शुरू हुनु, बाघ स्यालको पछि–पछि चियो गर्न आउदा स्यालमा आन्तरिक द्वन्द्व शरू हुनु यी द्वन्द्वहरूले कथालाई अघि बढ्न मद्दत पुगेको पाइन्छ ।

**(च) उद्देश्य**

प्रस्तुत कथाको मूल उद्देश्य मनोरञ्जन गर्नु हो । स्वैरकल्पनाका माध्यमद्वारा निर्मित अलौकिक र लौकिक परिवेशको चित्रण गर्दै यस कथाले सक्दो मनोरञ्जन दिने मुख्य अभिप्राय राखेको पाइन्छ । प्रस्तुत कथाबाट पनि मनोरञ्जन र आनन्द प्राप्त गर्न सकिने हुनाले कथा उद्देश्यमूलक बन्न पुगेको छ ।

**(छ) भाषाशैली**

यो कथा सरल र सरस मानक नेपाली भाषामा प्रस्तुत गरिएको छ । यसमा वर्णानात्मक शैलीको प्रयोग भएको छ ।

**(ज) निष्कर्ष**

समग्रमा भन्ने हो भने प्रस्तुत कथा मानवेत्तर पात्रहरूको प्रयोग र स्वैरकल्पनामा आधारित मनोरञ्जनात्मक कथा रहेको छ । मनोरञ्जन र अलौकिक परिवेशको चित्रणले यो कथा अति उत्कृष्ट बन्न पुगेको छ । बाघ र स्यालको मित्रता, स्यालले माघको बच्चा खानु, स्यालको चतुऱ्याई, बाँदरका बाठोपन आदिले कथा मनोरञ्जनात्मक बन्न पुगेको छ । आख्यान सङठन पात्रहरूको छनौट, कुतूहल प्रधान परिवेशको छनोट, द्वन्द्वविधान, भाषा–शैलीमा रोचकता आरद आख्यान सन्तुलित र रोचक प्रयोगले कथा रोमाञ्चकारी एवम् पूर्ण हुन पुगेको छ ।

### ५.८ चिन्द्रुक्पा चराको कथा

प्रस्तुत कथा ताप्लेजुङ जिल्लामा प्रचलनमा रहेको छ । यस कथामा जुम्म्रा र उपिँयाको मित्रतमा सानो गल्तीले ठूलो असर पुऱ्याउँछ साथै मित्रता जोड्दा आफ्नो सम्पूर्ण कुरा मिल्नु पर्दछ, नत्र सहयोगको सट्टा दुःखमात्र पाइन्छ भन्ने विषयवस्तु यस कथामा पाइन्छ ।

#### मूलपाठ

उहिले–उहिले भोटखोला प्रदेशमा एक जना मानिस  बस्थ्यो । त्यो मानिस जाडो मुलुकमा बसोबास गर्ने भएकाले कम नुहाउँथ्यो । कम नुहाएकै कारण उसको शरीरमा जुम्रा पर्न थाल्यो । उसको शिरमा जुम्रा ( सिकिमु) एक्लै हिँडडुल गर्थ्यो । उसको कोही साथी थिएन । एक दिन डुल्दै जाँदा ऊसँग उपियाँ (किसिक्पा)को भेट भयो । जुम्राले विचार गऱ्यो – कति एक्लै बस्नु,सधैं पटयारलाग्दो वातावरण छ । बरू उपियाँसँग मित्रता गरी बस्न पाए हुँदो हो ; केही नभए पनि बोलचालको साथी त हुन्थ्यो । त्यसैले एक दिन जुम्राले उपियाँलाई भन्यो–" साथी ! तपाई एक्लै हुनुहुन्छ कि कसो ? म पनि एक्लै छु । यदि त्यसो हो भने हामी एक्ला एक्लै बस्नुको सट्टा मीत लगाऔं र सँगै बसौं, हुन्न र !" जुम्राको प्रस्ताव उपियाँलाई पनि उचित लाग्यो र जुम्रासँग मीत लगाउन सहमत भयो । दुवै जना एक्लाएक्लै भएकाले मिलेर मीत लगाए । मीत लगाएदेखि नै मिलेर बसेका  दुवै खुशीसाथ  दिन बिताइरहेका थिए पालैपालो काम गर्थे । उपियाँ र जुम्राको जस्तो  मिल्ति कसैको थिएन ।

एक दिन उपियाँ ( किसिक्पा) भात पकाउँदै थियो । दाउरा सकिएछ । यो छांक दुःखसुख उपियाँ ( किसिक्पा) ले भात पकायो । दुवैले सँगसँगै खाना खाए । उनीहरूले दाउरा खाज्न जङल जाने सल्लाह गिरे । जङलमा दाउरा खाज्न गएका बखत घरी उपियाँ गीत गाउँथ्यो, घरी जुम्रा अनि घरी दुवै सँगसँगै स्वर खापे गीत गाउँथे । बेलुकासम्म उनीहरूले आ–आफुलाई पुग्ने दाउराको भारी पुऱ्याए र भारी बाँधे । दुवै मीत दाउराको  भारी बोकी घरतिर फर्कन लागे ।

उपियाँ . किसिक्पा) फूर्तिलो थियाो । ऊ दोउराको भारी बोकेर छिट्टै घर पुग्न चाहन्थ्यो । आफ्नो मीत जुम्रालाई आफू फूर्तिलो भएको देखाउन चाहन्थ्यो । यस्तैमा ऊ दाउराको भारी बोकेर फड्किँदै, उफ्रिँदै हिँड्न ताल्यो । यसरी काम गर्दा उसलाई धेरै दुःख भयो । कहिले दाउराको भारीबाट नाम्लो फुस्किन्थ्यो भने कहिले भारीबाट दाउरा नै खस्थ्यो  कहिले दाउरा बोक्ने डोको नै लडेर कान्लामुनि पुग्थ्यो । यसबाट उपियाँलाई ठूलो दुःख भयो, ऊ समयमै घर पुग्न सकेन ।     उता जुम्रा भने बिस्तारैबिस्तारै भारी बोकेर घस्रँदै हिँड्न थाल्यो । बिस्तारै हिँड्ने भएकाले उसको भारीबाट नाम्लो फुस्किएर र दाउरा पनि झरेन । विना झन्झट जुम्रा ढिलै भए पनि घर पुग्यो ; उपियाँ अघि पुगिसक्यो होला भन्ने ठानेको त ऊ अझ घर आईपुगेको रहेनछ । उसले भात पकायो, खायो तैपनि मीत आइपुगेन । उसले मीत ढिलो आएकाले चुलामाथि भात छोपेर मीतलाई पनि राखिदियो ।

आफ्नो प्यारो मीत घर नआएपुगेकोले जुम्राले उपियाँलाई गाउँ नजिकैको डाँडामा गएर बोलायो । कतैबाट पनि उपियाँको आवाज आएन । जुम्रालाई लाग्यो, पक्कै पनि उपियाँलाई केही भयो । ऊ साह्रै डराएको कारण उसले लुक्ने सक्ने ठाउँ खोज्यो, तर भरपर्दो ठाउँ पाएन । अन्त गत्वा जुम्राले लुक्नका लागि सबैभन्दा उपयुक्त ठाउँजाँता ठहऱ्यायो र जाँतो भित्र लुकेर बस्यो । उता बिस्तारै उपियाँले जङलबाट दाउराको भारी लिएर आयो र आँगनमा दाउराको भारी बिसायो । उसले घरभित्र पसेर अफ्नो मीत जुम्रालाई बोलायो । जुम्रा बोलेन । उपियाँले घरको कुराकानी सबैतिर सिकिमुलाई खोज्यो र नभेटेपछि रिसले जाँतो घुमायो । जुम्रा

जाँतामा पिसियो र अलिकति चोट लाग्ने वित्तिकै करायो । जुम्राको आवाज सुनेर उपियाँ डरायो । हेर्दा त मीतलाई चोट पो लागेछ । आफ्नो कारणले  मीत घाइते भएकोमा उपियाँलाइृ ठूलो चिन्ता पर्‍यो । मीतलाई निको पार्नु आफ्ना कर्तव्य ठानी ऊ पुजारी ( टयेने ) खोज्न ाँडियो ।

पुजारी खोज्न हिँडेको उपियाँ विभिन्न ठाउँ घुम्दाघुम्दै थपकत भियो । ऊ हिँड्ने बाटोमा एउटा नाक ठोकिने उकालो थियो । त्यो उकालो उम्किन उपियाँले लठ्ठी टेक्यो । यसरी हैरानका साथ हिँडिरहेको बेला बाटानजिकैको एउटा रूखमा बसेको काग ( आलक्पा) ले

उपियाँलाई सोध्यो –" दाइ, तपाईं कहाँ जान लाग्नुभएको ?"

उपियाँले भन्यो –"भाइ म धरै दुःखी छु । मेरो मीत जाँतोमा पिसिएर घाइते हुनु भएको छ । त्यसैले उहाँलाई निको पार्न पुजारी खोज्न जान लागेको । के त्यस्तो निको पार्ने पुजारी यो गाउँमा कोही छन् कि, तिमीलाई केही थाहा छ कि ?"

काग (आलाक्पा) ले भन्यो !"ओहो, तपाइलाई थाहा छैन र ! यस गाउँको त्यस्तो उपचार गर्ने प्रख्यात पुजारी त मै हुँ नि !"

उपियाँले भन्यो –" ओहो ढुङ्गा खोज्दा देउता मिले जस्तै भयो, तर मैले तपाईं पुजारी नै हो भनेर कसरी विश्वास गर्ने ? तपाईं एउटा मन्त्र पढ्नुस् त म पनि सुनौं । तपाईंले पढेको मन्त्र सुनेपछि म तपाईं पुजारी हो ाकि होइन छुट्टयाउन सक्छु ।"

त्यसपछि काथले मखख परेर मन्त्र पढ्न थाल्यो । मन्त्र के थियो र, ऊ अरू बेला जस्तै आऽऽऽआऽऽऽआऽऽऽ गरी किरायो । (भोटे भाषामा कागको बोलीलाई आऽऽऽआऽऽऽआऽऽऽ भनी अनुकरण गरिन्छ ।)

पुजारीले आऽऽऽआऽऽऽ त भन्यो तर भोटे भाषामा त्यसको अर्थ अझै नराम्रो होस् अझै नराम्रो होस् ! घाइटे मीतलाई निको पार्ने पुजारी खोज्दै हिँडेको उपियाँ छक्क पर्‍यो । पुजारी त बिरामीलाई अझै नराम्रो होस् ! अझै नराम्रो होस् ! पो भन्छ । यस्तो मन्त्र पढ्ने पुजारीबाट कसरी मीतको हुन सक्छन् भनी उपियाँ त्यहाँबाट पुजारी खोज्दै झन् अघि बढ्यो ।

जाँदाजाँदै उपियाँले बाटोमा चुडमुक यो चरा कागको अर्को प्रजाति हो ) भेटयो । चुङमुकको खुट्टा रातो र शरीर सबै कालो रङले ढाकिएको हुन्छ । यो चरा अरूण उपत्यकाको तिब्बती क्षेत्र र नेपालको भोटखोला क्षेत्रमा मात्र पाइन्छ । हटियाभन्दा तलको भू–भागमा यो पनछी देख्न पाईदैन ।

उपियाँ हातमा लठ्ठी टेकेर स्वाँऽऽऽ ऽऽऽ स्वाँऽऽऽ ऽऽऽ गर्दै उकालो चढ्दै गरेको देखेर कर्के नजर लगाउँदै चङमुकले सोध्यो –" उपियाँ दाइ, कोही सँग बाल्दै नबोली तपाईं कता हिँडनु भयो ? भन्नुहोस् ,मैले पो कही सहयोग गर्न सक्तें कि ?"

उपियाँले आफ्नो सबै दुःख चुङमुलाई सुनायो र भन्यो –" मेरो मीत जुम्रा हुन् र उनी जाँतोमा पिसिएर धेरै घाइटे छन् । उनलाई निको पार्ने पुजारै निको पुजारी खाजदै यहाँसम्म आइपुगेको छु । यस्तो पुजारी कहाँ पाइएला ? तपाईलाई यस गाउँमा कुनै पुजारी बारे जानकारी छ कि ?"

चुङमुकले पनि मौकाको फाइदा उठाउँदै भन्यो –"ए ऽऽऽ त्यस्तो पुजारी म नै हुँ मजतिको  पुजारी यस गाउँमा कोही पनि छैन । गाउँमा कोही बिरामी परे मलाई नै बोलाउँछन् ।"

उपियाँलाई शङ्का लाग्यो र चुङमुकलाई एउटा मन्ध पढेर सनाउन आग्रह गर्‍यो । चुङमुल पनि पुजारी हुने भएँ भनी मख्ख पर्दै करायो –" चुँक......चुँक्" ( भोटे भाषामा चुँक्को अर्थ सानो भन्ने हुन्छ । ) उपियाँले

सोच्यो – ' एक त सानो जुम्रा, त्यसमाथि पनि सानो पार्ने पुजारी लगेर के काम ? ' चुङमुकलाई त्यत्तिकै छोडर उपियाँ अघि बढयो ।

अघि जाँदाजाँदै बाटोमा उपियाँको चिन्द्रुक्पा चरासँग भेट भयो । चिन्द्क्पाको शरीर सबै रातो, घाँटी कालो, टाउको रातो र टाउकाको बीचभागमा कालो रङ थियो । चिन्द्रक्पा चरा नेपालको भोटखोला क्षेत्र र त्यसैसँग  जोडिएको तिब्बती भू–भागमा मात्रै पाइन्छ ।

चिन्द्रुक्पाले उपियाँलाई सोध्यो –" उपियाँ दाइ ! कहाँ जान लाग्नु भएको ?" उपियाँले पनि मीत घाइते भिएको र आफू मीतको उपचार गर्ने पुजारी खोज्न हिँडेको कुरा बतायो ।

अनि उसले चिन्द्रुक्पा चरालाई सोध्यो –"यो गाउँमा कोही त्यस्तो पुजारी छ कि ?" चिन्द्रुक्पाले भन्यो –" त्यस्तो असल पुजारी त यो गाउँमा म मात्रै हुँ ।"

उपियाँले पहिले अरूलाई जस्तै चिन्द्रुक्पालाई पनि मन्त्र पढ्न अनुरोध गर्‍यो । चिन्द्रुक्पा पनि के कम थियो । ऊ पनि"सिलीलु ..........डुम........डुम........., सिलीलु ....... डुम.......... डुम" गर्दै कराया । यपियमाँलाई चिन्द्रुक्पाको आवाज असाध्यै मन पर्‍यो र उसैलाई पुजारी बनाई मीतको उपचार गराउन सहमत भयो ।

उपियाँ र चिन्द्रक्पा दुवै जना जुम्राको उपचार गर्न उपियाँको घरतिर जाँदै थिए । बाटो लामो थियो । उपियाँ उफ्रन्थ्यो मात्रै तर चिन्द्रुक्पा छिटो उड्न सक्थ्यो । उपियाँ फुत्तफुत्त उफ्रेर हिँड्थ्यो, तैपनि बाटोमा पर्दैनथ्या । उपियाँ कहिले बाटोको दाहिनेतिर र कहिले देब्रतिरको झाडीमा पुग्थ्यो । यसरी उपियाँ र चिन्द्रुक्पाको हिँडाई  नै मिलेन । एउटा आकाशमा उड्ने अनि अर्को भुँइमा उफ्ने । उपियाँको यो पारा देखेर चिन्द्रक्पा हैरान भियो । यसरी  उपियाँको घर पुग्न बहूत दिन लाग्ने भएकाले चिन्द्रुक्पाले उपियाँसँग भन्यो –" आफू आफ्नो पखेटाको उपयोग गरी उडेर उपियाँका घर जाने र उपचारमा लाग्दै गर्ने अनि उपियाँ भने बिस्तारै आउँद गर्दा राम्रो हुने" विचार व्यक्त गर्‍यो । उपियाँलाई पनि चिन्द्रुक्पाको विचार ठीकै लाग्यो र त्यसमा सहमति जनाउँदै आफ्नो घर रहेको  स्थान, घरको आकार सकै ठीकठीक बताएर पठायो । बिरामीलाई भने डिल उक्लेर भाग्न नसक्ने गरी सेतो थालमा राखिएको पनि उपियाँले बतायो ।

सबै जानकारी लिएर चिन्द्रुक्पा चरा उपियाँको घर पुग्यो । लामो बाटो उडेर आएको कारण चिन्द्रुक्पालाई धेरै भोक लागेको थियो । यसले यताउता खानेकुरा खोज्यो तर केही पाएन । यसले यताउता खोज्दै जाँदा थालमा मकैको चामल (च्याँख्ला) का भात जस्तो सिता देख्यो । त्यसैलाई खाएर भए पनि भोक मेट्न पर्‍या भनि चिन्द्रुक्पाले थालमा राखिएको उपियाँको मीत जुम्रलाई खाइदियो । त्यसपछि फेरि चिन्द्रुक्पा चरा भने बिरामी खोज्न लाग्यो । बिरामी नभेटेर चिन्द्रुक्पा भन्ने उपियाँ कहिले घर आईपुग्ला र पुजारी बसौला भनी बाटो हेरिरहेको थियो , त्यस्तैमा हिँड्दाहिँड्दा थकित भएर उपियाँ घर आइपुग्यो । उपियाँलाई देख्नेवित्तिकै जोखना हेर्न आएको चिन्द्रुक्पाले सोध्यो –" उपियाँ दाइ ! बिरामी खोइ त ?"

उपियाँले भन्यो –" हैन अझैसम्म पनि तपाईले बिरामी फेला पार्न सक्नुभएन ! तपाई त धेरै पहिले नै यहाँ आइपुगिसक्नु भएको थियो । मैले ठानेको थिएँ, बिरामी त निको भएर उठिसक्यो ।

चिन्द्रुक्पाले भन्यो –" मैले त बिरामी देख्तै देखिनँ ।"

उपियाँले भन्यो –" यो सेतो थालमा देख्नु भएन ? मैले बिरामीलाई त्यहीँ सुताएर पुजारी खाज्न हिँडेको थिएँ ।"

चिन्द्रुक्पाले भन्यो – एऽऽऽ त्यही पो हो बिरामी ! मैले त भोक लागेको बेला मकैको च्याँख्लाजस्तो लागेर खाइदिएँ ।"

चिन्द्रुक्पाले यति मात्रै के भनेको थियो, उपियाँले पुजारी बस्न आएको चिन्द्रुक्पाले जुम्रालाई खाइदिएको थाहा पायो । उसलाई अब प्यारो मीत कहिले फर्कनेछैन भन्ने विश्वास लाग्यो । मीत मरेको थाहा पाएपछि ऊ चिन्द्रुक्पासँग साह्रै रिसायो । त्यही झोकमा उसले पुजारी खाज्न जाने बेलामा अगेनामा आगो छोपछाप पारेर हिँडेको थियो । अगेनामा एउटा अगुल्टो गाडिएको थियो । त्यहीबाट अगल्टो झिकेर पुजारी बस्न आउने चिन्द्रुक्पाको टाउकोमा हिर्कायो । अगुल्टोको आगोले चिन्द्रुक्पाको टाउकोका केश सबै डढेर कालो भयो । ऊ उडेर गयो । त्यस भन्दा पहिले चिन्द्रुक्पा चराको टाउकोको सबै रातो थियो । पुजारी बस्ने हुँदा उपियाँले अगुल्टोले पोलिदिएपछि उसको टाउको कालो भयो अहिले सम्म पनि  चिन्द्रुक्पाको टाउको कालो नै रहिआएको छ ।

भन्नेलाई फूलको माला । सुन्नेलाई सुनको माला ।

यो कथा वैकुण्ठ जाला । भन्ने वेला खुरूखुरू आउँला ।

### ५.८.१ 'चिन्द्रुक्पा चराको कथा' को विश्लेषण

**(क) कथानक**

प्रस्तुत कथा स्वैरकल्पना र अलौकिक परिवेशमा आधारित रहेको छ । एक दिन उपियाँ र जुम्राले मीत लगाउनु, दुवै मीत दाउरा खोज्न जङल जानु, जङलबाट दाउरा ल्याएर जुम्रा पहिले घर आउनु, जुम्रा जातो मुनी लुक्नु, उपियाँले जातो घुमाउदा जुम्रा घाइते हुनु, जुम्राको उपचारको लागि उपियाँ पुजारी खोज्न हिड्न बाटोमा काग, चुङमुक, चिन्द्रुक्पालाई भेट्नु, चिन्द्रुक्पा चराको विश्वास गरेर मीतको उपचार गर्न ल्याउनु, चिन्द्रुक्पा चराले जुम्रालाई नचिनेर खाइदिनु आदि मूल विषयवस्तुको संगमबाट प्रस्तुत कथा निर्मित्त भएको पाइन्छ । भोट खोला प्रदेशमा एउटा मानिस बस्नु, ऊ कम नुहाउनाले टाउकोमा जुम्रा पर्नु, जुम्राले एक दिन उपियाँलाई भेट्नु, दुवै जना मीत लगाएर एकै ठाउँमा बस्नु, एक दिन दुवै जना दाउरा लिन जङल जानु, उफ्रिदै चाडो घर हिड्नु, जुम्रा बिस्तारै हिँडे पनि उपियाँ भन्दा चाडो घर आउनु, मीत घरमा नभएपछि जुम्रा डरले जातोमा लक्नु, उपियाँले दाउराको भारी विसाएर जाँतो घुमाउनु , जुम्रा घाइते हुनु आदि कथाको आरम्भ भाग हो । आफ्नो कारणले मीत घाइते भएकाले जुम्राको उपचारको लागि उपियाँ पुजारी खोज्न जानु, उपियाँको भेट कागसँग हुनु, कागले उपियाँलाई ठग्न खोज्नु, उपियाँले कागको ठग्न खोज्ने नियत बुझ्नु, उपियाँ उफ्रिदै अघि बढ्दा चुङमुक चरासँग भेट हुनु, उपियाँले चुङमुकको फलाकाई देखेर ठग मानी अघि बढ्नु, उपियाँको भेट चिन्द्रुक्पा चरासँग भेट हुनु, चिन्द्रुक्पा चरालाई लिएर उपियाँ घर तिर लाग्नु, उपियाँ उफ्रि बस्दा ढिलो भएकाले चरालाई घर बताउनु, चरा उपियाँको घरमा आउनु, चरालाई भोक लागेकोले थालमा सुतेको जुम्रा मकैको चेख्ला सम्झेर खानु आदि यस कथाको विकास भाग हो ।उपियाँ घरमा आइपुग्नु, चिन्द्रुक्पाचराले बिरामी फेला नपरेको कुरा वताउदा चिन्द्रुक्पाले त्यो त चयाख्ला ठानेर खाएको कुरा वताउनु, उपियाँलाई रिस उठेर अगेनामा रहेको अगुल्टोले चिन्द्रुक्पाको टाउकोमा हान्नु, चिन्द्रुक्पाको टाउको डडेर कालो हुनु, चिन्द्रुक्पा चरा उडेर जानु आदि यस कथाको समापन भाग हो । सहस्य र रोमान्चले भरिएको यी

घटनाहरूको संयोजनबाट प्रस्तुत कथा निर्मित छ । आख्यानको वनावटका दृष्टिकोणले यो कथा रहस्यमूलक, कुतूहल र स्वैरकल्पनाले युक्त रोमाञ्चकारी बन्न पुगेको छ ।

यो कथामा उपियाँ र जुम्राले मीत लगाउनु, उपियाँ र जुम्राले खाना पकाउन दाउरा लिन जङल जानु, जुम्रा जाँतो मुनी लुक्दा उपियाँले जाँतो घुमाउनु, चरा र उपियाँ बिच वार्ता हुनु, चराहरूले पुजारी काम गर्नु, उपियाँले चिन्द्रुक्पालाई आफ्नो घर बताउनु, चिन्द्रुक्पाले थालको जुम्रा खानु, चिन्द्रुक्पालाई उपियाँले अगुल्टोले हिर्काउनु, चिन्द्रुक्पाको टाउको कालो हुनु आदि अभिप्रायहरूको संयोजनले कथा रोमाञ्चक बन्न पुगेको छ ।

**(ख) पात्र (चरित्र)**

यस कथामा अलौकिक काल्पनिक पात्रहरूको प्रयोग गरिएको छ । यस कथामा मुख्य पात्रका रूपमा उपियाँ रहेको छ । उपियाँ मानवेत्तेर पात्र भए पनि ऊ मानव झैं सचेत र चेतनशील रहेको देखिन्छ । ऊ साथीको लागि दिलोज्यान दिन सात् पात्र हो । उपियाँले यस कथालाई अघि बढाउनका लागि मुख्य भूमिका निर्वाह गरेको पाइन्छ । जुम्रा यस कथाको मुख्य सहायक पात्रको रूपमा रहेको पाइन्छ । ऊ असल मित्रको रूपमा रहेको छ । साथी विना बाँच्न नसक्ने पात्र पछि साथी कै कारण उसको शरीरमा चोट लाग्नुको साथै उसको निधन हुन पुग्छ । चिन्द्रुक्पा चराको चरित्र यस कथामा खल प्रवृतिका देख्न सकिन्छ । ऊ उपियाँलाई झुक्याएर जुम्राको उपचार गर्न आउँछ र घाइते जुम्रालाई खाइदिन्छ । चिन्द्रुक्पा चरा यस कथाको खल पात्र हो । अन्य सहयोगी पात्रका रूपमा काग, चङ्मुङ मान्छे आदि रहेको छ । यी पात्रहरूको संयोजनले कथा उत्कृष्ट र रोमाञ्चक बन्न पुगेको पाइन्छ ।

**(ग) परिवेश**

प्रस्तुत कथा अलौकिक काल्पनिक परिवेशमा संरचित रहेको छ । यहाँ एउटा मनिसको टाउकोलाई सम्पूर्ण परिवेश मानिएको छ । यस कथामा जुम्रा र उपियाँको घर उनीहरूले दाउरा काट्ने जङल आदि परिवेशले कथालाई रोचक एवम् मनोरञ्जनात्मक बनाएको पाइन्छ ।

**(घ) कथोपकथन**

प्रस्तुत कथा वर्णन प्रधान रहेको छ । कथायिताले वर्णनका माध्यमद्वारा प्रत्येक चरित्रको आन्तरिक तथ्य प्रकट गरेको पाइन्छ । तर पनि पात्रहरूको बिचमा भएको झिनो संवादले केही रहस्यहरू प्रकट गरेका छन् । जुम्रा र उपियाँ बिचको कथोपकथन, उपियाँ र काग बिचको कथोपकथन, उपियाँ र चुङ्मुक चरा बिचको कथोपकथन,उपियाँ र चिन्द्रुक्पा चरा बिचको कथोपकथन आदि कथोपकथनहरू प्रभावकारी र रहस्यको प्रस्तुती गर्ने प्रकृतिका छन् ।

**(ङ) द्वन्द्व**

प्रस्तुत कथामा द्वन्द्वले पनि केही प्रश्रय पाएको छ । उपियाँ जङ्गलबाट रात परिसक्दा पनि नआए पछि जुम्राको मनमा आन्तरिक द्वन्द्व शुरू हुनु, जुम्राको चोट लागेपछि उपियाँ मनमा द्वन्द्व उब्जनु, चिन्द्रुक्पा चराले थालमा राखेको जुम्रा खाएपछि उपियाँ मनमा एक्कासी आन्तरिक द्वन्द्व हुनु, चिन्द्रुक्पा चरा र उपियाँ बिच भौतिक द्वन्द्व हुनु यी द्वन्द्वहरूले कथालाई अघि बढ्न मद्दत पुगेको पाइन्छ ।

(च) **उद्देश्य**

प्रस्तुत कथाको मूल उद्देश्य मनोरञ्जन प्रदान गर्नु हो । स्वैरकल्पनाका माध्यमद्वारा निर्मित अलौकिक काल्पनिक परिवेशको चित्रण गर्दै लोकवासीलाई भरपुरमनोरञ्जन प्रदान गर्ने अभिप्राय राखेको छ । यस कथामा कसैलाई चाडै विश्वास गर्नाले घात हुन सक्छ भन्ने शिक्षा प्रदान गर्दछ ।

(छ) **भाषाशैली**

यो कथा सरल र सरस मानक नेपाली भाषामा प्रस्तुत गरिएको छ । यसमा वर्णानात्मक शैलीको प्रयोग गरिएको छ ।

(ज) **निष्कर्ष**

समग्रमा भन्ने हो भने प्रस्तुत कथा मानवेत्तर पात्रहरूका प्रयोग र स्वैरकल्पनामा आधारित मनोरञ्जनात्मक कथा रहेको छ । मनोरञ्जन र अलौकिक परिवेशको चित्रणले यो कथा अति उत्कृष्ट बन्न पुगेको छ । जुम्रा र उपियाँका मित्रता, उपियाँ र जुम्राले दाउराको भारी  बोक्नु, उपियाँलाई काग र चुङ्मुकले ठग्न नसक्नु, चिन्द्रुक्पाले थालमा राखेको जुम्रा खाईदिनु जस्ता वाक्यहरूको संयोजनले कथा मनोरञ्जनात्मक बन्न पुगेको छ । आख्यान सङठन पात्रहरूको छनौट, कुतूहल प्रधान परिवेशको छनोट, द्धुन्द्ध विधान, भाषा – शैलीमा रोचकता आदि आख्यानको सन्तुलित र रोचक प्रयोगले कथा रोमाञ्चकारी एवम् पूर्ण हुन पुगेको छ ।

# छैटौं परिच्छेद
# उपसंहार

प्रस्तुत शोधकार्य ताप्लेजुङ जिल्लामा प्रचलित नेपाली लोककथाको अध्ययन शीर्षकमा सम्पन्न गरिएको छ यो शोधकार्य शोधपत्रका रूपमा जम्मा छ परिच्छेद शोधपरिचयका औपचारिकतासँग सम्बन्धित छ भन्ने यो अन्तिम छैटौं परिच्छेद प्रस्तुत शोधपत्रका दोस्रो, तेस्रो, चौथो र पाँचौं परिच्छेदमा गरिएको अध्ययनलाई निष्कर्षित गर्ने शोधको औपचारिकतासँग सम्वन्धित छ । यस परिच्छेदमा प्रस्तुत शोधका दोस्रो, तेस्रो, चौथो र पाँचौं परिच्छेदमा गरिएको अध्ययनका सारांश दिई त्यसलाई अन्तिम निष्कर्ष दिइएको छ ।

## ६.१ सारांश

नेपाल अधिराज्यका पाँच विकास क्षेत्रमध्ये पूर्वाञ्चल विकासक्षेत्रमा पर्ने मेची अञ्चलका चार जिल्लाहरूमध्येको एक ताप्लेजुङ जिल्ला हो । यसको नामकरण जिल्लाको आकार गुलेलीको टुप्पोतिर फैलिएको जस्तो देखिएकोले ताप्लेजुङ रहन गएको हो भन्ने एकथरीको मत छ भने अर्को थरीले मत अनुसार ताप्ले भन्ने भोटे राजाको जुङ भन्ने भएकोले यसको नाम ताप्लेजुङ रहन गयो । यस जिल्लाको कुल क्षेत्रफल ३,६४६ वर्गकिलोमिटर रहेको छ । पूर्वमा भारतको सिक्किम, उत्तरमा चिनको स्वशासित क्षेत्र तिब्बत, दक्षिणमा पाँचथर र तेह्रथुम र पश्चिममा सङ्ख्वासभा जिल्लाको विचमा पर्ने यो जिल्ला हिमाली जिल्ला हो । प्राकृतिक सौन्दर्यले भरिपूर्ण र विविध जडीवुटीले धनी यो जिल्ला प्रसिद्ध हिमालय पर्वत,हिमशृङखलाले विश्व प्रख्यात रहेको छ । समुद्र सतहको ७७७ मिटरदेखि ८५८६ मिटरका उच्चाईसम्म फैलिएको यस जिल्लामा सम्भावित तामाखानी, फलामखानी रहेको छन् । राजनैतिक तथा प्रशासनिक दृष्टिले दुई संसदीय निर्वाचन क्षेत्र, एघार इलाका र पचास गाउँ विकास समितिमा विभाजित यस जिल्लाको सदरमुकाम फुङलिङ हो । एक लाख चौतिस हजार, छ सय, अन्ठानब्बे जनसङ्ख्या रहेको यस जिल्लामा किराँत, हिन्दु, बौद्ध, इस्लाम आदि धर्मावलम्बीहरू बसोबास गर्दछन् । एउटा मात्र अस्पताल रहेको यस जिल्लामा एक क्याम्पस, उच्च माध्यामिक विद्यालय एघार, माध्यामिक विद्यालय एक्चालिस, निम्न माध्यामिक विद्यालय एक्काउन्न प्राथमिक विद्यालय दुईसय तेह्र रहेका छन् । मेची राजमार्गले यस जिल्लालाई छोएको छ । ठूलासाना गरी दशवटा सडकखण्डहरू रहेका छन् भन्ने अंशिक तथा पूर्ण गरी २५ वटा गा.वि.स. मा विद्युतीकरण भएको छ । यस जिल्लामा प्रसिद्ध ऐतिहासिक तथा पौराणिक धार्मिक स्थलहरू रहेका छन् । यो जिल्ला पर्यटकीय दृष्टिकोणले महत्त्वपूर्ण जिल्ला हो ।

लोककथा लोक साहित्यको आख्यानयुक्त विधा गद्यविधा हो । यसमा लोकजीवनको आस्था विश्वास र परम्परा एवम् संस्कृति रोमाञ्चक तथा मनोरञ्जनात्मक रूपमा प्रतिविम्वित भएर आएका हुन्छन् । लोककथाले लोकजीवनको भावना, कला, संस्कृति, भाषा र परम्परालाई कलात्मक तवरले गद्याख्यानमा समृटी मनोरञ्जनात्मक तथा उपदेशात्मक ढङ्ग प्रस्तुत गर्दछ । लोककथाको उत्पत्तिका बारेमा थुप्रै मतमतान्तरहरू पाइन्छन् । जसमध्ये प्रकृतिरूपकवाद, प्रसारवाद, विकासवाद, इच्छापूर्तिवाद र यथार्थवाद विशेष गरेर महत्त्वपूर्ण रहेका छन् । लोककथाको वर्गीकरणमा पनि नेपाली विद्वान्हरूबिच मतैक्य छैन । तुलसी दिवसले नेपाली लोककथालाई दश भागमा वर्गीकरण गरेका छन् । लोककथा लोक साहित्यको एउटा महत्त्वपूर्ण स्वतन्त्र विधा भएकाले यसमा स्वरूपगत विविधता रहेका छन् । आख्यानको प्रधानता, विषयको व्यापकता, अभिप्रायको प्रयोग, कल्पनाको प्रधानता, मनोरञ्जनात्मक, गद्यात्मकता, भाषिक सरलता, वर्णात्मक शैली, कुतूहलता, अज्ञात

रचनाकार आदि लोककथाका प्रमुख विशेषता हुन् । कथावस्तु, पात्र, संवाद, परिवेश, उद्देश्य, भाषाशैली आदि लोककथाका संरचक घटकतत्त्वहरू हुन् । यिनैको समुचित संयोजनद्वारा लोककथाको स्वरूप निर्माण हुन्छ ।

लोकगाथा र आधुनिक लोककथाको नजिकको सम्बन्ध रहेको हुन्छ । यी विधाका कतिपय कुराहरू लोककथासँग समान रहेका हुन्छन् । वस्तु, पत्र, उद्देश्य, परिवेश, भाषाशैली आदि कुराहरूमा समानता पाइन्छन् भने अधिकांश कुराहरूमा असमानता देखिएकाले यी छुट्टाछुट्टै स्वतन्त्र विधाका रूपमा स्थापित छन् । नेपालीको सभ्यताको विकाससँग नेपाली लोककथाको सम्बन्ध जोडिएको छ । नेपाली लोककथाको पृष्ठभूमिका रूपमा संस्कृत साहित्य रहेका छ । नेपाली लोककथामा वि.सं. १८३१ देखि अनुवाद रूपान्तरण परम्परा सुरू हुन्छ भने यो समय १९९५ सम्म निरन्तर रहन्छ । यस परम्परामा संस्कृत हिन्दी, उर्दु, फारसी, बङ्गाली आदि विभिन्न भाषामा लेकप्रिय रहेका लोकाख्यानहरू नेपालीमा रूपान्तरण गरिएको छ । नेपाली लोककथाको सङ्कलन तथा प्रकाशन गर्ने परम्पराको थालनी बोधविक्रम अधिकारीको नेपाली दन्त्यकथा (१९९६) बाट भएको हो भने यस परम्परालाई अघि बढाउने क्रममा थुप्रै विद्वान् तथा संस्थाहरूले योगदान पुऱ्याएको छन् । २०२६ सालदेखि नेपाली लोककथाको क्षेत्रमा सैद्धान्तिक अध्ययन विश्लेशण परम्पराको थालनी हुन्छ । यस कार्यलाई अघि बढाउने क्रममा तुलसी दिवस, धर्मराज थापा, हंसपुरे सुवेदी, काजीमान कन्दङवा, कालिभक्त पन्त, शिवकुमार श्रेष्ठ, राम विक्रम सिजापति, केयरसिंह गुरुङ, कृष्णप्रसाद श्रेष्ठ, मोतीलाल पराजुली आदिले महत्त्वपूर्ण योगदान पुऱ्याएका छन् भने त्रि.वि. नेपाली केन्द्रीय विभागले पनि उल्लेखनीय योगदान पुऱ्याएको छ ।

यस शोधपत्रको चौथो परिच्छेद ताप्लेजुङ जिल्लामा प्रचलित नेपाली लोककथाको अध्ययनमा नेपाली लोककथालाई पाँच वर्गमा वर्गीकरण गरी तत्त्वका आधारमा विश्लषण गरिएको छ । चौथो परिच्छेदमा पौराणिक, साँस्कृतिक र ऐतिहासिक लोककथाहरू रहेका छन् भने पाँचौं परिच्छेदमा सामाजिक र अलौकिक काल्पनिक लोककथाहरू रहेका छन् । यसरी एउटा शोधपत्रमा हुनुपर्ने सम्पूर्ण आवश्यक प्रविधि र उपकरणको प्रयोग गरी यस शोधपत्रलाई सुगठित, सङ्गठित र औपचारिक बनाईएको छ ।

### ६.२ निष्कर्ष

नेपाल अधिराज्यको पूर्वाञ्चल विकास क्षेत्रको मेची अञ्चलमा पर्ने ताप्लेजुङ जिल्ला भाषा संस्कृति र साहित्य तथा प्रकृतिक सौन्दर्य एवम् पर्यटकीय दृष्टिकोणले महत्वपूर्ण हिमाली जिल्ला हो । यस जिल्लामा प्रचलित नेपाली लोककथाको सङकलन गरी सौद्धन्तिक आधारमा वर्गीकरण तथा विश्लेषण गरिएको छ । ताप्लेजुङ जिल्लामा पाइने विभिन्न लोककथाहरूलाई चार भागमा वर्गीकरण गरी अध्ययन विश्लेषण गर्न सकिन्छ । यहाँ पाइने लोककथाहरूमा ऐतिहासिक, पौराणिक, सामाजिक, र अलौकिक काल्पनिक गरी चार किसिमका लोककथाहरू बढि मात्रामा प्रचलनमा रहेका छन् । ऐतिहासिक लोककथामा विभिन्न जातजातिका पहिचानका साथै पितापूर्खाले भोगेका सुखदुःखका कार्यहरूको चित्रण पाइन्छ । पौराणिक लोककथाहरूमा विभिन्न देवीदेवताको उत्पतिका बारेमा चर्चा परिचर्चा पाइन्छ भने सामाजिक लोककथाहरूमा ताप्लेजुङ जिल्लामा प्रचलनमा रहेको विभिन्न रीतिरिवाजका साथै सामाजिक मूल्य र मान्यतको चित्रण पाइन्छ । यस जिल्लामा प्रचलनमा रहेको अलौकिक काल्पनिक लोककथाहरूमा विभिन्न पशुपक्षी बोटविरुवा आदिको कथाहरू पाइन्छ । ती कथाहरू बढी उडन्ते र कल्पनामा आधारित रहेको पाइन्छ तापनि लोकबासीलाई सक्दो मनोरञ्जन प्रदान गर्ने किसिमका रहेका छन् । विभिन्न वर्गमा वर्गीकरण गरिएका कथाहरू ताप्लेजुङ जिल्लामा बसोबास गर्ने मानिसहरूको सुखदुःख उकालीओराली मेलापात गर्दा थकाइ मेटाउने एउटा भरपर्दो साधन बनेका छन् । ताप्लेजुङ जिल्लामा प्रचलनमा रहेका विभिन्न कथाहरु मध्ये अध्ययन विश्लेषणका लागि प्रतिनिधि

कथाका रुपमा चौध वटा लोककथाहरू परिच्छेद चार  र पाँचमा आख्यान तत्त्वको आघारमा बिश्लेषण गरिएको छ । पाथिभराको कथा, लिम्वुनी माछाको कथा, यलम्वर हाङको कथा, सिलीनाचका कथा, चाम्लिङको जोखाना , सोक्पाको कथा ,कुर्ले ढुकुरको कथा, सबैभन्दा ठूलो शत्रु, नौसिङगे राँगाको कथा, राक्षेसनी बुढीको कथा, कोइली चरीको कथा, उत्तीस र बाँसको कथा, चिन्द्रुक्पा चराको कथा, वाँदर र बाघको कथा आदि कथाहरु रहेका छन् । यी कथाहरुलाई कथानक, पात्र, परिवेश, द्वन्द्व ,कथोपकथन, भाषाशैली, उद्देश्य आदि आख्यान तत्त्वको आधारमा बिश्लेषण गरिएको छ ।

सम्भावित शोधशीर्षकहरू

(क) ताप्लेजुङ जिल्लामा प्रचलित लोककथाको समाज शास्त्रीय अध्ययन ।

(ख) ताप्लेजुङ जिल्लाका लिम्बू भाषामा प्रचलित लोककथाको अध्ययन र विश्लेषण  ।

**लोककथाका वाचकको सूची**

| क्र.सं | लोककथाको शीर्षक | वाचकको नाम | ठेगाना |
|---|---|---|---|
| १. | पाथिभराको कथा | केन्द्र विक्रम थलङ | नाङ्खोल्याङ -८ |
| २. | लिम्बूनी माछाको कथा | रोहीत थलङ | दोखु -९ |
| ३. | यलम्बर हाङ्को कथा | तेजप्रताप पतङ्वा | हाङदेवा -८ |
| ४. | सिलीनाचको कथा | जस्मीन राई | फुङलिङ -२ |
| ५. | चाम्लिङको जोखाना | भीमकला थलङ | दोखु -९ |
| ६. | सोक्पाको कथा | लक्ष्मी निरौला | हाङदेवा -७ |
| ७. | कुर्ले ढुकुरको कथा | केन्द्र विक्रम थलङ | नाङ्खोल्याङ -८ |
| ८. | सबभन्दा ठूलो शत्रु | नवीन राई | हाङदेवा -७ |
| ९. | नौसिङगे राँगाको कथा | केन्द्र विक्रम थलङ | नाङ्खोल्याङ -८ |
| १०. | राक्षसनी बुढीको कथा | भीमकला थलङ | दोखु -९ |
| ११. | कोइली चरीको कथा | केन्द्र विक्रम थलङ | नाङ्खोल्याङ -८ |
| १२. | उत्तिस र बाँसको कथा | रोहीत थलङ | दोखु -९ |
| १३. | बाँदर बाघको कथा | रमेश निरौला | हाङदेवा -७ |
| १४. | चिन्द्रुक्पा चराको कथा | उदय भट्टराई | दोखु -५ |

## सन्दर्भ सामग्री सूची


अधिकारी, प्रेमबहादुर, 'वागलुङ जिल्लामा प्रचलित नेपाली लोककथाको सङ्कलन र विश्लेणण', त्रि.वि.वि.मा प्रस्तुत अप्रकाशित स्नातकोत्तर शोधपत्र २०५८ ।

अर्याल, सुनिता, 'गोरखा जिल्लामा प्रचलित लोककथाहरूको सङ्कलन, वर्गीकरण र विश्लेषण', त्रि.वि.वि. मा प्रस्ततुत अप्रकाशित स्नातकोत्तर शोधपत्र २०६३ ।

खडका हीरा बहादुर, **नेपाली गाउँखाने कथा र लोककथा** काठमाडौंः अमर शमशेर ज.ब.रा प्रकाशन २०६३ ।

गिरी, जीवेन्द्रदेव, **लोक साहित्यको अवलोकन**, काठमाडौं : एकता बुक्स प्रकाशन, २०५७ ।

दिवस, तुलसी**, नेपाली लोककथा**, काठमाडौं : नेपाल राजकीय प्रज्ञा प्रतिष्ठान, २०३२ ।

................, संम्पा. **नेपाली लोक–संस्कृति संगोष्ठी** काठमाडौं : नेपाल राजकीय प्रज्ञाप्रतिष्ठान ( २०३२)

................., **नेपाली लोककथा : केही अध्ययन**, काठमाडौं : नेपाल राजकीय प्रज्ञाप्रतिष्ठान, २०३५ ।

पन्थी, दधीराम, **गुल्मेली लोककथाको अध्ययन,** त्रि.वि.वि. मा प्रस्तुत अप्रकाशित स्नातकोत्तर शोधपत्र २०६० ।

पराजुली, मोतीलाल, **नेपाली लोककथाका अभिप्रयायहरूको अध्ययन**, त्रि.वि. विधावारिधि शोधप्रवन्ध, अप्रकाशित, २०५४ ।

................., 'नेपाली लोककथाको सङ्कलन र अध्ययन परम्परा' **मधुपर्क**, २०५९ लोककथा विशेषाङ्क, पृ १२३ – १२८ ।

................., **सोरठी नृत्यनाटिकका : सैद्धानन्तिक अध्ययन**, काठमाडौं : दीक्षान्त पुस्तक प्रकाशन, २०६३ ।

पराजुली, कृष्ण प्रसाद, **नेपाली लोक–सस्कृति–संगोष्ढी,** काठमाडौं : नेपाल राजकीय प्रजा–प्रतिष्ठान, २०३२ ।

................, **नेपाली उखान र गाउँखाने कथा**, काठमाडौं : रत्न पुस्तक भण्डार २०४७ ।

................, **नेपाली उखान र गाउँखाने कथा,** दोस्रो संस्क., काठमाडौं : रत्न पुस्तक भण्डार, २०४७ ।

वन्धु चूडामणि, **नेपाली लोक साहित्य**, काठमाडौं : एकता वुक्स डिस्ट्रिब्युटर्स प्रा.लि. २०५८ ।

................., 'लोककथाको अध्ययनका सैद्धान्तिक आधारहरू' **मधुपर्क**, लोककथा विशेषाङ्क २०५९ पृ. ४३–४७ ।

भट्टराई, अनितादेवी, 'पाँचथर जिल्लामा प्रचलित लोककथाको सङ्कलन, वर्गीकरण र विश्लेण', त्रि.वि.त्रि. मा प्रस्तुत अप्रकाशित स्नातकोत्तर शोधपत्र २०६१ ।

भट्टराई, रमेशचन्द्र, 'अर्घाखाँची जिल्लामा प्रचलित नेपाली लोककथाको अध्ययन', त्रि.वि.वि. मा प्रस्तुत अप्रकाशित स्नातकोत्तर शोधपत्र २०६४ ।

भट्टराई, विश्वनाथ **लोक साहित्य टिपन – टापन** विराटनगरः प्रकाशन २०६४ ।

राई, रेनुका, 'नेपाली भाषामा प्रकाशित किराँती लोककथाहरूका वर्गीकरण र विश्लेषण', त्रि.वि.वि.मा प्रस्तुत अप्रकाशित स्नातकोत्तर शोधपत्र २०५८ ।

शर्मा, मोहनराज र खगेन्द्र प्रसाद लुइटेल, **लोकवार्ता विज्ञान र लोक साहित्य**, काठमाडौँ : विद्यार्थी पुस्तक भण्डार, २०६३ ।

वार्षिक मुख पत्र, जिल्लाको वस्तुगत विवरण ताप्लेजुङ : आर्थिक वर्ष २०६६/०६७ जेष्ठ ।